नेपाली
सांस्कृतिक जात्रापर्व

कुलचन्द्र कोइराला

कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठान प्रकाशनमाला- ८

नेपाली सांस्कृतिक जात्रापर्व

लेखक
कुलचन्द्र कोइराला

सम्पादक
श्रीमती इन्दिरा भट्टराई

प्रकाशक
कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठान
भीमसेनगोला, बानेश्वर
फोन नं. - ४७००८२

लेखक
कुलचन्द्र कोइराला

सम्पादक
श्रीमती इन्दिरा भट्टराई

संस्करण - प्रथम, वैशाख २०५२

प्रति - ११००

सर्वाधिकार - कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठानमा

आवरण कला - टेकवीर मुखिया

मूल्य रू. ५०।-

कम्प्यूटर - रोशन कम्प्यूटर बानेश्वर, काठमाडौं

मुद्रक - डेल्टा अफसेट प्रेस थापाथली, काठमाडौं

प्रकाशकीय

धर्मदर्शन र नेपाली संस्कृतिका विशिष्ट विद्वान् स्व. कुलचन्द्र कोइरालाले शास्त्रीय, ऐतिहासिक र परम्परागत पक्षको सूक्ष्म अवलोकनसाथ संक्षिप्तरूपमा तयार गरेका सांस्कृतिक जात्रापर्वसम्बन्धी सङ्ग्रह "नेपालको सांस्कृतिक जात्रापर्व" प्रकाशन गर्न पाएकोमा हामी हर्षित छौं । यस सङ्ग्रहमा परेका सामग्रीहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित र केही अप्रकाशित पनि छन् ।

नेपालको सांस्कृतिक धरोहरको रूपमा रहेका मठ, मन्दिर, चैत्य, देवल जस्ता पुरातन वस्तुहरूको जुन छुट्टै मौलिकता छ, तिनीहरूसँग सम्बन्धित जात्रापर्व जसरी नेपाली जनताको जीवनशैलीको रूपमा विकसित हुँदै आएको छ, ती कुराहरूको गहिरो जानकारी विश्वविद्यालयका प्राध्यापक र विद्यार्थीहरूलाई मात्र होइन सामान्य पाठकलाई पनि हुनु आवश्यक छ । यो पुस्तकले यस्ता कुराहरूको जानकारी गराउनेछ र नेपालका यी मौलिक सांस्कृतिक पक्षहरूतर्फ विदेशीहरूलाई रूचि पनि जगाउनेछ । यस्तो प्रकारको शोधपरक पुस्तकको अभाव खट्किरहेको बेला प्रस्तुत पुस्तकले त्यो अभाव पूरा गर्ने र यसको उचित मूल्याङ्कन पनि हुने कुरामा हामी विश्वस्त छौं ।

लेखकका छरिएर रहेका लेखहरूलाई सङ्कलन गरी सङ्ग्रहको रूप दिन सम्पादन गरिदिने श्रीमती इन्दिरा भट्टराईलाई साधुवाद । प्रतिष्ठानको कार्यकलाप र विद्वान् लेखकको परिश्रमप्रति सद्भाव राखी पुस्तक प्रकाशन गर्न उदारतापूर्वक सहयोग दिनुहुने श्री शङ्कर भण्डारीज्यू, श्री केशव फुयालज्यू, श्री शान्तेशमान सिंह प्रधानज्यू र श्री जगदीश के. सी. ज्यूलाई प्रतिष्ठानले धन्यवाद दिनु आफ्नो कर्तव्य सम्झेको छ । यो पुस्तक प्रकाशन गर्दा विविध कार्यमा सघाउनुहुने श्री पार्थमणि भट्टराई, श्री विष्णुविभु घिमिरे, श्री जीवनचन्द्र कोइराला तथा श्री हरि मन्जुश्रीको गुन पनि प्रतिष्ठानले मानेको छ ।

२०५२ वैशाख ३० गते

डा. सुरेशराज शर्मा
अध्यक्ष
कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठान, २०५०

सम्पादकीय

– पिताको पौरख पुत्रीले पारख गर्ने । फेरि धर्म-संस्कृतिजस्तो संवेदनशील विषयमा ? त्यो क्षमता-विद्वता भएर मैले सम्पादन गरेकी होइन । परमपूज्य पिताज्यूका अमर कृतिहरू विभिन्न पत्र-पत्रिकामा छरिएर टक्सिंदा त्यसै ओझेल पर्न सक्ने सम्भावना रहेकाले संग्रह गरी पुस्तकको रूप दिने जमर्को मात्रै गरेकी हुँ ।

– संस्कृति, चाडपर्व र जात्रासम्बन्धी पुस्तक अन्यान्य लेखकका पनि प्रकाशित छन् । किन्तु 'नेपाली सांस्कृतिक जात्रापर्व' को समष्टि क्षेत्र समेटेर शास्त्रीय तथा लौकिक परम्पराको प्रस्तुति भएको गहकिलो पुस्तक चाहिं यो अवश्य हुनेछ । किनकि उहाँका आजअघि प्रकाशित धर्म-संस्कृतिका ग्रन्थहरूले पाठकबाट ओजपूर्ण मूल्याङ्कन पाएको मैले अनुभव गरेकी छु । विषय गहन, चिन्तनमनन गहन भएर पनि प्रस्तुति सरल र सरस भएकाले सबै स्तरका पाठकलाई बुझ्न र मूल्याङ्कन गर्न आ-आफ्नै क्षमताअनुसार मौका मिल्नेछ ।

– अनौठा र आजअघि लिपिबद्ध नभएका सांस्कृतिक जात्रापर्वको चिनारी पनि यस संग्रहमा परेका हुँदा विस्तृत अनुसन्धान गर्न चाहनेलाई बाटो पहिल्याउने काम पनि यस पुस्तकले गर्नेछ ।

– यस संग्रहमा परेका सांस्कृतिक निबन्धबारे पाठकलाई सुसूचना दिनु मैले कर्तव्य सम्झेकी छु ।

१. 'धर्म, दर्शन र संस्कृतिका सम्वन्धमा' शीर्षक भूमिका साप्ताहिक 'नेपाली आवाज' का चार अङ्कमा विभिन्न शीर्षकले छापिएका थिए । ती चारैवटा शीर्षक झिकेर सम्पादकको हैसियतले यहाँ यो शीर्षक दिने धृष्टता गरेकी हुँ । यसो गर्दा लेखकले धर्म, दर्शन र संस्कृतिका सम्वन्धमा स्पष्ट पार्नुभएको प्रतीत हुन्छ र आफ्नो पुस्तकको आमुख लेखकले नै लेख्नुभएको लाग्दछ, जो विषयवस्तुसम्बद्ध छ ।

२. "इन्द्रजात्रा पर्व र यसको सांस्कृतिक महत्त्व, नेपालको सांस्कृतिक पर्व गाईजात्रा, सांस्कृतिक र लौकिक पक्षको समन्वयात्मक चाड तिहार, नेपालीहरूको महान् चाड दशैं, फागुपूर्णिमा र यसको सांस्कृतिक महत्त्व, नेपालीको महान् पर्व शिवरात्रि" रचनाहरू गोरखापत्र (२०४७-४९) मा सम्वन्धित चाडपर्वका सिलसिलामा प्रकाशित भएका थिए । यस्तै 'बझाङको

सस्कृतिमा मष्टो पर्व' कान्तिपुरमा, 'फर्पिङको हरिशङ्कर जात्रा' प्रज्ञामा, 'वाक्देवीको आराधना : सरस्वती पूजा' सम्प्रेषणमा, 'मत्स्येन्द्रनाथ र भोटो देखाउने जात्रा' गोरक्षसन्देशमा, 'गोदावरी तीर्थ र बाह्रवर्षे जात्रा' गवेषमा प्रकाशित रचनालाई यहाँ लिइएको छ । बाँकी शीर्षकका रचनाहरू 'साप्ताहिक नेपाली आवाज' मा प्रकाशित हुन् । लेखकको मूल पाण्डुलिपिको सहारा लिई केही संशोधित रचना यस संग्रहमा परेका छन् । यी रचना प्रकाशन गर्नुभएका सम्बन्धित पत्रपत्रिकाप्रति आभार व्यक्त गर्दछु । यी सबै रचना २०४७ सालदेखि २०४९ सालसम्ममा लेखकले लेख्नुभएको हो ।

– बुबाले विभिन्न पत्रपत्रिकाको अनुरोधमा धर्म र संस्कृतिका रचनाहरू लेख्नुभएको थियो र समयसमयमा प्रकाशित हुँदै पनि थिए । प्रकाशित रचनाहरू बुवाका हुन् (दीपक शर्मा, दीपक उपनामले पनि लेख्नुहुन्थ्यो) भन्ने लागेपछि चाख राखेरै पढ्न थालें । २०५० सालको जेठ १४ गते बुवाले चोला वदल्नुभयो । अब यस्ता रचना उहाँबाट पाउन सकिन्न । पत्रपत्रिकामा छरिएर रहेकालाई एकीकृत गरी पढ्न पनि सकिन्न । साथै विद्यार्थी, अन्वेषक र साधारण पाठकलाई उपयोगी हुने, संग्रह गरी पुस्तकाकार दिन पाए हामीलाई, राष्ट्रलाई काम लाग्ने थियो भन्ने लाग्यो । दाजु जीवनचन्द्र कोइरालाले हौसला दिनुभयो, सामग्री जुटाइदिनुभयो, हरेक प्रकारको सहयोग दिनुभयो र यस रूपमा यो पुस्तक तयार भएको छ । आशा छ, विषयगत क्षेत्रको खाँचो पूरा गर्न यस पुस्तकले भरथेग गर्ने नै छ । नीरक्षीरविवेकी पाठकबृन्दले नै यसको यथोचित मूल्याङ्कन गर्नुहुनेछ ।

– प्रातःस्मरणीय स्व. पिताज्यूको दोस्रो पुण्यतिथिको सम्मानमा भावद्रवित श्रद्धाञ्जलि अर्पण गर्दछु ।

श्रीमती इन्दिरा भट्टराई

बानेश्वर, काठमाडौं ।

धर्म, दर्शन र संस्कृतिका सम्बन्धमा

धर्म र दर्शन भन्नेवित्तिकै आजकलका व्यक्तिलाई ओठ लेब्र्याउने कुरा पर्छ । किनकि धर्म भन्ने कुराको मर्म थाहा नपाउने व्यक्तिलाई जोगी, सन्यासी, भिक्षुले रूप बदलेर हिंडेको, मागेर खाएको अथवा शिलामूर्ति दर्शन गर्न गएको याद आउँछ । आमाबाबु मन्दिर गएकोमा त त्यति छोराले भनि हाल्दैन होला, तर स्वास्नी पनि गएको अवश्य नै मन पराउदैन । त्यस्तै आजकल नैतिक शिक्षा शिक्षाको पाठ्यक्रममा राख्नु हुदैन, धर्मको गन्ध आउँछ भन्ने जमातको कमी छैन । ऊ जसले जे गरे पनि गर्न पाउनुपर्छ, फ्री समाज हुनुपर्छ, नैतिकताको गाँठोमा कसेको जीवन जिउने व्यक्तिले समाजमा केही गर्न सक्तैन भन्ने तर्क दिन्छ । कुरा एक किसिमले वेसही भन्न मिल्दैन । किनकि प्रजातन्त्रमा वहुमतको कदर गर्नुपर्छ र वहुसंख्यकले यस्तै चाहे भने त्यस्तै हुन्छ । हाम्रो आदिम समाज पनि त्यस्तै थियो । आजका विकसित भनिएका देशका सामाजिक बन्धन मन नपर्नेहरु पनि प्राकृतिक जीवन विताउनेतिर लम्केका छन् र कृत्रिमतादेखि वाक्क भएर प्राकृतिक युगबाट छुटकारा पाइनसकेका देशतिर स्वतन्त्र जीवन विताउन आउदैछन्, जसलाई हामी "हिप्पी" को संज्ञा दिन्छौं । त, त्यो पनि प्राकृत धर्म नै हो र उनको जीवन दर्शन 'बाँच्न्जेल मोज गर, मरेपछि डुमै राजा' भन्ने हो । हिन्दूहरुको दार्शनिक परम्परामा पनि लोकायत दर्शन थियो- 'यावत् जीवेत् सुखं जीवेत् ऋणं कृत्वा घृतं पिवेत् । भस्मीभूतस्य देहस्य पुनरागमनं कुत ?'

किन्तु, अघिका अधिकांश समाजले यस्ता कुरा सुनेनन् र त्यो दर्शन नै हरायो । त्यसपछि आठौं नवौं शतीको सिद्ध युगमा आमा भए पनि, बहिनी-दिदी भए पनि सबै स्त्री नै हुन्, जोसँग भोग गरे पनि फरक पर्दैन भन्ने सिद्धान्त जन्म्यो । यस्तो शिक्षा दिने व्यक्ति ठूला महात्मा सिद्ध भए र उनका कुरा केही समाजमा चले पनि । किन्तु त्यो पनि समाजका लागि पछि सह्य भएन । आजको नयाँ पिंढीले बुझेको 'धर्म' हिप्पीवाद पनि होइन र सिद्धवाद पनि होइन । साथै साधु, सन्यासी भएर भीख माग्ने र मन्दिर-मस्जिद जाने पनि होइन होला । स्वतन्त्र समाजको सिर्जना गर्न तम्सिएको जमातलाई स्वास्नीले 'मर्द फ्रेण्ड' खोजेको र छोराले लागू पदार्थ खाएको पनि मन पर्दैन होला । अनि प्रश्न गर्नुपर्छ के खोजेको भनेर । सोच्नुपरेको छ हामी कता जाँदैछौं भनेर ।

यी माथिका तीता टर्रा कुरा किन भन्नुपरेको भने- नयाँ पिंढीका मान्छेले धर्मको मर्म नबुझेकोले नै हो । हाम्रा शास्त्रमा 'धारणात् धर्ममित्याहु' भनिएको छ । अर्थात् सामाजिक जीवनमा खलल पर्न नदिन जुन नियमको पालना गरिन्छ, त्यो नै धर्म हो । आफूले कुनै धर्मको पालना गर्दा त्यसबाट अरूलाई असर पर्नु हुँदैन ।

त्यस्तो सर्वमान्य नियमको पालना गर्नु नै धर्म हो । व्यक्तिगत रूपमा कोही जोगी हुन्छ, सन्यासी हुन्छ वा भिक्षु बन्छ त्यो उसको खुशी हो । त्यसबाट अरूलाई कुनै फसाद पर्दैन । सन्यासी देखे पनि, भिक्षु देखे पनि तपाईं हाम्रो छोरा त्यस्तै भएर खान चाहँदैन । तर हिप्पीको सङ्गतमा पऱ्यो भने ह्यासिस, ब्राउन सुगर आदि लागू पदार्थ खान सिक्छ र बाबुको धन पनि सकिदिन्छ, आफ्नो जीवन पनि स्वाहा पार्छ । साथै सजिलै पाइने बजार- युवतीलाई बुहारी बनाएर भित्र्याइदेला । के त्यस्तो कुरा सहजै स्वीकृत गर्न आज नैतिक शिक्षा र धर्मलाई अफीमको नशा ठान्ने समाज तयार छ ?

हामी आर्य जातिको धर्म त्यति साँघुरो छैन । धर्म, जीवनको एउटा सुनिश्चित कार्यक्रम हो । एउटा सामाजिक जीवन जिउने राम्रो बाटो पनि हो । यो व्यापक भएकोले नै समाजमा स्वेच्छाले कोही मन्दिर जान्छ, कोही जाँदैन, कोही जोगी हुन्छ, राम राम भन्छ, कोही भन्दैन । तर दुष्कर्म गर्दैन, अनैतिक कर्मलाई पाप सम्झेर पर हट्छ । यस्तो सामाजिक मर्यादा, जसलाई हिन्दू धर्मले धर्म भन्छ, लाई पालना गर्दा के आपत्ति हुन्छ र ! यसैभित्र हाम्रो दर्शनको जग लागेको छ ।

पुरातन कालदेखि विश्वमा अनेकन् धर्म चलेका थिए । मानिसले जङ्गली अवस्थाबाट सभ्यताको खुड्किलोमा पाइला राख्यो, अनि आफूलाई असहाय अवस्थामा पायो । ऊभन्दा बलिया विश्वमा थुप्रै कुराहरु थिए । ठूला नदीनाला, ठूला वृक्ष, पहाड, जङ्गल, आँधी, पानी, बादल, वर्षा आदिसँग मान्छेको जोड पुग्दैनथ्यो । यी कुराहरु भयावह थिए र मान्छेको बुद्धिले विचार गर्न पार पाइसक्नु भएन । अनि आफूले आँक्न नसकिने प्राकृतिक कुरालाई प्रारम्भिक सभ्यताका मान्छेले देवता सम्झ्यो र पूजा गऱ्यो, मानभाउ गऱ्यो । पछि पछि मान्छेका कल्पनाले अदृश्य देवता- पानी, बतास, मेघ, बिजुलीको पनि रूप कल्पना गरी मूर्ति कुँदन थाल्यो । भयबाट जन्मेका देवता पनि डरलाग्दा आकृतिका नै कल्पित भए र प्रेमका देवता चाहिं सुन्दर बनाइए । विश्वमा सबैभन्दा पुरानो मानिने सभ्यतामा यस्तै डरलाग्दा आकृतिका देवताहरुका मूर्ति बनेको पाइन्छ ।

मिश्रकै अनुकरण र आफ्ना कल्पनाशक्तिद्वारा बनाइएका मूर्तिहरु सुमेरू, बेबिलोन, मेसोपोटामियामा पनि बने र पूजिए । त्यसपछि ईशापूर्व पाँचौं-छैठौं

शताव्दीतिर सभ्यता विकास गर्ने यूनान लघु एशियामा मूर्तिकलाको निकै विकास भयो, जसको प्रसारण यूरोप तथा रोम साम्राज्यमा भयो ।

किन्तु वैदिक देवतालाई मान्यता दिने आर्य सभ्यताले चाहिं मूर्तिपूजालाई धेरै कालसम्म स्वीकार गरेन । वैदिक धर्म अरू धर्मभन्दा विकसित थियो । ऋग्वेदकालभन्दा पूर्व नै आर्यजाति चिन्तनशील भएर निस्क्यो । यो सृष्टि कसरी भयो, कसले गऱ्यो, सृष्टिका मूल तत्व के के हुन्, के नभए प्राणी बाँच्न सक्तैन आदि कुराको चिन्तनपछि आर्यहरुले तेजतत्व अर्थात् अग्नि, सूर्य, विद्युतलाई मुख्य तत्व भनेर माने । अनि यज्ञद्वारा पृथ्वीका मूल तत्व मानिएका अग्निदेव, जो सूर्यकै एक अङ्ग हुन्, लाई नै मुख्य देवता मानेर उनैलाई हवन-पूजनद्वारा खुशी पार्ने र अग्निमा विविध खाद्य सामग्री हवन गरेर अरू देवतालाई खुशी पार्ने कर्म अपनाए । साथै मूलभूत प्राकृतिक तत्व- हावा (जो नभई मान्छे बाँच्नै सक्तैन), पृथ्वी (जसको आधारमा प्राणी उभिन्छ), पानी (सबैलाई नभई नहुने वस्तु) र आकाश (जो अनन्त छ र जसमा सूर्य, चन्द्र, तारागण र प्राणदायिनी शक्ति बोकेको वायुमण्डल आश्रित छ) लाई पनि आर्यहरुले देवताकै मान्यतामा राखे ।

घडा देखेपछि यो बनाउने पनि कोही हुनैपर्छ भनेझैं यत्रो सौरमण्डल र पृथ्वी, एवं अन्य तत्वको आविष्कारक कोही हुनुपर्छ, यसलाई यताउता हुन नदिई सृष्टिक्रम चलाउने कुनै नियामक हुनुपर्छ भन्ने कल्पनाशक्तिद्वारा चिन्तन बढाउँदै लगेर ईश्वरीय सत्ताको मान्यतामा विचार पुऱ्याए ।

लगातार चिन्तन बढाउँदै लगेको, भौतिक सुखभोगप्रति उदासीनता र आवश्यकताभन्दा बढी कुरामा लालायित नहुने विचार र त्यस्तै साहित्यको सिर्जना गर्दै लगेर मानवीय भावनाको विकास गर्दै अगाडि बढ्दै गएकोले वैदिक धर्म, जसलाई इतिहासकालदेखि नै निरन्तर चल्दै आएको हुनाले सनातन धर्म पनि भनिन्छ, आजसम्म जीवन्त छ । ससारका पुरातन धर्मसंस्कृति र देवताहरू आज इतिहास र पुरातात्विक विषयमा मात्र जीवित छन् । धर्म र संस्कृतिको लोप भएपछि जातिको अस्तित्व पनि लोप हुन्छ । यसैले मिश्र, बेबिलोन, मेसोपोटामियाका जातिहरु पाइँदैनन् । आफ्नो धर्म, संस्कृति र साहित्यको सुरक्षा र संवृद्धि गर्न नसकेकोले आर्यमूलका हित्ती, मित्तानी, कस्सी जाति पनि मासिए । तर वैदिक आर्यहरु आज पनि जीवित छन् र रहन्छन् पनि ।

धर्म र संस्कृति अन्योन्याश्र विषय हुन् । धार्मिक भावना, धार्मिक आचरण र धार्मिक संस्कारबाट नै संस्कृतिको मौलिक धरातल खडा हुन्छ र त्यसमा संस्कृतिको परिगणना गर्दा पनि हिन्दू संस्कृति, मुस्लिम संस्कृति, इशाई संस्कृति जस्तै अन्य लोकधर्म मान्ने जातिहरूको पनि धार्मिक मान्यताको आधारमा संस्कृतिको गणना गर्न सकिन्छ । यसबाहेक देशका नाउँबाट पनि संस्कृतिको

गिन्ती गरिन्छ । परन्तु एउटा राष्ट्र वा देशमा अनेकन् संस्कृतिहरू हुन्छन् । हामी नेपाली संस्कृतिको नाउँले व्यापक संस्कृतिको परिचय त दिन्छौं तर यसबाट संस्कृतिको यथार्थ रूप परिभाषित हुँदैन । आफ्ना परम्परागत रीतिरिवाज, जातिका विभिन्न संस्कार, खानपान, विवाह, जन्ममृत्यु आदिमा गरिने कार्यहरूले गर्दा नेपाली संस्कृतिभित्र अनेक भिन्नता पाइन्छ । नेपालमा हिन्दू धर्म मान्नेहरूको बाहुल्य छ । यिनीहरूको विवाह, ब्रतबन्ध, छेवर, पास्नी, न्वारन आदि जन्मदेखि मृत्युसंस्कार र मरेपछि पितृका नाममा गरिने तीर्थश्राद्ध, एकोदिष्टश्राद्ध, पार्वणश्राद्ध आदि कर्महरू पितृहरूका लागि गरिन्छ । त्यस्तै वर्ष दिनभरि पर्ने तिथि, वार, महिनाका आधारमा गरिने ब्रत, पूजा, जात्रापर्व, देवी-देवताका पूजा-उपासना आदि अनेकन् विषयहरू पर्दछन् । त्यसबाहेक बौद्ध धर्मावलम्वीहरूका आफ्नै रीतिरिवाजहरू छन् । त्यसभित्र पनि हीनयानी, महायानी तथा वज्रयानीहरूका आ-आफ्ना प्रकारका विधिविधान छन् भने तिब्बती लामावाद, मंगोलिया, जापान आदि मुलुकका बुद्ध धर्मभित्र पनि सांस्कृतिक तत्वहरूको पृथकता हुन्छ । धर्म पछि ग्रहण गरिने विषय भएकोले त्यसका अनिवार्य रूपमा गरिने संस्कार र आचारको पालना त गरिन्छ नै । साथै, प्रत्येक जातिमा अनादिकालदेखि चल्दै आएका जातिगत विशेषताहरू पनि हुन्छन्, जसलाई केवल धर्मको नाउँले संस्कृतिको व्याख्या गर्न मिल्दैन । उदाहरणको लागि तिब्बतमा चार पाँच भाइले एउटी पत्नी राखेर व्यवहार चलाउने संस्कृति छ र उनीहरू बुद्ध धर्म मान्दछन् । तर काठमाडौंभित्र बस्ने महायानी र वज्रयानी बुद्धिष्टहरू आजभन्दा ५०/६० वर्ष अगाडिसम्म एउटी पत्नी लुकेर बिहा गर्थे । अर्थात् बुद्ध धर्म भनेको भिक्षु धर्म ग्रहण गर्नु हो । भिक्षुले स्त्री सम्पर्क गर्न निषेध छ । यसैकारण पुरानो समयमा लुकेर रातीराती पत्नी ल्याउने र घरमा आएकी बधूले पनि विवाहिता स्त्रीको आचरण नगर्ने गर्थे । यसैले बाँडाहरूका कन्याहरू गणकुमारीको रूपमा राखेर पुजिने र कुमारी जीवन बितेपछि गरिने यौन सम्पर्क (विवाह कर्म) कुमारी पूजित भइसकेकाको निम्ति आवश्यक थिएन ।

यस्तै नेपालभित्र इस्लाम धर्मका अनुयायीहरू पनि प्रशस्त छन् । उनीहरू विवाहको निम्ति केवल दूध बार्दछन् । अर्थात् एउटै लाम्टो चुस्ने दाजुबहिनीको मात्र विवाह हुन सक्दैन । जेठा-कान्छा बाबुका छोरीसँग विवाह हुनसक्छ । यो अरबको प्राचीन सभ्यतादेखि नै चलेको रीति हो । रक्त शुद्ध राख्ने भनेर ईशापूर्वको सभ्यतामा आफ्नै दिदी-बहिनीसँग मात्र विवाह गर्ने चलन मिश्र (इजिप्ट) देशको राजवंशमा चलेको थियो । राजाले गरेको कुरा अरू जनताले नगर्ने कुरै भएन । यही देखासिकीमा ई. पू. १४/१५ सय वर्षतिर टर्की, इराकमा शासन गर्ने भितन्नी, हित्ती जातिले पनि बहिनीसँग बिहा गर्ने रीति चलाए ।

भितन्नी, हित्ती जाति आर्यमूलका खस गण थिए । देवता भने उनीहरूका वैदिक देवता इन्द्र, वरुण, मित्र, नासत्यौ आदि नै थिए भन्ने कुरा प्राचीन अभिलेखबाट थाहा पाइन्छ । एउटै इस्लाम धर्म मान्ने विभिन्न देशमा भाषा, भेषभूषा, परम्परागत रीतिरिवाज भिन्नाभिन्नै पनि पाइन्छन् । अत: धर्मले मात्र होइन देशको पुरानो कुराले पनि संस्कृति फरक पर्छ ।

धर्म र संस्कृति मानवीय जीवनका अनिवार्य विषय हुन् । आजको कोरा भौतिकवादी दर्शनमा आस्था राख्ने मान्छे धर्मको नाउँ सुनेर नाक चेप्र्याउँछ, धर्मको खिल्ली उडाएर हाँस्छ । संस्कृति भन्ने कुरा स्वीकार गरेपछि संस्कृतिको इतिहास र विकासको ज्ञान राख्दैन र संस्कृतिको मर्म बुझ्दैन । तर उसलाई मानवीय धर्म चाहिं चाहिन्छ । सबै मानवले समान सुविधा पाउनुपर्ने, स्वतन्त्र भएर बाँच्न पाउनुपर्ने भनेर माग गर्छ । तर यस अधिकारको माग गर्दा भने प्राकृतिक न्यायको कुरा गर्छ । किन्तु प्राकृतिक न्याय वा विज्ञानको मार्मिक तत्व हो साना माछालाई ठूलो माछाले खानु, निर्धालाई बलियाले थिचोमिचो गर्नु, अथवा ठूलो तत्वले सानो तत्वलाई आत्मसात् गर्नु अथवा एउटाको अन्त्य भएर अर्को मोटाउनु आदि । उपर्युक्त सिद्धान्त र मानवता, मानव स्वतन्त्रता भन्ने वस्तु दुई विरोधी कुरा हुन् । प्राकृतिक न्यायको सिद्धान्तलाई मानवीय भावनाले प्रतिरोध गर्दै संस्कृतिको विकास भएको छ । प्राकृतिक न्यायमा नाङ्गै जन्मन्छ, बाँच्नको लागि अरूको शिकार गर्छ र आफूभन्दा बलियाको फेला परे आफू पनि स्वाहा हुन्छ । अत: आफू पनि बाँच, अरूलाई पनि बाँच्न देऊ भन्ने सिद्धान्त सम्पूर्ण रूपले प्राकृतिक न्यायभित्र पर्दैन ।

हिन्दू धर्मले धर्म शव्दको व्याख्या गर्दा "धारणात् धर्ममित्याहु" भनेर मान्छेले सामाजिक जीवन जिउन आवश्यक पर्ने सबै नियमलाई धर्म मानेको छ । राम, कृष्ण, शिव आदि देवताको पूजा, उपासना गर्ने कुरा त पवित्र राखिछाड्न गरिने कुरा हुन् । ईश्वरीय शक्तिप्रति आस्थावान् व्यक्तिबाट दुष्कर्महरु हुँदैनन् । कसैको आश्रय र डरबाट मान्छे नियमभित्र बाँधिएर बस्छ, मानव जातिको सामाजिक रचना स्वस्थ, नियमित र परोपकारी बन्छ । यसैबाट सभ्यता विकसित हुँदै जान्छ ।

अरू अरू मानव जातिका राम्रा र असल गुणहरु अंगिकार गरेर आफूमा मिलाउनु, आफ्ना समाजमा चलेका नराम्रा कुराहरु पन्छाउँदै लानु र स्वच्छ सभ्यताको विकास गर्दै जानु नै संस्कृति हो । धर्म भनेको मानवले विकास गर्दै लानुपर्ने असल कुरा हुन् । भगवान् बुद्ध भन्नुहुन्थ्यो- 'सबै प्राणीमा दया गर, हिंसा नगर, साँचो बोल, चोरी नगर, अनावश्यक कुरा र कुनै कुरा पनि बढी संचय नगर, अर्थात् लोभ नगर ।' भगवान् बुद्धको धर्मदेशना भनौं, महात्मा महावीरको धर्मोपदेश भनौं, यिनै कुरा हुन् । हिन्दू धर्मका धर्मशास्त्रकार मनुको

धर्मका दश लक्षणभित्र पनि यिनै कुरा पाइन्छ । यस्ता धर्मका कुरालाई नबुझेर धर्म नमान्ने भन्ने व्यक्तिहरुको सामाजिक संरचना कस्तो होला त ?

संस्कृति भनेको यस्तै मान्छेले पालना गर्नुपर्ने नियम, सदाचार पालना गर्दा विकसित भएको समाज, जसमा समानता, एकता, भातृता आदि गुणको विकास हुन्छ र काँधमा काँध मिलाएर समाज अघि बढ्छ । यसरी विकसित भएको संस्कृति नै उच्च र स्थायी संस्कृति हो, जसलाई धर्म भनिएका नियमले टेवा दिएर अगाडि बढाउँछन् । यसले जाति र देशको परिचय संसारलाई दिएर आफ्नो अस्तित्व बचाउँछ ।

– **लेखक**

कुलचन्द्र कोइराला

विषय-सूची

क्र. सं.	विषय	पृष्ठ
१.	वाक्‌देवीको आराधना : सरस्वती पूजा	१
२.	इन्द्रजात्रा पर्व र यसको सांस्कृतिक महत्त्व	९
३.	नेपालीहरूको महान् चाड दशैं	२२
४.	सांस्कृतिक र लौकिक पक्षको समन्वयात्मक चाड तिहार	३२
५.	फागुपूर्णिमा र यसको सांस्कृतिक महत्त्व	४०
६.	नेपालीको महान् पर्व शिवरात्रि	४७
७.	नेपालको सांस्कृतिक पर्व गाईजात्रा	५१
८.	मत्स्येन्द्रनाथ र भोटो देखाउने जात्रा	५९
९	बझाङको संस्कृतिमा मष्टो पर्व	६४
१०.	फर्पिङको हरिशङ्कर जात्रा	६८
११.	गोदावरी तीर्थ र बाह्रवर्षे जात्रा	७८
१२.	वैशाख महिनाका धार्मिक पर्वहरू	८२
१३.	नागपञ्चमी पर्व	८६
१४.	कृष्णजन्माष्टमी पर्व	८८
१५.	वर्षायामको पर्व हरिशयनी एकादशी	९०
१६.	नारीहरूको विशेष पर्व तीज र पञ्चमी	९२
१७.	देशोद्धार पूजा	९५
१८.	सनातनी परम्परामा पितृसंस्कार	९९
१९.	माघ महिनामा पर्ने पर्वहरू	१०५
२०.	उपत्यकाको सांस्कृतिक परिवेशमा बिस्केट र अन्य जात्रा	१११

वाक्देवीको आराधना : सरस्वती-पूजा

आर्य संस्कृतिमा वाक्देवीको विशिष्ट महत्त्व छ । वैदिक संहितामा सर्वप्रथम हामी वाक्देवीको महत्त्वलाई व्याख्या गरिएको पाउँछौं ।

मानवीय शक्तिको रूपमा रहेकी वाक् शक्तिको विषयमा पनि ऋगवेदमा नै चिन्तन गरिएको छ । आप्रीसूक्त (ऋ . १।१८८।८ तथा ऋ. २।१।११ र २।३।८ एवं ऋ. ३।४।८) आदि मन्त्रहरूमा यज्ञ देवताको रूपमा इडा, भारती सरस्वतीको उल्लेख भएको पाइन्छ । आचार्य सायणले आप्रीसूक्त (ऋ. १।१८८।८) को भाष्यमा इडा पृथ्वीलोककी, भारती, आदित्यसम्वन्धिनी (अन्तरिक्षकी) र सरस्वती द्युलोक (स्वर्ग) सम्बन्धिनी देवीको रूपमा व्याख्या गरेका छन् । शतपथ ब्राह्मण ग्रन्थ (३।९।१।७) मा 'वाक् नै सरस्वती हुन् र मन्त्र, मन्त्रांश एवं वाक्यस्वरूपा देवीलाई वाक् भनिन्छ' इत्यादि भनिएको छ । आमा, नदी र देवी रूपमा पनि सरस्वतीको प्रार्थना गरिएको छ ।

ऋग्वेदका अन्य मन्त्रहरूमा वाक्रूपा शव्दशक्तिको वर्गीकरण गर्दै भनिएको छ- वाणी चार प्रकारकी छन्, जसलाई मेधावी ऋषिहरूले जान्दछन् । तीमध्ये तीन चाहिं शरीररूपी गुफामा अन्तर्निहित छन् र प्रकाश हुँदैनन् । चौथा वैखरी नाम गरिएकी वाणी (वाक्) मानिसहरूले वोल्दछन् ।

शव्दरूप ब्रह्म भनेर हिन्दूदर्शनद्वारा व्याख्या गरिएको सर्वोच्च तत्त्व नै 'वाक्' र परा, पश्यन्ती, मध्यमा, वैखरी, चार प्रकारको अवस्थामा वाक्शक्तिको व्याख्या गरिएको छ ।

वैखरी वाक् स्पष्ट ध्वनिलाई भनिन्छ । शव्दरूपमा सवै किसिमका ध्वनिको व्यक्तता वैखरी हो । मध्यमा वाक् त्यो शव्दशक्तिलाई भनिन्छ, जो ध्वनिरूपमा प्रकट हुने स्थितिमा घाँटीभित्रै रहन्छ । स्पष्ट ध्वनिको अपेक्षा सूक्ष्म स्थितिमा रहेको एवं सूक्ष्म प्राणशक्तिद्वारा परिचालित भएर वक्ताको बुद्धिमा मात्र प्रतिभासित अवस्थालाई 'मध्यमा वाक्' भनेर विद्वान्हरूले व्याख्या गरेका छन् ।

मध्यमा वाक्‌भन्दा पनि सूक्ष्मतर अवस्थाको शब्दावस्थालाई 'पश्यन्ती वाक्' भनिन्छ । जुन अवस्थामा वर्णको क्रम, आदिको चिन्तन पनि भइसकेको हुँदैन त्यो अवस्था चला, अचला दुवै हुनसक्छ । शब्दको अभिव्यक्तिमा गति हुन्छ, अतः चला भन्न सकिन्छ । परन्तु आफ्नो विशुद्ध रूपमा वाक् निःस्पन्द रहन्छ र यस अवस्थाको द्योतनमा अचला पनि भनिन्छ ।

त्यसभन्दा पनि सूक्ष्मतम अवस्थाको वाक् शक्तिलाई 'परा वाक्' भन्ने चलन छ । चार प्रकारका वाक्‌शक्तिको वर्णन तांत्रिक दर्शनमा भएको छ । तान्त्रिक दर्शनका व्याख्या गर्ने आगम शास्त्रले पनि वाक्‌शक्तिलाई चार प्रकार– परा (१) पश्यन्ती (२) मध्यमा (३) वैखरी (४) रूपमा विभाजन गरेको छ । तीमध्ये पहिलेका तीन वाक्‌शक्ति शरीरको मेरूदण्डबीच रहेकी सुषुम्ना नाडी (नशा) मा गुप्तरूपले रहेका छन् र जो अप्रकाशित छन् । चौथा बैखरी नामकी वाणी कण्ठ, तालु, दन्त, ओष्ठ आदिको स्पर्श गर्दै उच्चारित भएर व्यक्त ध्वनिको रूपमा प्रकाशित हुन्छिन् ।

किन्तु शब्दाद्वैत सिद्धान्तका व्याख्याता भर्तृहरिभने तीन किसिमको मात्र वाक्‌शक्ति मान्दछन् । अर्थात् पश्यन्ती वाक् जो निःस्पन्दरूपमा अवस्थित छ । तीभन्दा परको कल्पना गर्नुपर्ने आवश्यकता छैन भन्ने भर्तृहरिको कथन छ ।

भर्तृहरिको विचार स्फोटरूप शब्द नै एक मात्र सत्य पदार्थ हो र सम्पूर्ण जगत् यही स्फोटको निवर्तमान हो भन्ने छ । वैयाकरणहरू यही शब्द ब्रह्मलाई नै परब्रह्म भन्छन् । शब्द ब्रह्म या अक्षर ब्रह्मको रूप नै पश्यन्ती वाक् हो र अखण्ड, अभिन्न तथा चैतन्यरूपा पनि यिनै हुन् । अतः अद्वयतत्त्व पनि यिनै वाक् हुन् ।

ऋग्वेदकै अर्को मन्त्रमा भनिएको छ– 'जुन वाग्देवी दीप्तीमती छन्, देवतालाई आनन्ददायिनी छन् ती देवी चारै दिशाका भोग्य वस्तु अन्न, जल, फूल, फलरूपी दूध दिएर इहलोकको भोगका साथै निष्काम मनले सेवा गर्ने ज्ञानीहरूलाई निःश्रेयस (मोक्ष) फल पनि दिन्छिन् । देवताहरू जुन प्रकाशमान वाग्देवीलाई उत्पादन गर्दछन् (बोल्दछन्) ती विश्वरूपा (नादरूपा) वाणी पशुहरू पनि बोल्दछन् । यस्ती हर्ष, अन्न,

रस, जल दिने धेनु (दुहुनी गाईस्वरूपिणी) मानेर स्तुति गरिएकी वाग्देवी हामीहरूको सन्निकट आऊन् ।

उपर्युक्त मन्त्रहरूको व्याख्या गर्दा पनि वाग्देवीको विशेष महत्त्व बारेमा थाहा पाइन्छ । यसै आशयलाई पुराण तथा आगम शास्त्रहरूले विस्तृत व्याख्या गरेर सरस्वतीको दशनाम निर्धारण गरिएको छ-

महाविद्या, महावाणी, भारती, वाक्, सरस्वती ।
आर्या, ब्राह्मी, कामधेनु वेदगर्भा च धीश्वरी ॥

– वैकृतिकरहस्ये ।

वाणी नै विद्या हुन् । अन्य नामहरू पनि शक्तिको काम अनुसार नै नाम निर्धारण गरेको पढ्न पाइन्छ । अठार विद्याकी अधिष्ठात्री महाविद्या हुन् ।

अठार प्रकारका विद्यालाई ६४ कलामा विभाजित गरिएकोले अठार विद्यामा पनि चौसट्ठी भेद छन् । ६४ कला विद्याकी अधिष्ठात्री देवी पनि सरस्वती हुन् ।

"सरणात् सर्वदृष्टानां कथितैषा सरस्वती ।"

– योगवासिष्ठ ६(२) ८४।१२

अर्थ– सम्पूर्ण सृष्टि जसबाट जन्मन्छ ती नै सरस्वती हुन् ।

यस्तै भारद्वाज भन्दछन्–

या वसेत् प्राणी जिह्वासु सदा वागुप वर्तनात् ।
सरस्वतीति नाम्नेयं सदा ख्याता महिर्षिभिः ॥

– भा. स्मृ.

(वाणीरूप भएर सम्पूर्ण प्राणीहरूको जिह्वामा निवास गर्ने शक्तिलाई महर्षिहरूले सधैं सरस्वती नाउँले पुकारेका छन् ।)

ब्राह्मी– ठूलो शरीर भएकी, प्रमाणले नाप्न नसकिने ठूली र व्यापकरूपा भएकीले ब्राह्मी भनिन्छिन् ।

कामधेनु– "वाचं धेनु मुपासीत' (बृहदारण्यकोपनिषद् ५।८।१) अर्थात् धेनु भनेकी दुहनी गाईजस्तै धेरै दूध दिने हुन्छिन्, त्यस्तै उपासक भक्तलाई अनेक फल दिने भएकीले सरस्वतीको नाम कामधेनु रहेको कुरा वैदिक साहित्यले नै पुष्टि गर्दछ ।

वेदगर्भा– वेदगर्भा नाम पनि वाग्देवीको पाइन्छ र सम्पूर्ण वेदमन्त्रहरू जसबाट उत्पन्न हुन्छन् ती नै देवी वेदगर्भा हुन् ।

धीश्वरी- बुद्धिरूपिणी अथवा गायत्रीरूपिणी वाग्देवीको नाउँ नै धीश्वरी हो भनेर व्याख्या गरिएको छ ।

यसरी सृष्टिका प्रत्येक पदार्थमा सन्निहित शक्ति, गुण, तात्विक-मण्डन र विखण्डनमा प्रकृतिरूपिणी शक्तिको अविच्छेद्य सम्बन्ध रहेको छ भन्ने ज्ञान प्राचीन महर्षिहरूले वैदिक कालमा नै प्राप्त गरिसकेका थिए । सम्पूर्ण विद्या र कला चैतन्यरूपा शक्तिको प्रतिरूप हो भन्ने कुरा पनि प्राचीन महर्षिहरूले वैदिक चिन्तनबाट थाहा पाए । ऋग्वैदिक ऋषिहरूका चिन्तन क्रममा प्रतिभासित वाक्शक्तिको महत्ता अन्य वैदिक संहिता, ब्राह्मण ग्रन्थ एवं उपनिषद् कालमा पनि अक्षुण्ण रहँदै आयो । त्यस्तै आगम तथा पुराण, इतिहासमा पनि महर्षिहरूले व्यापक रूपमा चर्चा गरे ।

वैदिक वाक्देवी नै पछिल्लो कालमा विभिन्न शक्तिरूपा भइन् । महाकाली, महालक्ष्मी, महासरस्वती आदि शक्तिको उद्भावना यिनै वाग्देवीबाट भएको छ ।

पौराणिक कालमा वाग्देवीका विभिन्न नामहरू रहे । सरस्वती, शारदा, वागीश्वरी आदि नामबाट पुकारिने वाग्देवी नै ज्ञान, विज्ञान, कला-कौशल आदि समस्त विद्याकी अधिष्ठात्री देवीको रूपमा पूजित छन् । नील सरस्वती, आर्य मंजुश्री आदि नामले बौद्धजगतमा पनि सरस्वतीदेवी आराध्या छन् र नामान्तर नै भए पनि जैनपरंपरामा पनि सरस्वती उपास्या छन् ।

चैतन्यरूपा वाक्शक्ति शब्द रूपमा प्रकट भएर विभिन्न ज्ञान, विज्ञान स्वरूपिणी विद्याको रूपमा मानिसको अन्तरभित्र प्रवेश गर्दछिन् र विद्वान् बनाउँछिन् । शब्दरूप सरस्वती पुस्तकमा अंकित छिन्, जुन पुस्तकहरू पढेर मानिसले अनेक कुरा जान्न सक्छ । अत: सरस्वतीको मुख्य स्वरूप हामी पुस्तकहरूलाई मान्दछौं र पुस्तकालय नै सरस्वतीको मुख्य निवासस्थान हो भन्नुपर्छ ।

सरस्वतीको मूर्ति कल्पना गरी स्थापना गरिएका मन्दिरहरू पनि छन् । जहाँ सरस्वतीका मूर्तिहरू स्थापित छन् त्यहाँ वीणा, पुस्तक,

स्फटिकमाला तीन हातमा र चौथो हात अभय मुद्राले युक्त, कमलपुष्पमाथि विराजमान सरस्वतीको ध्यान एवं वन्दना गर्ने गरिएको पनि पाइन्छ ।

पुस्तक ज्ञान विज्ञानको प्रतीक हो भने समस्त संगीत विद्याको प्रतिनिधित्त्व वीणाले गर्छ । स्फटिकमाला एवं अक्षमाला शब्दरूपमा प्रतिभासित हुने अक्षर ब्रह्मको प्रतीक हो भने अभयमुद्राले समस्त लोकलाई अभयदान गर्छ ।

सफा शुद्ध निर्गुणतत्त्व नै श्वेतवर्ण हो जो अनादि र रागरहित छ । अक्षमाला हातमा लिएकी श्वेत हंसको वाहन भएकी शुभ्रवसना र श्वेत वर्णकी सरस्वतीको कल्पना गरिएको हुन्छ । अथवा श्वेतवर्णा, श्वेतवसना, वीणा, पुस्तक, स्वच्छ र शान्तिको प्रतीक, ज्ञानको प्रतीक, श्वेतवसना छन् सरस्वती । उनको वाहन हंस छ । संस्कृतमा हंस शब्दको अर्थ हुन्छ- सूर्य, प्राण, आत्मा, हाँस, विष्णु, कामदेव, ईर्ष्या-द्वेपरहित व्यक्ति आदि । सूर्य पनि विश्वका प्राणतत्त्व नै हुन् । ब्रह्माको वाहन पनि सेतो हाँस नै मानिन्छ । पानी र दूध छुट्याउने भनेर पनि हाँसलाई प्रतीक अर्थमा नै लिइएको होला । प्राणरूप (हंस) मा विराजमान, चैतन्यरूपा वाग्देवीको अर्थ परिलक्षियत गर्न सरस्वतीको रूप कल्पना गरिएको छ मूर्तिहरूमा ।

वैदिक ऋपिहरूका पवित्र नदी थिइन् सरस्वती । सरस्वती नदीका किनारमा बसेर चिन्तन गर्ने महर्पिहरूले नै अनेकन् वैदिक संहिताका मंत्रहरू साक्षात्कार गरे, ब्राह्मण तथा उपनिपद् साहित्यको निर्माण र चिन्तन गरे । विद्याको चिन्तन मनन गर्ने महर्पिहरूका निम्ति जीवनदायिनी, वुद्धिदायिनी यिनै सरस्वती नदी थिइन्, जसलाई उनीहरूले अत्यन्त पावना र वुद्धिविद्याकी अधिष्ठात्री देवीकै रूपमा माने । संभवत: वाग्देवीको सरस्वती नामकरण यसै आधारमा भयो होला । इसवी सन्को शुरूतिर नै काश्मीर पनि विद्याको केन्द्र बनिसकेको थियो । त्यहाँको शारदा पीठ एवं सरस्वती कुण्डको मध्यकालसम्म नै प्रसिद्धि थियो । ठूला विद्वान्हरूले रचना गरेका काव्य शास्त्र एवं अन्यान्य ग्रन्थको उच्चताको परीक्षार्थ, यही सरस्वती कुण्डमा डुबाइन्थ्यो, अथवा शारदा मठमा राखेर परीक्षा गरिन्थ्यो भन्ने अनुश्रुति छ ।

लिच्छविकालमा नेपाल उपत्यकाको विद्या केन्द्र लेम्वटी भन्ने ठाउँमा थियो जसलाई आजभोलि 'लेले' भनिन्छ । त्यहाँको सरस्वतीकुण्ड तथा ज्ञानकुण्डको पानी पिएपछि लाटो पनि बोल्छ, मूर्ख पनि विद्वान् बन्दछ भन्ने जनविश्वास थियो र आज पनि यस विश्वासअनुसार त्यहाँ दर्शनस्पर्शन गर्न जाने व्यक्तिको मेला लाग्दछ । जहाँको पानी पिएर पढ्ने व्यक्ति अगणित रूपमा विद्वान् भएर निस्कन्थे, त्यस्तो गुरुकुल अथवा विद्यालयको नजीक रहेका कुण्डको महिमाप्रति जनताको विश्वास हुनु आश्चर्य हुँदैन ।

हाम्रो उपत्यकाभित्र प्रशस्तै सरस्वतीका मन्दिर एवं मूर्तिहरू छन् । तीमध्ये पशुपति देवपत्तनको 'जयवागीश्वरी' मन्दिरलाई हामी पुरातन मान्न सक्छौं । लाजिम्पाटकी साखुना सरस्वती, बल्खुकी सरस्वती, फर्पिङकी पंकी सरस्वती, चाँगुकी अपराजिता सरस्वती, प्राचीन सरस्वती स्थान हुन् भनिन्छ । त्यसबाहेक मध्यकालीन सरस्वती पीठ पनि प्रशस्तै छन् । जहाँ जहाँ विद्यापीठ हुन्थे र पठनपाठनको कार्य हुन्थ्यो, त्यहाँ सरस्वतीका मूर्तिहरू स्थापना गरिन्थे । लाजिम्पाट विद्याको केन्द्र थियो कुनै बेला । त्यस्तै फर्पिङको विद्यापीठ पनि एघारौं शदीतिर प्रसिद्ध थियो । जहाँ देश-वाहिरका प्रशस्त विद्यार्थीहरू अध्ययनको लागि आउँथे । फर्पिङमा नालन्दा आदि विश्वविद्यालयका द्वारपण्डित तथा अध्यापक भएको ऐतिहासिक प्रमाण पनि पाइन्छ ।

सरस्वतीको वास्तविक मूर्ति नै भन्ने हो भने हामी पुस्तकालयलाई मान्न सक्छौं । अनन्त ज्ञान गुण दिने विद्या पुस्तकमा नै लेखिएका हुन्छन् र जसको अध्ययन मननले नै मानिस विद्वान् हुन्छ । अक्षररूपा सरस्वतीको ध्वनिरूप शब्द र शब्दको संचयद्वारा बनेका वाक्यांश तथा वाक्यद्वारा प्राप्त हुने ज्ञान नै विद्या हो । अतः वास्तविक सरस्वतीको रूप पुस्तकालयलाई नै मान्नुपर्छ । जहाँ सरस्वतीका मूर्ति चित्रहरू पाइँदैनन् त्यस ठाउँमा पुस्तकरूपा सरस्वतीको नै पूजा उपासना गरिन्छ । यही नै साक्षात् प्रतिमापूजा पनि हो ।

आधुनिक कालमा धार्मिक तथा सांस्कृतिक कुराहरूमा रूपान्तरण हुँदै गएको छ । सरस्वतीको उपासना, वन्दना रूपमा नभए पनि ज्ञान, विज्ञान, वौद्धिक विकास गर्ने साधन पुस्तक हुन् र पुस्तकको अध्ययन

मननले सामाजिक चेतना जागरित हुन्छ भन्ने भावना सबैमा रहेको छ । अत: सामाजिक शिक्षाको विकासमा पुस्तकालयको सर्वोपरि स्थान छ भन्ने कुरा सोचेर यसको निम्ति युवावर्ग सक्रिय पनि छ । पुस्तकालय, बाचनालयहरूको स्थापना गरेर शिक्षामा रुचि बढाउनेतर्फ आजको पुस्ता प्रयत्नशील रहेको पाइन्छ । यो नै वास्तविक सरस्वतीको अर्चना हो ।

माघ शुक्ल पञ्चमी (श्रीपञ्चमी)

माघ शुक्ल पञ्चमीलाई श्रीपञ्चमी भनिन्छ र यो दिन सरस्वतीको जन्मजयन्तीको रूपमा नेपालभरि नै मानिन्छ । भगवती सरस्वतीको वीणा, पाणि, स्फटिकमाला, पुस्तक र अभय वा वरद् मुद्राले युक्त सुन्दर मृण्मयमूर्ति बनाई स्थापना गरिन्छ । हाम्रा तराईको क्षेत्रमा पर्ने समस्त विद्यालयमा धूमधामसँग शिक्षक, विद्यार्थी र ग्रामवासीहरू मिली सरस्वतीको वन्दना, पूजाआजा गर्छन् । धेरै किसिमका रोटी, मिठाई बनाएर प्रसाद बाँड्न स्कूल पाठशालामा होड नै चलेको हुन्छ । छात्रछात्राहरूको निम्ति सरस्वती पूजा निकै महत्त्वपूर्ण मानिने पर्व हो ।

काठमाडौंमा भने मीनपचासको छुट्टी पर्ने हुँदा स्कूल कलेजको उत्सव शून्यजस्तै हुन्छ र साथै आजकल बोर्डिङ्ग स्कूलहरूको प्राधान्य रहेको र त्यसका शिक्षकहरूमा हिन्दू बाहेकका धर्ममा आस्था राख्ने व्यक्तिहरूको वाहुल्य भएकोले श्रीपंचमीको महत्त्व धार्मिक आस्था राख्ने व्यक्तिहरूको घरमा मात्रै सीमित हुन पुगेको छ । घरघरमा भने सरस्वती-पूजा र पुस्तक-पूजा गरिदैछ । यस पञ्चमीलाई वसन्त पञ्चमी पनि भन्दछन् । शिशिर ऋतुभित्रै पर्ने भए पनि यस पञ्चमीदेखि वसन्त ऋतुको आगमन हुने बेला अर्थात् जाडो सकिएर गर्मीयाम शुरू हुने दिनको रूपमा लिइन्छ । हाम्रो धार्मिक परम्पराअनुसार हनुमानढोकाका दरबारमा श्री ५ बाट वसन्तश्रवण गरिबक्सन्छ र वसन्तश्रवणका विविध विधान सम्माननीय वडागुरुज्यू तथा मूल पुरोहितज्यूबाट सम्पन्न हुन्छ । फागु पूर्णिमामा हुने होलिकोत्सव पर्वको शुरूआत यसै वेलादेखि हुन्छ ।

प्राचीनकालमा श्रीपञ्चमीका दिन 'मदनोत्सव' नामक पर्व धूमधामसँग मनाइन्थ्यो । राजा महाराजाहरूका दरवारमा मदनोत्सवका लागि जोडतोडसँग पूर्वतयारी हुन्थ्यो र घना जङ्गल अथवा ठूलो बगैंचा, जहाँ सुन्दर लतागृहहरू बनेका हुन्थे, मा मदनोत्सव पर्व मनाउन अभिजात वर्गका सुन्दर नारीहरू, राजदरवारका रानी, महारानी, केटी

सुसारेहरू, शहरवासी श्रेष्ठीकुलका महिलाहरू जम्मा भएर रति र कामदेवीको अर्चना वन्दना गर्दथे । आठ हात भएका कामदेव र सुन्दर रतिको मूर्ति निर्मित गरी गरिने यस महोत्सवमा नृत्यगोष्ठी, पानगोष्ठी, गान तथा वाद्यगोष्ठीहरू गरिन्थे । रङ्गका पचकाहरू, अवीर, गुलाल र अत्तरहरूको घसाघस, संलेपन, मर्दन तथा हास्यकेलिले गुञ्जायमान यस महोत्सवमा मधुपानले उन्मत्त नायिकाहरूको नृत्य, क्रीडा, चुम्बन, संश्लेषण र आलिङ्गनले वर्तमान युगको 'डान्स' लाई पनि मात गर्थ्यो ।

उन्मुक्त जीवन बिताइने कुनै पनि महोत्सव वैभवशाली परिवारको निम्ति अत्यन्तै आनन्ददायक हुन्छ भन्ने कुरामा दुई मत नहोला । मदनोत्सव, जसलाई 'वसन्तोत्सव' नामले पनि भनेको पाइन्छ, पुरातन युगका राजा-महाराजा एवं सामन्त कुलका लागि निकै महत्वपूर्ण मनोरञ्जन गरिने पर्व हो । तर आजको समाजमा भने त्यस पर्वको नामसम्म पनि मानिसले बिर्सिसकेका छन् । कौमुदी महोत्सव, मदनोत्सव र शालभञ्जिमहोत्सव आज प्राचीन साहित्यमा मात्रै जीवित छन् र ती पर्वहरूको विस्तृत कार्यक्रम तथा विशेषता पनि हामीलाई थाहा छैन ।

परन्तु वसन्तश्रवणको परम्परा र सरस्वतीको पूजा उत्सव भने आज पनि ठाउँठाउँमा गरिदैछ । नेपालमा हिन्दू तथा बौद्ध दुवै समाजले सरस्वती पूजा गर्छन् । विद्याकी अधिष्ठात्री देवी सरस्वतीको दर्शन पूजा गर्ने परम्परा नेपालमा छँदैछ । उपत्यकावासीहरू श्रीपञ्चमीका दिन स्वयम्भू स्थान नजीक रहेको सरस्वतीको दर्शनार्थ जाने गर्छन् । बौद्धहरूले मञ्जुश्रीको नामले पूजावन्दना गर्ने चलन छ ।

देवताप्रतिको आस्था मानिसहरूको श्रद्धा र भक्तिमा रहेको हुन्छ । नामले जेसुकै भने तापनि विद्याकी देवीको रूपमा नै सरस्वती र मञ्जुश्री सम्मानित छन् र एउटै मूर्तिको विभिन्न नामले पूजा गरिनु नेपाली संस्कृतिको विशेष पक्ष हो ।

इन्द्रजात्रा पर्व र यसको सांस्कृतिक महत्व

वैदिक परम्परामा इन्द्रको निकै महत्त्व छ । ऋग्वेदकालमा इन्द्र, शिव विष्णुभन्दा पनि प्रमुख देवता मानिन्थे । धन पाउँ भन्ने र गाँसवास, सुखसमृद्धिको लागि, युद्धविजय र सहकालको निम्ति पनि इन्द्रसँग प्रार्थना गरिएका अगणित मन्त्रहरू ऋग्वेदमा संकलित छन् । इन्द्रलाई आव्हान गरेर, उनीहरूसँग वल मागेर असुरसँग युद्ध गरी लडाई जितेको पनि इन्द्रले नै युद्ध गरी जितेको भन्ने आर्यहरू ठान्दथे । ऋग्वेदकालमा भरत कुलका दिवोदास, वध्रयश्व, सुदास आदि राजाले चालीस वर्षको लामो युद्धपछि असुरराज शम्वरलाई उसको ९९ दुर्ग तोडी परास्त गरेका थिए । त्यस अवधिमा शम्बरको अतिरिक्त धुनि, पिप्रु चुमुरि आदि अन्य गढ पति असुरराजलाई पनि विजय गरेका थिए । तर यो विजयको सम्पूर्ण श्रेय तत्कालीन ऋषिमुनिहरूले देवराज इन्द्रलाई नै दिएर इन्द्रलाई नै "पुरन्दर" (गढ ध्वस्त गर्ने) भन्ने नाम दिए । उनैको पराक्रम संझे ।

वृत्रासुर नामका असुरलाई इन्द्रले नाश गरेको कथा पुराणहरूमा पाइन्छ । तर वेदको संहिताका मन्त्रहरूको अनुशीलनवाट भने, वादल स्तंभन गरेर वृष्टि (वर्षा) रोक्ने वृक्षलाई मारेर इन्द्रले वर्षा गराएको, सुभिक्ष गराएको कथा ज्ञात हुन्छ । यसरी वृष्टि वादलका देवता, युद्धविजय गरिदिने देवता, धन, धान्य, पशुधन दिने देवता भएकाले देवकालीन समाजमा इन्द्रको स्थान देवताहरूमा सर्वोपरि थियो । मेघहरू उनका आज्ञाकारी थिए । मरूत् गण (हावा आँधी तूफानका देवता) इन्द्रका सहचारी र आज्ञापालक थिए । यसकारण, मानव जीवनका लागि भौतिक सुख सुविधा प्रदान गर्ने, अचेतनलाई चेतन बनाउने तथा सूर्य, अग्नि, तारागण एवं स्थावर-जङ्गम आदि प्राणीलाई आ-आफ्नो काममा नियुक्त गर्ने, सर्वोच्च शक्तियुक्त देवता इन्द्र नै भएकोले इन्द्रप्रशंसा, स्तुतिगान र उनका क्रियाकलापको वर्णन गर्ने एक चौथाइ मन्त्रहरू ऋग्वेदसंहितामा संकलित छन् ।

इन्द्रको निम्ति नै वेदकालमा ठूलाठूला यज्ञहरू गरिन्थे । सोमरस पिउन र यज्ञमा अर्पण गरिएको हवि, बलि ग्रहण गर्न इन्द्रलाई आव्हान गरिन्थ्यो । अनेकन पशुहरू यज्ञको निम्ति मारिन्थे र इन्द्रको निम्ति हवन गरिन्थे र अरु संहिता, यजुर्वेद, सामवेद र अथर्ववेदमा पनि इन्द्रको महत्त्वमा कमी आएन । त्यसपछि बनेका शतपथ, ऐतरेय, ताण्ड्य, पंचविंश आदि ब्राह्मणग्रन्थमा पनि इन्द्रको महत्त्व घटेन । किनभने ब्राह्मणग्रन्थहरू वेदको यज्ञपरक व्याख्या गर्ने ग्रन्थ थिए ।

उत्तर वैदिककाल खास गरेर उपनिषद्कालीन ऋषिहरूको चिन्तनले भने नयाँ वाटाहरू खोजे । यसवेला आर्यजातिहरू पंजाव सप्तसिन्धु प्रदेशबाट पूर्वतिर वढ्दै उत्तर भारतको उर्वरा क्षेत्रमा आवाद भए र पूर्वी समुद्रको छेउसम्म नै फैलिएका थिए । अव उनीहरूलाई घर वास, चरन र कृषिकार्यको लागि उत्तम जमीनको अभाव भएन । यी क्षेत्रहरू कव्जा गर्दा अनेकन आदिवासीको जनपदसँग भीषण संघर्ष गर्नु पर्‍यो होला । निरीह प्राणीको हत्या, निर्वासन पनि भयो होला । सो अनुभवले आर्यहरूको चिन्तन प्रक्रियाले नयाँ मोड लियो । कलिङ्ग युद्धको नरसंहारले सम्राट् अशोकको चित्त अहिंसातिर उन्मुख भएझैं ढाल, तरवार वोकेर देवतासँग वल मागी युद्धमा अगुवा हुने ऋषिका सन्तानहरूको पनि चित्तवृत्ति अहिंसातिर आकृष्ट भयो । यसवेलाका राजा महाराजाहरू पनि अहिंसाको गुणगान गर्न थाले । कुरूराज, काशीराज प्रतर्दन, विदेहराज जनक आदि राजाहरू नै अव ऋषिहरूलाई अहिंसाको पाठ पढाउँदै अध्यात्म विद्याको शिक्षा दिन थाले । वैदिक कर्मकाण्डको एकदम निषेध गर्न भने मिल्दैनथ्यो । किनकि वेद, आदिम सभ्यताको उच्चतम साहित्य र धर्मग्रन्थ थियो र उपनिषद्का चिन्तनसामग्री पनि वेदबाटै निःसृत थिए । आत्मा, परमात्मा, ईश्वर, सृष्टि, प्रलय आदिको चिन्तन विन्दु वेदमा नै भए पनि भौतिक आवश्यकता परिपूर्ति गर्न र शान्तिसँग बाँच्नको निम्ति निरन्तर संघर्षरत हुनुपर्ने वेलामा औपनिषदिक चिन्तनतिर ध्यान दिन संभव पनि थिएन । किनभने यस समयमा भौतिक कुराको अभाव थिएन ।

उत्तर भारतका उर्वरा भूभागमा जमेर आर्यराजाहरूले राज्य गर्न थालेको सहस्रौं वर्ष बित्यो । धनधान्यले राज्यहरूका प्रजागण, सुखी

सम्पन्न थिए । ऋषिमुनि नयाँ चिन्तनमा व्यस्त थिए । यज्ञयागादिमा अनेकन् विधिविधानको जटिलता थपिदै गएकोले राजा महाराजा एवं ठूला धनीले मात्र यज्ञ गर्न सक्थे । यज्ञमा सहस्रौं प्राणीको वध गर्नुपर्थ्यो । यसकारण, यज्ञप्रतिको चाख घट्दै गएको थियो । देवता खुशी गर्न अहिंसात्मक पूजाआजा फलफूल तथा मिष्टान्नबाट पनि सकिन्छ भन्ने धारणा मानिसहरूमा बढ्दै गए तापनि बलिदानद्वारा सम्पादन गर्नुपर्ने वैदिक यज्ञको विरोधमा अहिंसात्मक यज्ञ सम्पादन गर्नु गराउनु निकै ठूलो क्रान्तिकारी कदम भएकोले कसैले आँट गरेका थिएनन् । वेदकालीन सभ्यताको शुरूमा आर्यजनपदको राजा भएर प्रथम शासन गर्ने मनुको सूर्यवंशी तथा चन्द्रवंशी सन्तानको लगभग सय पुस्ता बितिसकेको थियो । यसै वेला चन्द्रवंशी राजाको कुलमा "वसु" नामका प्रतापी राजा भए । जसको राज्य, चेदिदेश (हालको बुन्देल खण्ड) मा थियो र वर्तमान मगधसम्म उनको प्रभुत्व थियो । उनले नै पहिले वर्षा, बादल, सहकालका देवता इन्द्रको निम्ति अहिंसात्मक यज्ञ गरे । अनेक मिष्टान्न फलफूल, दूधदही, घिउ, खीर आदिको हवि अर्पण गरेर सम्पादन गरिएको यज्ञले महाराज देवराज इन्द्र अति नै खुशी भए र दर्शन दिए । त्यसपछि एउटा बाँसको अग्लो इन्द्रध्वज पनि वसुलाई दिएर भने, "प्रतिवर्ष मेरो यो असुर विजयी ध्वजा गाढेर मेरो पूजा आराधना गर्‍यौ भने तिम्रो राज्यमा सधैं सहकाल हुनेछ, रोगव्याधि हुने छैन, शत्रुविजय हुनेछ र सबै किसिमका सुख सुविधा प्राप्त हुनेछन् । तिमीलाई म आकाशचारी यो विमान दिन्छु । यसमा चढेर तिमी जहाँ तहाँ घुम्न सक्नेछौ ।" यति भनेर इन्द्रले वसुलाई विमान पनि दिए । त्यो विमान चढेर आकाश घुम्दा उनी वसु उपरिचर (आकाश माथि घुम्ने वसु) को नाउँले प्रख्यात भए । इन्द्रले दिएको अग्लो वंशदण्ड शरद् ऋतुमा बाजागाजाका साथ शहरभित्र हुलेर आफ्ना दरबारअगाडि लगेर एक हप्तासम्म इन्द्रको पूजा गरी ढाल्ने चलन चलाए । वसुको इन्द्रध्वजा समारोहले बढेको बल-प्रताप देखेपछि अरू राजाहरूले पनि इन्द्रध्वजा खडा गरी इन्द्रको पूजा उपासना गर्न लागे । महाभारत आदि पर्वको यो कथालाई समर्थन गर्ने अरू पुराण, धर्मशास्त्र आदि थुप्रै साहित्य छन् । राजा वसु युधिष्ठिरका पाँच पुस्ता अगाडिका राजा प्रतीपका समकालिक तथा राजा शन्तनुका

शुरूकालतिरका देखिन्छन् । भारतीय ज्योतिषको गणनाअनुसार, ईशापूर्व २५ सय वर्षअगाडि वसु उपरिचरको समय पर्छ र त्यस वेलादेखि समस्त आर्य राजाहरूले यो परंपरा धुमधामसँग मनाउँदै आए ।

बाल्मीकिले आफ्नो रामायणमा बालि वाण लागेर ढल्दा इन्द्रध्वजा ढलेझैं ढल्यो भन्ने उल्लेख गरेका छन् । ईशापूर्व आठौं शदीको संकलन 'अथर्व परिशिष्ट' भन्ने ग्रन्थमा इन्द्रध्वजा खडा गरेर गरिने यज्ञको वर्णन छ ।

इ.पू. दोस्रो शदीको सङ्कलन भनेर इतिहासविद्हरूले ठहराएको नाट्यशास्त्र, मनुस्मृति आदि ग्रन्थमा पनि इन्द्रजात्राको प्रसङ्ग पाइन्छ । सबैजसो धर्मशास्त्र पुराणहरूमा पनि यसको चर्चा छ र पाँचौ शदीका आचार्य वराहमिहिरले "वृहत्संहिता" भन्ने ग्रन्थमा इन्द्रध्वजा खडा गर्ने विधि विधान र ध्वजापताकाबारेमा एक अध्याय नै लेखेका छन् । पुरातनकालमा शरद् ऋतुदेखि वर्षारंभ मानिन्थ्यो । आजसम्म पनि दक्षिण भारतका केही देशमा र बनियाँहरूको बही खातामा तथा यहाँ चलेको नेपाल सम्वत्को पनि शरद् ऋतु अर्थात् कार्तिक शुक्ल परेवादेखि नयाँ वर्ष चलाउने स्थिति कायम नै छ । यसै इन्द्रजात्रा पर्वको समारोह गर्न खोज्ने नन्दगोपाललाई इन्द्रको पूजा गर्न नदिएर कृष्णले गोवर्धनको पूजा गराए । वादल वर्षाका देवता इन्द्रले पानी पारेनन् भने घाँसपात पल्हाउँदैन, अन्न हुँदैन भन्ने नन्दलाई कृष्णले भनेका थिए- "पानी पार्नु उनको काम हो । हामी पशुचारक जातिलाई इन्द्रको के महत्त्व ! हाम्रो सुरक्षा गर्ने वृन्दावनको पहाड गोवर्धनको पूजा गरौं ।"

कृष्णको कुरा मानेर गोवर्धनपूजा गर्दा इन्द्रले आफ्नो अपमान संझी सातदिने झरी पारेर गोकुल नै डुबाइदिए । तर कृष्णले गोवर्धन पहाडमुनि राखेर गोपगणको सुरक्षा गरेको थाहा पाएर इन्द्र, कृष्णको शरणमा आए । भाइको नाता लगाएर कृष्णलाई 'उपेन्द्र' भनी अभिषेक दिएर भने - वर्षा र शरद् ऋतुका जम्मा चार महिना मेरो पूजा पर्वका लागि थिए । अबदेखि शरद्का दुई महिना तपाईंलाई दिएँ । मेरो लागि वर्षा ऋतु मात्रै बाँकी रह्यो । कृष्णले पनि इन्द्रलाई उनको पूजा पर्व चलि नै रहने आश्वासन दिएर विदा गरे । हरिवंश आदि पुराणको यो कथावाट के ज्ञात हुन्छ भने असोज पूर्णिमामा हुने गरेको इन्द्रजात्रा कृष्णको

समयदेखि भाद्रशुक्लमा हुन थाल्यो । साथै त्यस कथावाट के थाहा हुन्छ भने राजा, महाराजा, सामन्त, शासक, पशुपालक जातिका मुखियाहरू पनि समयसमयमा पानी परोस्, सहकाल होस्, आँधिवेहरीले दुःख नदेओस् भनी इन्द्रको पूजा (इन्द्रजात्रा) गर्थे । कृष्णले चलाएको गोवर्धन पूजाचाहिं कार्तिक शुक्ल परेवाका दिन गरिदैछ ।

बुद्धकालीन र जैनकालीन समाजमा पनि धुमधामसँग इन्द्रजात्रा गरिन्थ्यो भन्ने कुरा वौद्ध तथा जैन साहित्यबाट थाहा हुन्छ । अनुसन्धाता डा. वासुदेवशरण अग्रवाल, पुरातनकालका जात्राहरूमा इन्द्रमह (इन्द्रजात्रा) खन्द मह (कुमारजात्रा) यक्ष मह र भूतमह, यी चारलाई ठूला उत्सवमा गन्दछन् । इ.पू. दोस्रो शदीका भासले वालचरित्र नाटकमा, पहिलो शदीका शुद्रकले मृच्छकटिक नाटकमा, कालिदासले रघुवंश चौथो सर्गमा इन्द्रजात्राको प्रसङ्ग उल्लेख गरेका छन् । यसरी पुरातनकालदेखि राजारजौटा, जनपदका मुखिया, कृषक वर्ग आदिले युगौंदेखि चलाउँदै आएको इन्द्रजात्रा पर्वले समाजमा व्यापकता पाएको थियो । खेतीपातीका कष्टकर दिनको समाप्तिपछिको हरियालीले कृपकको मन आनन्दित भएको वेलामा हुने यो पर्वका आठ दिनले पूजाआजा, नाचगान, भोजभतेरले समाजको मनोरन्जन गर्थ्यो भने समय समयमा वर्षा भएर वाली राम्रो हुने, रोगव्याधिको डर नहुने, राजको श्रीवृद्धि, विजय, कीर्ति हुने राजाका राजा इन्द्र खुशी हुने चाडको रूपमा इन्द्रजात्राको महत्त्व रहेकोले यसको निरन्तरतामा त्रुटि भएन ।

नेपालमा इन्द्रजात्रा

नेपालमा गोपाल, महिषपालले यो जात्रा अवश्य नै गर्दथे होलान् । किरातकालमा के गर्थे निश्चित भन्न सकिंदैन । किन्तु कोली, वज्जी, लिच्छविहरू साम्राज्यवादीको चपेटामा परी यो उपत्यकामा ई.पू. चौथो शदीतिर नै पसेका हुँदा र तत्कालीन समाजमा कृषिकै प्राधान्य हुँदा इन्द्रको पूजा (इन्द्रजात्रा) हुँदैनथ्यो भन्न सकिंदैन । तेस्रो शदीको शुरूमा सत्तामा देखिएका भारतका गुप्तराजाहरूमा यो परंपरा रहेको तत्कालीन साहित्यवाट थाहा हुन्छ भने यहाँ लिच्छविहरूको प्रवेशपछि इन्द्रजात्रा हुन्थ्यो भन्ने कुरा किटेर भन्न सकिन्छ । राजा अंशुवर्माको 'लेले

अभिलेख' बाट यसको पुष्टि हुन्छ र पूर्व तथा पश्चिम मल्लकालमा पनि इन्द्रजात्रा धुमधामसँग गरिन्थ्यो भन्ने कुरा पुराना वंशावली, ठ्यासफु, अनुश्रुतिबाट थाहा हुन्छ । इतिहासशिरोमणि बाबुराम इन्द्रजात्रा लिच्छविकालदेखि चलेको मान्नुहुन्छ र आजभोलि लिङ्गो उभ्याउने ठाउँमा नै इन्द्रध्वजा उभ्याइन्थ्यो भन्ने तर्क पनि उहाँको छ । साथै यम्वु (काठमाडौंको नेवारी नाम) रहेको कारण पनि उहाँ इन्द्रध्वजा उठाइने ठाउँको अपभ्रंशमा बनेको उल्लेख गर्नुहुन्छ ।

लिच्छविकालीन राजदरवारहरू कहाँ कहाँ थिए, त्यो कुरा किटेर भन्न अझै सकिएको छैन । मल्लकालको राजधानी भक्तपुर तथा पाटन पनि थियो र काठमाडौं पनि । वनेपाले पनि राजधानी बन्ने सौभाग्य पाएको थियो । दोलखा, फरपिङ पनि सामन्त राजाहरूका राजधानी थिए । अतः कुनै वेलामा ती राजधानीभित्र पनि इन्द्रध्वजा खडा गर्ने चलन थियो । इन्द्रजात्राका चाड भने पाटन, भक्तपुर, वनेपा, धुलिखेल, दोलखा आदि ठाउँमा अझ पनि मनाइदैछ ।

काठमाडौंको वस्ती ठूलो पारी राजधानी बनाउने उत्तरकालीन लिच्छविराजा गुणकामदेव (ई. १०००) हुन् भन्ने थाहा हुन्छ । नेपालका वंशावलीहरूको अध्ययनबाट वर्तमान हनुमान ढोका दरवारलाई पुरानो ठ्यासफुमा गुन पो (गुण दरवार) भन्ने उल्लेख गरिएको पाइनुले गुणकामदेवलाई नै त्यस दरवारको निर्माता मान्नुपर्ने हुन्छ । शहर वसाउँदा शहरको माझमा दरवार बनाउने र दरवार बन्ने ठाउँअगाडि इन्द्रध्वजा खडा गरेर मात्र अरू काम गर्ने पुराना वास्तुशास्त्रको कथन भएकोले वर्तमान इन्द्रध्वजा खडा गर्ने ठाउँमा ध्वजा खडा गरेर दरवार बनाएछन् भन्ने कुरा थाहा हुन्छ । पाटनको राज्य फुटेपछि त्यहाँ पनि इन्द्रजात्रा गरिन्थ्यो । राजा योगनरेन्द्र मल्ल र ऋद्धि मल्लको अभिलेखबाट पनि पाटनको इन्द्रजात्रावारे थाहा हुन्छ भने जयशक्तिदेव र यक्ष मल्लका अभिलेखबाट भक्तपुरको परंपरा ज्ञात हुन्छ । राजा प्रताप मल्लले यस जात्रालाई रमणीय बनाउन विश्वरूप मूर्ति बनाए जो आजभोलि पनि प्रदर्शन गरिन्छ । वरिपरिका देवालयमा दीपमालिका गर्ने तेलको निम्ति गुठी पनि राखेका छन् । इन्द्रजात्राको उल्लेख भएको अभिलेख,

पार्थिवेन्द्रको पनि छ र इन्द्रजात्राको पर्वलाई झन् रमाइलो वनाउन जयप्रकाश मल्लले कुमारीको रथयात्रा गर्ने परंपरा पनि चलाए ।

श्री ५ वडामहाराजाधिराज पृथ्वीनारायण शाहले यही जात्राको दिन, शहरवासी जात्राको रमाइलोतिर लागेको वेला काठमाडौं प्रवेश गरी जयप्रकाश मल्ल वस्न ठीक पारेको गद्दीमा विराजमान भए । शहरमा वरिपरि ३ वर्षसम्म नाकावन्दी हुँदा पनि प्रतिकार गर्न नसकेकोले काठमाडौंका जनताको विश्वास जयप्रकाशले गुमाइसकेका थिए । श्री ५ पृथ्वीले उपत्यकावासीको धर्म, संस्कृति, परम्परालाई यथावत् स्वीकृति दिई सुरक्षा प्रदान गरेकोले जनभावना प्रतिकूल भएन । श्री ५ प्रतापसिंह शाहवाट यस जात्रालाई प्रश्रय दिइयो । तीन वर्षदेखि नाकावन्दीमा परेका जयप्रकाशले वाहिरवाट लिङ्गो काटेर ल्याउन नसक्ता लिङ्गो उभ्याउने काम भएको थिएन । श्री ५ पृथ्वीनारायणले धेरै वर्षदेखि नुवाकोटलाई राजधानी वनाएकोले इन्द्रध्वजोत्थान उहीं गरिन्थ्यो । श्री ५ प्रतापसिंहको पालादेखि काठमाडौं नै मुख्य राजधानी भएको भक्तपुरअन्तर्गतको नालाको वन पनि काठमाडौंकै भएकोले त्यहींवाट लिङ्गो ल्याई काठमाडौंमा ध्वजोत्थान पुनः शुरु गरिएकोले कुनै कुनै वंशावलीले प्रतापसिंहकै पालादेखि मात्र लिङ्गो उभ्याउने चलन चलेको कुरा लेखेका छन् ।

श्री ५ रणबहादुर शाहले शरभमुख भैरव बनाई इन्द्रजात्राको आठ दिन प्रदर्शन, पूजा गर्ने र प्रसाद खाने चलन चलाए ।

वर्तमानमा चलेको परंपरा

ज्योतिषीले दिएको साइतमा राजपुरोहित, व्रतवार शिल्पीहरू गई वनदेवीलाई पशुवलि दिई निखुनी रूख छानी पूजा गरी चिन्हो लगाइन्छ । राती त्यहीं बसी सपनाको विचार गरी शुभ ठहरिएपछि रूख काटी ताछी शास्त्रबमोजिमकै विधि गरी लिङ्गो तानी शहरबाहिर (भोटाहिटीको बाहिर) राखिन्छ । लिङ्गो लिन राजाको प्रतिनिधिरूपमा राजखड्ग लिई समरजङ पल्टन (गुरुज्यूको पल्टन) बाजागाजासाथ जानुपर्छ । भाद्रशुक्ल अष्टमीका दिन शहरबाहिर लिङ्गो आइपुग्नुपर्छ । एकादशीको दिन राजदरवारबाट आएको पूजासामग्रीले पूजा गरी लिङ्गो रंगाई तानेर बाजागाजासाथ हनुमानढोकाअगाडि पुर्‍याएर राखिन्छ । भोलिपल्ट द्वादशीका दिन श्रवण

नक्षत्र शुभ मुहूर्त पारी, बाजागाजासाथ, अष्टमङ्गलयुक्त पतकाले सिंगारी लिङ्गो खडा गरिन्छ। अघिल्लो दिन हविष्य खाई राजा स्वयं उपस्थित भई ध्वजोत्थान गर्नुपर्ने शास्त्रको वचन भएता पनि राजप्रतिनिधि खड्ग, मूल पुरोहित, उपत्यकाका प्रमुख प्रशासक, पल्टन जम्मा भएर कार्यसम्पादन गर्छन्। राणाकालमा भने श्री ३ आफै जाने परंपरा पनि थियो। लिङ्गो उभ्याउँदा देवीनाच नृत्य गरिन्छ र पल्टनले राजसी धुनमा इन्द्रलाई सलामी दिन्छन्। पुरोहितले लिङ्गको फेदमा इन्द्रको सुवर्णमूर्ति स्थापना गरी पूजा गर्छन् र यज्ञ पनि गर्छन्। लिङ्गोको आसपासमा साना लिङ्ग गाडेर त्यसका फेदमा कलश राखी अष्टमातृकाको पूजा गर्छन्। पूजाको काम आठै दिन हुन्छ। आठौं दिनको राति लिङ्गो ढालेर पानीमा लगी सेलाउनुपर्छ। यो शास्त्रको नियम हो।

इन्द्रजात्रा पर्वमा हनुमानढोका आसपासका मन्दिरमा आठै दिन विशेष पूजा हुन्छ। भैरव देवता, इन्द्र देवता र देवीका मूर्तिहरू बाहिर प्रदर्शन गरिन्छन्। चतुर्दशीका दिनलाई मुख्य दिन मानेर विदा दिइन्छ।

गद्दी बैठकमा श्री ५ सपरिवार सवारी हुन्छ। मन्त्रीगण, सांसदहरू, कूटनीतिक प्रतिनिधि, उच्च राजनीतिक कर्मचारी तथा प्रहरी र सेनाका प्रमुखहरू भेला भएर समारोह हुन्छ। जीवित गणेश, भैरव र कुमारीलाई सिंगारेर रथमा राखिन्छ र राजाज्ञा प्राप्त भएपछि अपरान्ह कुमारीको रथयात्रा शुरू हुन्छ।

कुमारीको रथयात्रा

३२ लक्षणयुक्त शाक्य कुलकी कुमारी ल्याएर रजस्वला नभएसम्म कुमारीको रूपमा पूजा गरिन्छ। यो नेपालको आफ्नै सांस्कृतिक परम्परा हो। यो कुमारीको प्रथा पनि गुणकादेवले नै चलाएको भनेर इतिहासकार राइटले लेखेका छन् तापनि कुमारी तुलजाको प्रतिरूप मानिएकीले तुलजाको नेपाल आगमनसँगै तुलजा मन्दिर नजीक दरवारक्षेत्रभित्र जीवित कुमारी स्थापना गर्ने परंपरा चलेको मान्नु युक्तिसंगत हुन्छ। भक्तपुरमा पहिले चलेको यो परंपरा तुलजासँग काठमाडौं र पाटनमा पनि चल्यो। राजसी पूजामा मान्यताप्राप्त कुमारीबाहेक गणकुमारीको नाउँले वौद्धविहारमा पनि शाक्य कुमारीहरू पुजिन्छन्, जसको संख्या प्रशस्त छ।

राजा जयप्रकाशले वनाएको कुमारी घरबाट तुलजा मन्दिरमा लगी तन्त्रोक्तविधिले तुलजा प्रवेश गराई शैव र बौद्ध दुबै परंपराबाट कुमारीको पूजा गरी तीन दिनसम्म शरदभरि कुमारीको रथ घुमाई जात्रा गर्ने परंपरा जयप्रकाशले चलाए । कुमारी घरबाट मरूटोल, जैसी देवल, लगन, ब्रह्मटोल, कोहिटी, भीमसेनस्थान घुमाई पहिलो दिन विश्राम गर्न रथ कुमारीघरमा ल्याइन्छ । दोस्रो दिन माथिल्लो टोल-प्याफल, नरदेवी, वाङ्गेमुढा, न्हैकन्तला, असन, इन्द्रचोक हनुमानढोका घुमाई विश्रामस्थानमा लगिन्छ । त्यसपछि तीन दिन छाडी अन्तिम दिन चौथीमा माथिल्लो टोल प्याफल, किलागल, नाउँदेवल, इन्द्रचोक हुँदै साविक ठाउँमा नै रथ पुऱ्याएर राखिन्छ । त्यसै दिन श्री ५ बाट कुमारीको दर्शन गरिबक्सी, कुमारी घरमा पनि श्री ५ सवारी भइबक्सी कुमारीको हातबाट टीका लगाइबक्सेपछि रथयात्रा समाप्त हुन्छ ।

रथयात्रामा गुरुज्यूको पल्टन साथ हुन्छ । जामा पगरी लगाएका पाँचजना वज्राचार्य साथ हुन्छन् । जैसीदेवलमा पुगेर विशेष पूजा र सम्हेंवजी वनाउने काम हुन्छ । त्यहाँको डवलीमा देवीनाचको असुरवधनृत्य हुन्छ । यसै दिन गद्दी चढ्ने परंपराको पालना राजकीय खड्ग राखेर गरिन्छ । राति कुमारीलाई दशावतार नृत्य देखाइन्छ । शहरभरि दीपावली र मन्दिरहरूमा दीपदान गरिन्छ । कुमारीको रथ पुगेका डवलीमा देवीनृत्य, भद्रकाली नृत्य गरिन्छ ।

किम्वदन्ती परंपरा

पहिलो दिनको रथयात्रा सम्पन्न भएपछि महर्जनजातका एक व्यक्तिलाई ढाँगी (डंकिनी) को रूपमा निकालेर टोल टोलमा घुमाई मरूटोलमा पुऱ्याएर जात्रा टुंगिन्छ । लोकोक्तिअनुसार इन्द्रकी आमा वसुन्धराले व्रत गरी पूजाको लागि पारिजातको फूल लिन छोरालाई पठाइन् । राक्षसले फूल टिपेको थाहा पाएर पक्रेर बाँधिराखे । आमाले थाहा पाई मर्त्यलोकमा आई 'हुलु' र 'सुपायँ' या 'शीत' र 'हुस्सु' जगात तिरी इन्द्रलाई छुटाइन् । स्वर्गबाट इन्द्रकी आमा आएको थाहा पाएर स्वर्ग जान मान्छे पछि लागे । बाटो नबिर्सियोस् भनी चिनुको रूपमा शतवीज छर्दै गए । इन्द्रकी आमाले पृथ्वीमा आएको बेला स्नान गर्नुपर्छ

भनी बैकीदह (इन्द्रदह) मा स्नान गरी स्वर्गतिर लागिन् । अलपत्र परेका बूढापाकालाई शतबीज छरेको बाटो पहिल्याई भेटेर घरका मान्छेले फर्काए । यसै कथाको आधारमा 'डाँगी' निकाल्ने इन्द्रदह नुहाउने र शतवीज छर्ने चलन चल्यो ।

इन्द्रजात्रा भक्तपुर

इन्द्रजात्राको दिन विहान चोकचोकमा दशहातका खम्वा गाडिन्छ । त्यहाँ तावाँको मुकुण्डो लगाएको हात बाँधेको जयन्तको प्रतीक बनाइन्छ । अनि तीनजना नचिनेका मान्छे समातेर एउटा मुपात्र (मुख्य पात्र राक्षस) बनाइन्छ र बाँकी दुइजनालाई घींचा (सहायक) वनाएर टोलटोल घुमाएर जयन्तको प्रतीक वनाएको खम्बामा खड्ग प्रहार गर्न लगाइन्छ । यसको साथै पुलुकिसी (ऐरावत हात्ती) को प्रतीक वनाई शहर घुमाइन्छ ।

पूर्णिमाको दिन यमाद्यो: (जयन्तको प्रतीक) अगाडि होम गरिन्छ । परेवाको दिन खाली रहन्छ । द्वितीयाको दिन जयन्तको प्रतीकलाई तीनपल्ट घुमी मुपात्रले खड्ग प्रहार गर्छ । तृतीयाको दिन छुमा गणेशको खटयात्रासहित यामता र घोचासहित मुपात्रलाई पनि शहर घुमाइन्छ ।

चौथीमा तौमढी टोलका भैरवलाई खटमा राखेर यामता मुपात्रसहित शहर घुमाइन्छ । त्यसै दिन सांझमा 'पुलुकिसी' लाई छ्वाली बालेर घुमाइन्छ र त्यसपछि पनि मुपात्रलाई शहर घुमाउँछन् । यो परंपराको इन्द्रकै आमाको कथामा इन्द्रको सट्टा फूल लिन आउने इन्द्रपुत्र जयन्त हुन्छन् । मुपात्र राक्षसले जयन्तलाई बाँधी हात काटिदिन्छ । जयन्त खोज्न ऐरावत हात्ती आउँछ र इन्द्रलाई खबर गर्छ । इन्द्र आएर छोरो छुटाई लैजान्छन् ।

सो जात्राको परम्परा र किम्वदन्तीमा वैदिक परंपराको खिल्ली उडाउनेहरूको चाल भए पनि मनोरञ्जनको निमित्त राम्रो नै मानेर सीधासाधा जनताले परंपराको पालना गरेको थाहा हुन्छ ।

पाटनमा लिङ्गो खडा गर्ने भव्यता नभए पनि भोजभतेर खाने, देवमन्दिर, पूजापाठ गर्ने, चेलीवेटी निम्ता गर्ने आदि चलन शहरमा जतातते छ ।

दूर्वाष्टमी

भाद्र शुक्ल अष्टमी पनि शास्त्रमा एउटा विशेष धार्मिक पर्वको रूपमा मानिएको छ । भाद्र शुक्ल अष्टमीलाई दूर्वाष्टमी पनि भनिन्छ । दूर्वाष्टमीको विशेष पर्व मनाइने चलन पश्चिम नेपालका पार्वत्य प्रदेशमा पाइन्छ । जसरी मध्य पश्चिम र पूर्वमा तीजको निम्ति चेलीवेटी बोलाउने र उनीहरु माइतमा आई तीज र पञ्चमीको पर्व मनाई घर फर्कने चलन छ, त्यस्तै सुदूर पश्चिममा मनाइने दूर्वाष्टमी पर्व हो । दूर्वाष्टमीको व्रत गर्न सप्तमीका दिन हविष्य खाई अष्टमीका दिन उपवास बसेर फलफूल, पक्वान्न एवं अन्य सामग्री जम्मा गरी भगवान् शिवको विशेष दूभोले पूजा गरिने हुँदा यसलाई दूर्वाष्टमी भन्दछन् ।

ज्येष्टा नक्षत्रले युक्त भएको भाद्र शुक्ल अष्टमीमा भगवती ज्येष्टाको पूजा उपासना गर्ने विधान पनि शास्त्रमा लेखिएको छ । तर ज्येष्टा र मूल नक्षत्र परेको भाद्र शुक्ल अष्टमी छ भने चाहिँ दूर्वाष्टमी भनिदैन र शिवजीको ब्रत तथा दूभोले पूजा पनि गरिदैन ।

भाद्र शुक्ल अष्टमीदेखि शुरू गरेर आश्विन कृष्ण अष्टमीमा समापन गरिने पन्ध्र दिनको व्रत चाहिँ महालक्ष्मी ब्रत हो । यो ब्रत काठमाडौंभित्रका कैयन् परिवारमा आजभोलि पनि गरिदैछ । धन, ऐश्वर्य, कीर्ति, राजश्रीको स्थीरताको निम्ति यो १५ दिनको ब्रत मल्लकालमा पनि गरिन्थ्यो । राजा जयस्थिति मल्लले रानी राजल्लदेवीका साथ यो पन्ध्र दिनको महालक्ष्मी ब्रत गरेका थिए भन्ने अभिलेख पाइन्छ । यस ब्रतको विशेष माहात्म्य स्कन्दपुराण र भविष्योत्तरपुराणमा पाइन्छ । नेपाल बाहेक छिमेकी भारतमा पनि यो ब्रत गर्ने चलन छ ।

यही अष्टमीका दिन इन्द्र ध्वजोत्थानको पर्व पनि शुरू हुन्छ । आठ दिनसम्म नृत्यगान, कुमारी, गणेश र भैरवको रथयात्रा, दशावतार नृत्य आदिले यो इन्द्रजात्रा महान् पर्व बनेको छ । प्रतिदिन इन्द्रध्वजा खडा गरिएको लिङ्गोका फेदमा इन्द्रप्रतिमा राखेर पूजा गरिन्छ । विश्वरूप, इन्द्र,

भैरव आदि देवगणको प्रदर्शन, पूजा, दीपदान, बलिदानका साथै कुमारीको पूजा, तुलजाको पूजा र राजदरवारका वरिपरिका देवमन्दिरका देवताको पूजाआजा गर्ने परम्परा रहेको छ ।

यो भाद्र शुक्ल द्वादशीलाई वामन द्वादशी पनि भन्दछन् । यसै दिन भगवान् विष्णुले वामन अवतारको रूपमा जन्म लिएकोले वामन जयन्तीको रूपमा यसलाई पर्व मनाउने चलन पनि चलेको छ ।

तर तुलजाको नेपाल प्रवेशपछि भने कुमारी र तुलजाको घनिष्ट सम्बन्ध रहेको पाइन्छ । अर्थात् तुलजाकै प्रतिमूर्तिको रूपमा कुमारीको मान्यता रहेको छ ।

दरवार क्षेत्रभित्रकै कुनै चोकमा कुमारी राख्ने परम्परा थियो । राजा जयप्रकाशले दरवारको कम्पाउण्डभित्रै छुट्टै घर बनाएर कुमारी राख्ने र इन्द्रजात्राको पर्वभित्रका दिनहरुमा कुमारीको रथ टोलटोलमा घुमाएर जात्रा गर्ने चलन चलाए । कुमारीको रथ यात्रा गरी फर्केर गद्दीबैठक अगाडि राखिएको राजसिंहासनमा आफू बसी जनताको स्वागत सत्कार ग्रहण गर्ने राजा जयप्रकाशको नियम थियो ।

काठमाडौंभन्दा बाहिर यस दिनलाई अनन्त चतुर्दशीको रुपमा मनाइन्छ । अनन्तको पूजा गरी प्रसाद रूपमा अनन्तसूत्र पाखुरामा बाँध्ने, दीक्षामन्त्रको रूपमा अनन्तको मन्त्र सुन्ने परम्परा पनि बाँकी रहेको छ । द्वादशीमा खडा गरिएको इन्द्रजात्राको लिङ्गो आश्विन कृष्ण चौथीका दिन ढाली नदीमा विसर्जन गरिन्छ । यसरी आठ दिनसम्म देवपूजा, बलिदान, देवीनाच, दशावतार नृत्य, देवमूर्तिहरुको प्रदर्शन आदि गरी इन्द्रजात्राको राष्ट्रिय समारोह मनाइन्छ ।

अन्त्यमा

इन्द्रजात्रा मनोरञ्जन गर्ने परंपराअन्तर्गत गद्दीबैठक बाहिर दक्षिणपट्टि अग्ला र बलिया घोचाले बारेर गोकर्णको जङ्गलमा छोडिएको पाँचवर्षे मत्ता राँगो ल्याएर भक्कु भनिने भैरवको रूप धारण गर्ने मकुण्डो लगाएको व्यक्तिसँग खेलवाड गराइन्थ्यो । मान्छे देख्नेवित्तिकै हान्न तम्सने मत्ता राँगालाई जिस्क्याएर थकाई बराबर चोट छोडेर घायल पारी वलिदिने चलन राणाकालमा थियो । यो रमाइलो हेर्न शहर र

वरिपरिका ठिटा जम्मा हुन्थे । कोही घाइते पनि हुन्थे र राँगोले हानी मारेको कथा पनि सुनिन्थ्यो । यो अन्यन्तै डरलाग्दो र मनोरञ्जन पनि हुने खेल आजभोलि बन्द गरिएको छ । तर भैरवलाई बलि दिनुपर्ने अनिवार्य हुँदा अब भक्कुको राँगो दरवारभित्रैको चोकमा बलि दिने गरिन्छ ।

देशका राजा, मन्त्री भाइभारदार जम्मा भएर इन्द्रध्वजा खडा गर्ने शास्त्रीय परम्परा साँगुरिएको छ । राणाकालमा पल्टनसहित ठूला अफिसर जर्णेलहरू मुख्त्यार र राजाहरू पनि हात्ती चढेर कुमारीको रथ पछिपछि घुम्ने र भव्यता पनि अब समाप्त भएको छ । किन्तु, विशाल भारतको राजतन्त्रसँगै अस्ताएको इन्द्रजात्रा पर्व नेपालीको विशिष्ट चाडको रूपमा तांत्रिक परम्पराको जात्रा परम्परालाई समेत समेटेर, अनेक किम्वदन्तीका कथालाई पनि जीवन्त राख्तै पूरा नेपालीको निजी संस्कृतिको रूपमा बाँचेको छ, जो अनेकन् उथलपुथल आएमा पनि नेपालीको मूल संस्कृतिको रूपमा युगयुग बाँचिरहोस्, यही शुभकामना छ ।

नेपालीहरूको महान् चाड दशैं

हिन्दू जातिहरूको धार्मिक एवं शास्त्रीय पर्वहरूको महत्त्व एउटै किसिमको भए पनि चाडपर्व मनाउने तरिका आ-आफ्ना छन् । संस्कृतिको मुहान एउटै हो, तर चाड मनाउने परम्पराको विशेषता भने अलग अलग छन् । यही नै देश जातिको संस्कृति छुट्याउने सीमा रेखा पनि हो । आश्विनशुक्ल परेवादेखि दशमीसम्मको अवधिमा पूजा, व्रत, उपासनाद्वारा भगवती दुर्गाको मनौति गरिने दशैंपर्व नेपाली जातिको लागि सबै चाडपर्वभन्दा ठूलो हो । धनी गरीब सबैले आफ्नो गच्छेअनुसार खर्च गरी मनाइने र राम्रा राम्रा लुगा लगाउने, मीठो खाने एवं दुर्गापूजा समाप्त गरी आफ्ना मान्यजनबाट दुर्गाको प्रसादस्वरूप टीका थापी आशीर्वाद प्राप्त गर्ने पर्व भएकोले धार्मिक भावनाको आडमा सांस्कृतिक विशेषता बढी भएको पर्व भन्न सकिन्छ । दश दिन मनाइने चाड अथवा दशमीको दिन बढी चहलपहल हुने भएकोले यसलाई दशैं भन्ने नामाकरण गरियो ।

वर्षाको हिलो मैलो समाप्त भई हिउँदका दिनहरू प्रारम्भ हुने र जाडो पनि कडा नभएको र गर्मी पनि समाप्त भई आनन्ददायक समयमा यो पर्व पर्दछ । इन्द्रजात्राको लगत्तै पर्ने पितृपक्ष र त्यसपछिको दशैंपर्वले चाडपर्वको सिलसिला दर्शाउँछ । अनि यो शारदीयशोभाका पछिल्लो याममा पर्ने तिहारले चाडपर्वको समाप्ति गरी बालीनाली थन्क्याउने र हिउँदे बाली लगाउने हतारो ल्याइदिन्छ ।

दशैंको ऐतिहासिकता

दशैंपर्वको महत्ता कहिलेदेखि शुरू भयो, त्यो निश्चित रूपमा भन्न सकिंदैन । वैदिक साहित्यको अनुशीलन गर्दा भगवती दुर्गाको विषयमा उल्लेख भएको पाइदैन । वाणी (वाक्) तथा अदिति, उषाआदि देवीको अस्तित्व ऋग्वेदका सूक्तहरूले देखाउँछन् । ऋग्वेदकै खिलसूक्त भनेर

मानिने श्रीसूक्तमा लक्ष्मीरूपमा शक्तिको विशेषताको वर्णन छ, त्यसलाई संहिताकालकै रचना मान्न कठिन्न पर्छ । यद्यपि वैदिक संहिताहरूमा शक्तिरूपमा देवीको महत्तालाई इङ्गित गर्ने शव्द बीजहरू नपाइने होइनन् तथापि व्यापक महत्त्वलाई व्याख्या गर्ने सूक्त एवं मंत्रहरू भने पाइँदैनन् । त्यसपछिका कतिपय पुराणहरूको कथनअनुसार दशैंको व्रत एवं दुर्गाको उपासना गरी वरदान प्राप्त गरेर त्रिलोक विजयी शत्रु रावणलाई भगवान् रामचन्द्रले मार्नुभएको कथा उल्लेख गरेका छन् । तापनि ऐतिहासिक अन्वेषणकर्ताहरू पुराणको उक्त कथासँग त्यति सहमत छैनन् । महाभारत कथामा दुर्गाको विशेषता, राजा युधिष्ठिरले गुप्तवास वस्ने वेलामा गरेको स्तुतिवाट र केही अरू पर्वका प्रसङ्गवाट ज्ञात हुन्छ तापनि शिव तथा विष्णुको जस्तो वर्चस्व दृष्टिगत हुँदैन । यत्तिकैले पुरातनकालमा देवीहरूको मान्यता त्यति थिएन भन्न पनि सकिँदैन ।

पुरातन विश्व-सभ्यताको अध्ययन गर्दा, मातृदेवीको मान्यता विश्वकै मानवजातिले मान्ने गरेको थाहा पाइन्छ । मिश्रको पुरातन सभ्यतामा प्रमुख देवता मानिने होरस (सूर्य) देवी इसिसका पुत्र थिए । इसिस पृथ्वीका अधिष्ठात्रीको रूपमा पूजिन्थिन । वेविलोनको आदिम सभ्यता सुमेरमा देवी इन्नेनीको निकै ठूलो महिमा थियो । जो पृथ्वीमाता वा मातृदेवी र उर्वरताकी रूपमा विशेष चर्चित थिइन् । ई.पूर्व सोन्हौं शदीतिर वेविलोनमा साम्राज्य खडा गर्ने कस्साइट (कश वा खश) जातिले इन्नेनीलाई 'इस्तर' भन्ने नामकरण गरी पूज्न थाले । यिनको पूजा आराधना सिरिया, पेलेष्टाइन र यूनानमा पनि गरियो । यहुदीहरू इस्तरलाई 'एस्थर' भनेर पूज्दथे जसको प्रसङ्ग ओल्डष्टेस्टामेन्टमा पाइन्छ । इस्तरका दुई रूप थिए- एउटा स्वर्गीय देवीको र अर्को पार्थिवरूप चाहिं प्रजनन क्रियाको नियमन गर्ने देवीको । यिनको कुनै कुनै मन्दिरमा यौनक्रियामा संलग्न रूपको अंकन हुन्थ्यो । उनीलाई समस्त मानव जातिको आमाको रूपमा देखाइँदा एउटा बालक काखमा लिएकी स्त्रीको रूपमा अंकन गरिन्थ्यो ।

इस्तरसँग सन्निकट सम्बन्ध भएका देवता 'वेविलोन' तथा असीरियामा 'तम्बुज'[1] हुन् जसलाई इस्तरका पुत्र वा पति पनि भनिएको छ । तम्बुज अन्न, फलफूल, वनस्पति लतौषधीका देवता मानिन्थे ।

आश्चर्यको कुरा त के हो भने इस्तर महिमामयी पार्वतीको रूपमा हामीले मान्ने हो भने तम्बुजलाई वैदिक रूद्र देवतासँग तुलना गर्न सकिन्छ । मानवजाति र जनावरहरूका देवता "आदर्श गडेरिया" को रूपमा पूजित तम्बुजलाई हामी यजुर्वेदका मन्त्रले व्याख्या गरिने भूत पात, पशुपति, व्रातपति, स्तेयपति, गणनांपति, भगवान् रूद्रसँग सामञ्जस्य स्थापना गर्न सक्छौं। यसबाट के थाहा पाइन्छ भने भषाको भिन्नताले नाउँ जे जस्तो राखिए तापनि विश्वसभ्यताका अनन्त स्रोतहरूको संगम भएर नै सांस्कृतिक पारावारको जन्म भएको छ । विश्वमानवका पुरातन अवधारणाहरू उस्तै उस्तै थिए र कहीं कहीं आज पनि जीवन्त छन् ।

बेबिलोनकी देवी 'इस्तर' र देवता 'तम्बुज' को मिश्रमा 'ओसिरिस' र 'इसस' सँग तुलना गर्न सकिन्छ । यूनानमा इस्तरलाई वीनस र तम्बुजलाई 'याडोनिस' को रूपमा पाउँछौं । इरानतिर इन्नादेवीको रूप पश्चिमोत्तर भारतमा नैनादेवीको नाउँले पुकारिन्छन् । यसरी विश्वको प्राचीन सभ्यतामा मानवजातिले आफ्ना धार्मिक धारणामा सम्मान गर्दै पूज्दै आएका देवी देवता, मानव जातिको आवागमन तथा वाणिज्ययात्रा र मध्यएशिया, पश्चिम एशिया एवं भारतका उत्तरपश्चिमी भाग समेत मिलाएर साम्राज्य खडा गर्ने कुपाण, शक, पार्थिक राजाहरूको धार्मिक आस्था र मान्यताले पनि देवताहरूको आदानप्रदान संवल प्रदान गर्नुका साथै सांस्कृतिक परिवेशलाई व्यापकता प्रदान गर्न पनि मद्दत गरेका छन् ।

अर्धचन्द्र मुकुट धारणा गर्ने, सिंहवाहिनी, उर्वरता, पृथ्वी एवं शिकारकी देवी "इनन्ना" वा "नैना" नै हामी हिन्दू जातिकी परमपूज्य भगवान् शिवकी अङ्कशायिनी पार्वतीको अर्को रूप महिपमर्दिनी दुर्गा हुन् । जसको प्रतिमा हामी कुपाणकालदेखि पाउँछौं । नेपालभित्र पनि कुपाणकालीन दुर्गाको मूर्तिशिल्प विद्यासँग सामञ्जस्य राख्ने भगवतीका मूर्तिहरू पनि निकै पाइन्छन् ।

उपर्युक्त विपयहरू सांस्कृतिक इतिहासको जिज्ञासा राख्ने व्यक्तिका लागि दिग्दर्शन मात्र हो । हाम्रो विपय धार्मिक र सांस्कृतिक पक्षको समन्वयबाट मनाइने महान् चाड दशैंसँग भएकोले त्यतैतिर लागौं ।

कुनै पनि जातिको ऐतिहासिक तथ्यहरू त्यसवेलादेखि फेला पर्छ, जव मानवसमाजको नियन्त्रण र सुरक्षा गर्न राजसंस्थाको जन्म हुन्छ र धन सम्पत्ति र शक्तिको सम्मिश्रणले धार्मिक आस्थालाई मूर्तरूप दिन मठ, मन्दिर, देवताको रूपाङ्कनमा भव्यता ल्याउन मद्दत गर्छ मात्रै होइन अपितु वैभवअनुसारको सौन्दर्य शिल्पन, विविध परिस्कार र कलात्मक भव्यता एवं विशिष्ट मान्यता आदि उदात्त प्रवृत्तिको विकास पनि हुन्छ । भव्यता र सौन्दर्य मानवमनलाई आकृष्ट गर्ने तत्व पनि हो भने आकर्षित मानवको भीडले श्रद्धा आस्थाको वृद्धि पनि गर्छ । सांस्कृतिक परिवेश ठूलो वन्छ । हिन्दू जातिको पवित्रतम् र पुरातन ग्रन्थ मानिएको वेदमा राजाले राज्याभिषेक पाएपछि राज्यको भूभाग वृद्धि गर्ने र धनसम्पत्ति वटुलेर ल्याई आफ्ना प्रजालाई सुखी समृद्धशाली वनाउने कार्य गर्नु पहिलो कर्तव्य हुन्थ्यो भन्ने कुरा वैदिक साहित्यवाट थाहा पाइन्छ । राज्याभिषेक पाएका राजाहरू यसै शरदऋतुको सौन्दर्यमय दिनलाई विजययात्राको उत्तम अवसर सम्भन्थे । खोलानाला घटेका, न हिलो न धूलो, न जाडो न गर्मी । वालीनाली पाक्न थालेकोले रासनपानीको अभाव हुने डर पनि नभएको वेला पर्खेर यही शरदऋतुको दशमी (विजयादशमी) को साइत गरेर दिग्विजयको लागि प्रस्थान गर्थे । दिग्विजय गर्न वल, शक्ति चाहिन्थ्यो । यो प्राप्त गर्न सवैभन्दा महत्त्वपूर्ण देवता शक्ति अथवा महिषासुरमर्दिनी, शुम्भ, निशुम्भ दलनी, भगवती दुर्गाको उपासना गरी आफ्ना मान्यजनहरूवाट विजयको आशीर्वाद थापेर विजययात्रा गर्ने परंपरालाई हामी वैदिक कालकै अनुगमन परंपराभित्र राख्न सक्छौं ।

वैदिक कालमा युद्धविजयमा गुहार मानिने देवता इन्द्र थिए । पछिपछि इन्द्रको महत्ताभन्दा शिव र विष्णुको महात्म्य वढी भयो । शिव 'भोले वावा' थिए भने विष्णु अहिंसात्मक देवता, सवै प्राणीको पालनकर्ता भएकोले कसैलाई युद्धविजयको आशीर्वाद दिएर कसैको संहार गराउने प्रवृत्ति थिएन । अत: शत्रु संहारकारिणी दुर्गा, जो शिवकी अर्धाङ्गिनी पार्वतीको उग्ररूप हो, उनैको पूजापाठ न्यास, ध्यान, जप,पुरश्चरण गरी खुशी पारेर विजय लाभको वर मागी तुरून्त यात्रा गर्ने शुभमुहुर्त यही विजया दशमी (टीकाको दिन) लाई वनाइयो । इतिहासकालीन राजाहरू यही शरदऋतुमा दिग्विजयको लागि प्रस्थान गर्थे भन्ने कुरा रघु

महाराजको दिग्विजययात्रा वर्णन गर्ने महाकवि कालिदासले रघुवंशमा उल्लेख गरिएबाट पनि थाहा हुन्छ ।

आदि प्रकृतिरूपा शक्तिको मान्यता र दार्शनिक पक्षले शक्ति र शिवको एकात्मकताको प्रतिस्थापना गरेपछि हिन्दू समाजमा शक्तिको विशेष महत्त्व बढ्दै गएको थाहा हुन्छ । यसमा सांख्यदर्शनको चिन्तन परंपराले पनि निकै नै बल दियो । यो सबै ऐतिहासिक तथ्यको विश्लेपण गर्दा ई.पू. आठौं सातौं शदीतिर नै भगवतीका विविध रूपको उपासना हुन थालेको थियो भनेर मान्न सकिन्छ । किन्तु यज्ञवादी ब्राह्मण समाज र शैव तथा वैष्णव सम्प्रदायको मान्यताले वैदिक धर्ममा आवद्ध अधिकांश समाज बाँधिएकोले शाक्त सम्प्रदायले व्यापकता पाउन सकेको थिएन ।

हिन्दूदेवीहरूमा दुर्गाभन्दा पहिले लक्ष्मी चर्चित थिइन् । दूरगामी यात्रा गर्ने सार्थ समूहले धन ऐश्वर्य र समुद्रकी देवीको रूपमा लक्ष्मीको पूजा वन्दना गर्दथे । लक्ष्मी धनीका देवी हुन् । धन समुद्रमा पाइने मोती, मुँगाबाट प्राप्त हुन्थ्यो । अथवा समुद्रयात्राबाट पश्चिम एशियाका वेविलोन, सिरीया, फेनिसिया, मिश्र हुँदै रोमसम्म पुगेर गरिने व्यापारको देवी, दुर्गमयात्राकी संरक्षिका देवीको रूपमा लक्ष्मीको मान्यता रहेको कुरा प्राचीन इतिहास केलाउँदा थाहा हुन्छ ।

ईशापूर्व १५०० तिर रोममा बनेको एउटा मूर्ति लक्ष्मीको प्राचीन मूर्तिसँग ठ्याम्मै मिल्दछ । यसबाट इतिहास विद्लाई लक्ष्मी उताबाट यता आइन् कि उता गइन् भन्ने भ्रम पारेको छ । तर लक्ष्मीको महिमा वेदकालीन साहित्यमा नै बखान गरिएकोले हामीले पश्चिम एशियाबाट आयात गरिएको लक्ष्मीको मान्यतालाई स्वीकार गर्नुपर्ने बाध्यता छैन ।

शक्तिपूजाको परंपरा पुरातन कालदेखि नै हिन्दू सभ्यतामा रहेको थाहा पाइए तापनि आश्विन शुक्ल नवरात्रिमा विशेषरूपले भगवती दुर्गाको उपासना गरिने परंपराचाहिं ईशाका शुरू वर्षतिरको हो कि भन्नुपर्ने हुन्छ । वाल्मीकि रामायणको अध्ययनबाट आश्विनशुक्लमा इन्द्रजात्रा गर्ने परंपरा रहेको थाहा पाइन्छ । हरिवंशको कथनअनुसार भाद्र शुक्लमा इन्द्रध्वजोत्थान गर्ने परंपरा भगवान् कृष्णको समयदेखि हो भन्ने ज्ञात हुन्छ । आठ दिनसम्म धूमधामसँग मनाइने इन्द्रजात्रा र

नवरात्रिभरि गरिने दुर्गोपासना एकै समयमा गरिनु पनि उपयुक्त हुँदैनथ्यो । त्यसैले वर्षा ऋतु र शरदऋतुमा यी दुईपर्व बाँडिएको कुरा अनुशीलनबाट थाहा हुन्छ ।

शक्ति सृष्टितत्त्वभित्रको मूल तत्त्व मानिने ऊर्जा हो । विनाशक्ति भौतिक तत्त्व जड हुन्छ । चैतन्यरूपा शक्तिद्वारा नै प्रकृति जीवन्त छिन् । हाम्रा दर्शनशास्त्रहरूले चैतन्यरूपा प्रकृतिविनाको पुरुषतत्त्व जड मानेको छ । अद्वैतवेदान्तले ब्रह्मसिद्धि गर्दा मायातत्त्वको आश्रय लिनु अनिवार्य हुन्छ र सृष्टिको क्रमलाई व्याख्या गर्दा निर्गुण ब्रह्म पनि सगुणमा रूपान्तरित हुनुपर्छ । यसकारण, दृश्य जगत्‌की आदिकारण बनेकी मूल प्रकृतिको विशिष्टतालाई कुनै न कुनै रूपमा स्वीकार गर्नैपर्छ ।

वैदिक महर्षिहरूको चिन्तन पक्षले नयाँ दिशा निर्देशन गर्न थालेपछि जन्मेका उपनिषद् दर्शनको विकास सँगसँगै शक्तितत्त्वको महिमा बढ्न थालेको थाहा पाइन्छ भने समस्त मानव जातिले सभ्यताको आदिकालमा नै मानिएको मातृदेवीको विविधरूप र अनन्तशक्तिको कल्पना पनि विकसित हुँदै गयो भन्नुपर्छ ।

शैव दर्शनले परमतत्त्वरूप शिवको चिन्तन गर्दा विमर्शरूपा शक्ति, शिवतत्त्वसँग एकाकार हुन्छन् । अर्थात् शिव नै शक्ति हुन् र शक्ति नै शिव हुन्, जो सृष्टिक्रममा शिव र शक्तिरूपमा परिणत हुन्छन् भन्ने शक्ति दर्शन, अथवा शैवदर्शनको प्रादुर्भाव भएपछि शक्तिको महिमा झन् बढ्यो र शिव शक्तिको अभिन्नता दर्शाउन शिवकै अनुरूप शिवा र (दुर्गा) को पनि रूप कल्पना गरियो ।

हाम्रा शास्त्रले ईश्वरीयरूपको व्याख्या गर्दा सृष्टिकारकरूप, पालनकर्ता रूप र संहारकर्तारूपको वर्णन गर्छ । सृष्टि र स्थितिरूप कल्याणकारक सौम्यरूप मानिन्छन् र संहारकर्तारूप चाहिं उग्र हुन्छ । भगवती पनि सौम्यरूपा, दयामयी, कल्याणदायी र संहारकारिणी उग्ररूपा पनि छन् । उग्ररूपा मूर्तिको उपासना गर्दा चाँडै खुशी हुन्छिन् भन्ने धारणाले उग्रतायुक्त सिद्धि चाहनेहरूले काली, चामुण्डा, उग्रचण्डा आदिको उपासना गर्छन् । उग्ररूपको उपासना गर्दा साधनापक्ष, पूजा बलि, जप आदि पनि उग्र नै हुन्छ र ठाउँ पनि एकान्त जङ्गल पर्वताशिखर श्मशानघाट आदि हुन्छन् तथा समय पनि अन्धकारयुक्त रात्रि, उपयुक्त

हुन्छ, तर कल्याणकारी रूपको उपासना, मन्दिरमा, घरमा, राम्रो ठाउँमा गर्न सकिन्छ । यसकारण, दुर्गाको उपासना हामी नवरात्रिभरि घरघरमा नै गर्छौं । दुर्गाभगवती पार्वतीको मुख्य रूप हो र त्यसैले पाँचै आम्नायका विधानले पूजाआजा गर्न सकिन्छ । अष्टादश भुजा भएकी सिंहरूढा दुर्गा उग्रचण्डा हुन्, जसको उपासना उग्ररूपले गर्न सकिन्छ भने शोडष भुजाकी भद्रकाली, अष्टभुजाकी नवदुर्गा, चारबाहुकी कल्याणदायिनी दुर्गाको उग्ररूपले वा सामान्य रूपले पनि उपासना हुन्छ । नवरात्र भगवतीको उपासना गरिने मुख्य दिनको रूपमा गणना गरिएकोले यी दिनहरूमा आ-आफ्ना कुलदेवता इष्टदेवताको पनि उपासना गर्दछन् । अर्थात् कालीउपासना, श्रीविद्याको उपासना, तारा, छिन्नमस्ता, धूमावती, मातङ्गी, कमला आदि दश महाविद्या भनिने देवीहरूको उपासना पनि गरिन्छ । दक्षिणाम्नायकी दक्षिणकाली, उत्तराम्नायकी गुह्यकाली, पश्चिमाम्नायकी कुब्जिका अधराम्नायकी ताराको उपासना पनि आ-आफ्ना कुल परंपराअनुसारको विधिविधानद्वारा दशैंको नवरात्रिमा पूजा हुने हुँदा नवरात्रि (असोज तथा चैत्र) को पर्वमा समस्त शक्तिपीठहरूमा पूजा उपासना गरिन्छ र सम्पूर्ण भक्तजनहरू देवीका विभिन्न पीठमा दर्शन स्पर्शन पूजन र अभिवादन गर्न जान्छन् । उग्ररूपा शक्तिलाई पनि पूजा वन्दनाले शुभफलदात्री वनाउन सकिन्छ र क्रोधमूर्ति चाँडै खुशी पनि हुन्छिन् ।

राज्यविस्तारको लागि र देशको सुरक्षाको लागि युद्धमा संलग्न रहनुपर्ने हुँदा राजा तथा राजकुलको निम्ति सिद्धिदात्री दुर्गा, काली, तारा आदि देवीहरू बढी उपास्य भएकोले प्रत्येक राजकुलमा भगवतीको मुख्य उपासना गर्ने परंपरा चल्यो । हाम्रो नेपालमा बाईसी र चौबिसी राज्य सेन, लिम्बू राज्य र अन्य सानातिना रजौटाहरूको अस्तित्व भएको मध्यकालमा प्रत्येक राजाको मुख्यस्थान, दुर्ग, गढी गौंडाका कोटहरूमा देवीको स्थापना गरी चैते दशैं र बडादशैंमा धूमधामसँग पूजाआजा गर्ने र राँगा, भेंडा, बोका आदि पशुहरूको बलि चढाउने चलन चल्यो ।

देशका समस्त जातिले परिआएको बेला युद्धमा जानुपर्ने अनिवार्यताले गर्दा चार वर्ण छत्तीसै जातजातिको घरघरमा बल, वीर्य, कीर्ति र सुख समृद्धिको लागि जगज्जननी दुर्गाको पूजा गर्ने, बलिदान गर्ने

परंपरा चलेको र दश दिनसम्म नाच, कीर्तन, पूजापाठ गरी ऋण कर्जा गरेरै भए पनि जोरजम्मा गरिएको पैसाले नयाँ लुगा लगाउने, मन लागेको मीठो मसिनो खानपान तयार गर्ने, भगवती दुर्गा प्रीतये भनी घरघरमा काटिने बोका, खसी, राँगा, भेंडा आदिका मासुले नयाँ नयाँ परिकार बनाई यथेष्ट भोजन गर्ने महान् पर्व दशैं नेपाली जनजीवनको निम्ति अविस्मरणीय पर्व बनेको छ ।

हिन्दू सभ्यताभित्रकै शक्तिपूजाको यो महत्त्वपूर्ण चाड भएता पनि छिमेकी भारतमा यसको त्यति महत्त्व पाइँदैन । धार्मिक भावनाले घरमा दुर्गा स्थापना गर्ने र जन्ती (जमरा) उमारेर बाहुनहरूले आफ्ना जजमानलाई बाँड्ने गर्छन् । राजकुलमा भने विशेष पूजा र वलिदान पनि गरिन्छ । परन्तु बाहिरको जनमानसमा कुनै उल्लास उमङ्ग देखिदैन । तान्त्रिक साधना र शक्ति उपासनाको विशेष महत्व भएको बंगालमा दुर्गाका मृण्मय मूर्ति बनाई नौ दिनसम्म पूजा गरी टीकाको दिन वाजागाजासहित दुर्गाको मूर्ति सेलाउन लैजाने चलन भएकोले केही विशेषता रहेको देखिन्छ । तथापि नेपाली जनजीवनको जस्तो विशिष्ट चाडको रूपमा दशैंपर्वको महत्ता त्यहाँ पनि छैन । कलकत्ताकी इष्टदेवी काली हुन् जसको नाउँवाट शहरको नाउँ रहेको छ र कालिका देवीको दर्शन पूजनमा भीडभाड हुने गर्छ ।

तान्त्रिक परंपराले भगवतीको उपासना हुन थालेपछि नवरात्रिमा विशेषरूपले देवीको पूजाआजा गरी देवीको प्रतिरूप खड्ग जगाई विजययात्राको लागि राजालाई अर्पण गर्ने चलन चल्यो । यसलाई 'खड्गसिद्धि' भनिन्छ र यस्तो खड्गसिद्धि गर्न खड्ग बनाउने फलाम ग्रहण गर्ने बेलादेखि निर्माण गर्दा र खड्ग जगाउँदा गर्ने तन्त्रमन्त्रका विधानहरू छन् । नेपाल हिमालयपुत्री पार्वतीको देश, भगवान् शिवको आश्रय भूमि भएकोले यहाँ विशेषरूपले परापूर्वकालदेखि नै शिवशक्तिको उपासना हुन्थ्यो भन्नुपर्छ । ठण्डा मुलुक भएकोले र भगवतीको उपासना गर्दा वलिदान गर्नुपर्ने अनिवार्यताले गर्दा मांसभोजन पनि अनिवार्य नै वनेको छ ।

गरीव वा धनी, सबै वर्गका मानिसको लागि रुचिकर र स्वादिष्ट भोजनको रूपमा मांसाहारले विशेष स्थान ओगटेको छ र दशैंपर्वमा दुर्गा

पूजाको निम्ति घरघरै अनिवार्यरूपमा वलिदान गर्ने चलन भएकोले र वलि चढाएको प्रसाद घरको एकलौटी हुने, बाँडचुँड गर्नु नपर्ने हुँदा मासुको विभिन्न परिकार बनाई खाने खुवाउने गरिन्छ । वलिदान गर्न अनुकूल नपरेका घरमा पनि वाहिरवाट किनेर भने पनि मासु ल्याउनै पर्छ । आफ्ना कुल परम्पराअनुसार मासु, चिउरा, मदिराको सेवन कसैले गर्दछन् भने पहाड पर्वतमा मासुको साथै दही, चिउरा, केराको पनि भरमार हुन्छ । यी सबै वस्तुहरू देवीलाई चढाउन पाइन्छ र प्रसाद ग्रहण गर्नु अनिवार्यता मानिन्छ ।

विधिविधानका केही पक्ष

आश्विन शुक्ल परेवाका दिन घरका कोठामा वा वाहिरी मण्डपमा वैदिक वा तान्त्रिक, विधिले घटस्थापना गरिन्छ र त्यही घडा (जलपूर्ण कलश) मा भगवती दुर्गाको आव्हान गरिन्छ । वैदिककालदेखि नै जलपूर्ण घडा मांगलिक चिन्हका रूपमा रहिआएको छ । जहाँ जुनसुकै देवताको आव्हान र पूजा गर्न सकिन्छ । कसैले त्यस घडामाथि आफ्नो इष्टदेवी दुर्गा काली ताराका मूर्ति वा यन्त्र तथा श्रीयन्त्र राखी पूजा गर्छन् भने धेरैले घडाको जलमा नै आव्हान गर्छन् । फूलपातीको दिन (सप्तमी) सम्म साधारण पूजा गरी अष्टमीका दिन विशेष पूजा गर्दा नवदुर्गा स्थापना गर्ने, घरमा भएभरका हातहतियार धोइपखाली दुर्गाको हतियाररूपमा स्थापना गरी पूजा गरिन्छ । पहाड पर्वतका अपठित जातिहरू केराका पातमा ९ मुठी चामल अलग अलग राखी दुर्गाको आव्हान गर्दछन् र कसैले दही अक्षताको नौ थुप्रोमा पूजा गर्छन् । तर अष्टमीका दिन नवदुर्गाको स्थापना गर्नुचाहिं अनिवार्य नै छ । पूजा, उपासनामा साधन र मंत्र पाठ, भन्दा श्रद्धा र विश्वास नै ठूलो हो । श्रद्धासाथ अर्पण गरिएका सामग्रीहरू जे जस्तो भए पनि भगवतीका लागि अत्युत्तम वस्तु हुन्छ । पूजा र खानपानको रमाइलोपछि दशैंको टीका थाप्न मानिसहरूको दौडधूप शुरू हुन्छ ।

निधारभरि लगाइएका राता अछेता जौका आँकुराले भरिएका कपालको चुल्ठाहरू र रङ्गीविरङ्गी नयाँ कपडामा सजिएका सुन्दर नारीहरू, रौसे बुढीहरूको लर्कोले बाटै भरिएको देखेपछि नेपालीहरूको

दशैंपर्वको महत्तालाई बुझ्न सकिन्छ । दशैंपर्व, दिग्विजय गर्ने राजाहरूले शुरू गरेको भएता पनि उनका साथमा जाने भाइ भारदारहरू, पल्टनीया अफिसर र सिपाहीहरूको निम्ति पनि विजय र सकुशल फर्कन पाइयोस् भन्ने भावनाले गर्दा घरघरै दुर्गा पूजा गर्ने चलन चलेको हुनुपर्छ । आज दशैंको महत्ता घरघरमा छ र यो शास्त्रीय पर्व भएर पनि नेपाली मात्रको सांस्कृतिक पर्व बनेको छ र अटूट चल्दै जाने छ पनि ।

भैरव र देवीका मन्दिरमा नयाँ खड्ग बनाई वा पुरानो खड्गलाई नयाँ संस्कार गरी "खड्गसिद्धि' गर्ने परंपरा आज पनि चल्दैछ । दशैंको टीकाका दिन पचलीभैरवको सनिकट अभिमन्त्रित गरी सिद्ध भएको खड्ग गोरक्षनाथ मन्दिर (काष्ठ मण्डप) मा श्री ५ महाराजाधिराजका बाहुलीमा भैरवका पुजारीले टक्र्याउँछन् र श्री ५ बाट पुरानो खड्ग पुजारीको हातमा बक्सन्छ । यस पर्वलाई खड्ग साट्ने पनि भनिन्छ ।

नवरात्रिमा श्री ५ बाट नौओटा देवीपीठ र महाकाल भैरवसमेतको दर्शन गरिबक्सने परंपरा पनि चलेको छ ।

सांस्कृतिक र लौकिक पक्षको समन्वयात्मक चाड तिहार

कुनै चाडपर्वहरूको ऐतिहासिक धरातल खोज्दा निकै प्राचीन कालको परिवेश खोतल्न पुग्नु पर्ने हुन्छ । विष्णुको त्रिविक्रम नाउँ र तीन पाउले तीन लोक ढाकेको कथासँग बलिराजाको दानमहात्म्य जोडिएको कथा पुराणहरूमा पाइन्छन् भने, ऋग्वेद संहितामा पनि विष्णुको यो कथालाई बलदिने मन्त्रहरू पाइन्छन् । आदिम कालमा असुर जाति, देवजाति, मानवजातिका साथै यक्ष, गन्धर्व किन्नर, नाग, गरुड आदि जातिको अस्तित्व थियो र यी जातिको परम्परामा विलय भएको र कुनै जाति निशेष भएको वा अर्को जातिसँग एकाकार भएकोले आज समस्त जाति मानव जाति बनेको छ ।

संभवत: हाम्रो तिहार चाड वैदिककालदेखिकै हुनुपर्छ । असुर कुलका महान् राजा बलिले एकपटक तीनै लोकको राज्य गर्थे । त्यसबेला एउटा यज्ञ गरी जसले जे मागे पनि दान दिने ब्रत लिएर बसेको बेलामा काश्यपका कान्छा छोरा इन्द्रका भाइ भएर जन्मेका बटु वामनले बलिसँग तीन पाउ जमीन दान मागे । बलिले प्रतिज्ञा गरी तीन पाउ जमीन दिएपछि बामन रूप भएका विष्णुले एउटा गोडो बडाएर स्वर्ग र अन्तरिक्ष, एउटाले पृथ्वी ढाकिदिएकोले एक पाउ जमीन नपुगे वापत् बलिराजालाई नागपाशले बाँधेर तेस्रो पाउ जमीन माग्दा बलिले आफ्नो शिर देखाए । विष्णुले खुशी भएर बलिलाई सुतल नाउँको लोकको राजा बनाए र बरदान माग भन्दा विष्णुले चार महिना बलिलाई दर्शन दिन सुतलमा वसिदिनुपर्ने बर मागे । विष्णुले आषाढ शुक्ल एकादशीदेखि कार्तिक शुक्ल एकादशीसम्म बलिको पालेघरमा गएर सुत्ने तथा कार्तिक कृष्ण पक्षका अन्तिम पाँच दिन राजा बलिले तीनै लोकको राज्य भोग गर्न पाउने बरदान दिए । यसपछि देवता र मान्छेले गरेको राज्यभन्दा आफ्नो ५ दिनको राज्यमा विशेषता देखाएर बलिको राज्य भन्ने चिनाउन

पाँचै दिन दीपावलीले घर, गोठ, मन्दिर, प्रमुख बाटो, घाट झकिझकाउ पार्नुपर्ने, यसो गरेमा लक्ष्मी खुशी भएर दीपावलीको उत्सव मनाउनेका घरघरमा बस्नुपर्ने, यमराज पनि खुशी हुने वर पनि प्राप्त गरे।

त्यस बेलादेखि नै प्रतिवर्ष तिहारका पाँच दिन बलिराजाको राज्य मान्ने प्रथा चल्यो। इन्द्रादि दशदिक्पालले बलिराजालाई राज्य गर्न छाड्नु पर्ने हुँदा, यमराजले पनि वर्षका पाँच दिन बिदा पाउने भए। बिदाको दिनमा के गर्ने भनेर विचार गर्दा सधैं दाज्यू आउनुभएन भनेर पीर गर्ने बहिनी यमुनाका घरतिर गएर पाँच दिन गुजार्ने मन गरे। बहिनीको स्वागत-सत्कार पाएर अन्तिम बिदा हुने दिनमा आफू बहिनीबाट पूजिनु र बहिनीलाई पनि दाजुले पूजा आजा गरी वस्त्र आभूषणहरू दिएर भ्रातृ स्नेह जनाए। भाइको सत्कार गर्ने दिदी बहिनीको पूजासत्कार गर्ने दाजुभाइको आयु, कीर्ति बढ्ने धनधान्य वृद्धि हुने वरदान पनि दिए। यिनै कथाको आधारमा तिहारको यमपंचक नाउँ रहेको र यो चाडलाई ठूलो चाडको रूपमा मनाउने चलन चल्यो।

वर्षाऋतुको हिलो मैलो हटेको खेतीपातीको काम सकिएपछि मनाइने चाडपर्व इन्द्रजात्रा र दशैंको रमझमपछि आउने तिहारका रमाइला दिनलाई अझ रमाइलो बनाउन दीपावली गर्ने, जुवा खेल्ने, लक्ष्मीको पूजा, भाइको पूजा गर्ने परंपरा चल्यो। आदिम युगमा मुद्राको काम दिने गाई भएकोले आदि कालदेखि नै गाई लक्ष्मीको रूपमा मान्य भइन् भने खेतीपातीको निम्ति ठूलो सहायक बनेका गोरूले पनि कृषकहरूबाट सम्मान पूजा पाउनै पर्‍यो। यमदूतका रूपमा काग र कुकुरलाई पनि मानिन्छ। नारकीय यातना दिने काममा कुकुर यमराजका सहायक मानिन्छन्। यमराजको पूजा हुँदा उनका अनुचरले पनि पूजा संमान पाउनै पर्छ। फेरि कागलाई आफ्नो थलो छाडेर टाढा नजाने पंक्षी मानिन्छ भने गृहस्थीको घरगोठ रूँगिदिने सहायक कुकुर भएकोले पनि मान्यता पाउनु पर्‍यो। यसैले घरको नजिक बस्ने सानातिना फोहोर मैला किटाणु खाइदिने काग र सुरक्षा दिने गृहस्थको साथी बनेको कुकुरको पनि यो तिहारमा पूजा हुन्छ। गाई, काग, कुकुर, लक्ष्मी, गोरू, भैंसी, गोवर्धन पर्वत, बलिराजा, धर्मराज र यमुना, दिदी बहिनी र दाजुभाइ तथा

स्वयंको पनि पूजा मान्यता गर्ने तिहार पर्वको साँस्कृतिक महत्त्वको शास्त्रीय पक्षको साथै लौकिक पक्षलाई झन् बढी महत्त्व दिएको छ ।

पुरातनकालमा व्यापार गर्न टाढाटाढाका देशमा समुद्र नाघेर जानुपर्ने, डुङ्गा नाउबाट समुद्रको गर्भमा हुने रत्न मुगा, मोतीको खोजी गरी व्यापार गर्ने परंपरा भएकोले धनकी देवी लक्ष्मी समुद्रकी पुत्री मानिन्छन् । उत्तम रत्न र अमृतको लागि समुद्र मन्थन गरेको कथा हाम्रा सवै पुराणमा पाइन्छ । यस कथालाई प्रतीकार्थमा लिने हो भने पश्चिम एशियाका निवासी असुर दानव जाति र भारतमा बस्ने देवजाति भनिने समाजद्वारा रत्नको खोजी तथा व्यापारका लागि अरब समुद्रको मन्थन नै गरेका थिए भनेर मान्न सकिन्छ ।

धनकी देवी लक्ष्मीलाई समुद्रपुत्री मान्ने र व्यापारवृद्धि, वाटाको सुरक्षाको निम्ति पनि लक्ष्मीको पूजा गर्ने चलन वैदिककालदेखि नै चलेको मान्न सकिन्छ । ईशापूर्व १५०० वर्ष अगाडिदेखि नै लक्ष्मीका मूर्तिहरू पश्चिम एशिया र रोममा प्राप्त भएको कुरा पुरातत्त्वविद्ले उल्लेख गरेका छन् भने अन्य ऐतिहासिक अन्वेपणबाट पनि लक्ष्मीको मान्यता निकै पुरानो रहेको थाहा पाइन्छ । धनकी देवीको महिमा कुन देश कुन जातिलाई नचाहिने हुन्छ र !

वर्षाऋतुको समाप्ति र शरद्को पहिलो हिलो मैलोको पूरा समाप्ति भैसकेको अवस्थापछि आउने कार्तिक महिनाको रमाइलो दिनमा भगवती लक्ष्मीको आराधना गरी वर्षान्तको उत्सव मनाउने र शुक्लपक्षको प्रतिप्रदादेखि नववर्प प्रवेश भएको मानी नयाँ वर्षको प्रारम्भमा व्यापारका लागि देशविदेश जाने, समुद्रयात्रा गर्ने, व्यापारका लागि संकलन गरेका रत्न, दौलत, सर-सामानको पूजा र नयाँ बहीखाता गर्ने परंपरा चलेको छ । समुद्र किनारमा पर्ने दक्षिण भारत एवं पूर्वी भारतका क्षेत्रमा पनि कार्तिक शुक्ल परेवादेखि नयाँ वर्ष मान्ने चलन चलेको थाहा पाइन्छ । समुद्री यात्रामा जाने र पश्चिममा रोमसम्म, पूर्वमा पूर्वी एशियाका देशमा व्यापार गर्न जाने व्यापारीहरू प्रायशः दक्षिण भारतकै हुन्थे । यसकारण यो चलन दक्षिण भारतमा आज पनि पाइन्छ । दक्षिण र उत्तरको पनि व्यापार हुन्थ्यो । आदानप्रदानमा समता ल्याउन उत्तर तथा मध्य भारतका व्यापारी बनियाँ र व्यापारवृत्ति चलाउने अरू जातिले पनि

आफ्नो वहीखाता स्रेस्ताहरूमा यही कार्तिक शुक्लबाट शुरू हुने नयाँ वर्ष नै मान्दछन् । यस दिन धुमधामसँग अघिल्लो रात उपासना गरी पूजिएकी लक्ष्मीको आव्हान गरी वहीखाता पूज्ने चलन आज पनि जीवन्त छ ।

पुरातनकालदेखि ग्रहगति गन्न र अन्य कामको लागि पनि ज्योतिषीहरूले शक सम्वत्लाई मुख्य वनाएका थिए । यो सम्वत् उत्तर भारतमा र नेपालमा पनि चैत्रशुक्ल परेवादेखि शुरू भएको मानिन्थ्यो र उपत्यकाभित्र पनि लिच्छविकालमा यही सम्वत् चलेको थियो ।

यसैलाई आधार वनाएर अरू सम्वत् पनि चलेका थिए । पछिल्लो लिच्छविकालमा शक सम्वत् ८०० हुँदा त्यसपछि आठ सय एक आठ सय दुई गर्दै एक शदीसम्म नै आठबाट गणना गर्नुपर्ने भएको र आठको अंक अशुभ सूचक भनी समाजले मान्ने गरेकोले शक सम्वत् ८०१ देखि नेपालमा एक दुई गरी नयाँ सम्वत् गन्ने चलन चल्यो । यस सम्वत्लाई पहिले पशुपतिभट्टारक सम्वत् भन्ने र शंखधर सम्वत् भन्ने गरेको पाइन्छ भने मल्लकालमा यस सम्वत्लाई नेपाल सम्वत्को नाउँले चलनमा ल्याएको पाइन्छ । साथै गणितमा चैत्रादि शक सम्वत् माने तापनि नेपाल सम्वत्लाई भने कार्तिक शुक्ल परेवादेखि मान्ने गरिन्छ । यो किन भयो भन्ने कुरा खोजीकै विषय भए पनि नेपाल सम्वत्ले नेपालको स्वतन्त्र राष्ट्रको परिचय दिने आफ्नो सम्वत् भएकोले यसको राष्ट्रिय एवं सांस्कृतिक महत्त्वलाई बिर्सन भने सकिंदैन । अत: नेपाल सम्वत्लाई उपत्यकाभित्रको मात्रै नबनाई नेपालव्यापी बनाउन सके यसको सांस्कृतिक महत्त्व अझ बढ्ने कुरामा दुई मत हुनेछैन ।

तिहारको महत्ता र परिवेश

कुनै पनि सांस्कृतिक चाडपर्वहरूमा विभिन्न लौकिक र शास्त्रीय कामकुराहरू जोडिँदै जान्छन् जसमा मनोरञ्जनको पनि भूमिका रहन्छ । जताततै फूल फुलेर रमझम भएको, फलहरू पनि पुष्ट भएर आफ्नो तरुण अवस्थाको लाली र रसले पूर्ण देखिने तथा खेतमा सुनौला धानका वाला झुलेको बहार, बारीमा पहेंलपुर तोरी फुलेको रमाइलो अवस्थामा आउने चाड तिहारको आफ्नै महत्व छ । मन प्रफुल्ल भएपछि रमाइलो गर्न मन लाग्छ । मीठो खानु, राम्रो लाउनु, मोजमज्जा गर्नु नै चाडको

महत्त्व भएकोले तिहारमा नाना किसिमका रोटी पकाई खाने, जूवा खेल्ने, नाच गान गर्ने, भैलो र देउसी खेल्ने गरिन्छ । असुर राज्यमा भौतिक सुविधा गर्ने छूट हुन्छ । मोजमज्जा गर्न बाधा बन्धन त्यति हुँदैन । समाजले नरुचाउने काम, खानु पिउनु, वेश्यागमन, जूवा खेल्नु, घरघर गएर माग्नु, नाच्नु, गाउनु गरेर हँसाउनु आदि काम गर्न यो पाँच दिनलाई शास्त्रले पनि छूट दिएको छ । जूवा वैदिक कालभन्दा पनि पहिलेदेखि नै चलेको खेल हो भन्ने कुरा ऋग्वेदको एउटा सूक्तबाट थाहा हुन्छ । उक्त सूत्रबाट जूवा खेल्ने लत खराव हो । त्यसबाट जहान छोराछोरीबाट पनि अपमान पाइन्छ । तर खेलेको देखेपछि खेलौं खेलौं लाग्ने, खेल्दा सम्पत्ति स्वाहा हुने भएकोले रूनुपर्ने हुन्छ भन्ने कुराको अभिव्यक्ति यस सूक्तबाट पाइने भएकोले जूवा खेल्थे तर जूवाडेको समाजमा इज्जत थिएन भन्ने कुरा थाहा पाइन्छ ।

पौराणिक कथामा शिव पार्वतीले, गणेश र कुमारले पनि जूवा खेलेका थिए । बाघाम्वर, कमण्डलु, साँढे र लगौटी समेत पार्वतीले मारेकोले, बेहाल भएर नाङ्गै भौतारिएका शिवको रोचक कथाले पनि तिहारमा जुवा खेल्नै पर्ने शास्त्रको सम्मति प्राप्त छ । दीपावलीको रमाइलो हेर्दै आएकी लक्ष्मीले लक्ष्मी पूजापछि ठिटीहरूसँग जूवा खेल्दा लगौटी पनिं हारेर विचल्ली परेको व्यक्तिलाई देखी लक्ष्मीले धनधान्यपूर्ण बनाइदिएको कथा पनि पुराणसंहितामा पढ्न पाइन्छ । यसरी मनोमानी गर्न छूट दिएको चाड तिहार नेपाल र भारतमा पनि सर्वत्र मनाइन्छ । त्रयोदशीका दिन कागलाई पूजा गरी भोजन दिने, चतुर्दशीका दिन कुकर पूजा गरी भोजन दिने र औंसीको दिन गाईको पूजा गरी मीठो राम्रो कुरा खान दिने र साँझमा भगवती लक्ष्मीको धूमधामसँग पूजा गरी दीपावली गरिने यो पर्व भारत र नेपालमा उस्तै प्रकारले मानिन्छ । सांस्कृतिक परंपराबाट आएकोले कानूनी निषेध भए पनि, घर घरमा जूवा खेल्ने खेलाउने गरिन्छ ।

तराईतिर बलिराजाको चित्र लेखेर पूजा गर्ने चलन कहीं कहीं पाइन्छ भने, पहाडतिर बलिराजाको प्रतिमा थापेर वा सुपाडी नरिवल स्थापना गरी पूजा गर्छन । साथै गाईका गोबरको पहाड बनाई गोवर्धनको पूजा गर्ने चलन पहाड र तराईमा पनि छ । बलिराजा र

गोवर्धन पूजा कर्तिक शुक्ल परेवा, जसलाई गोरू तिहार भन्छन्, त्यस दिन गर्छन् । यस दिन गोरू बाच्छाको पूजा गरी नून, पीठो, रोटी, आदि पक्वान्न पनि खान दिइन्छ । सनपाटका रङ्गीचङ्गी डोरी बाटी दाम्ला नाथ (नाकमा लाउने डोरी) गलेंसी (घाँटीमा बाँध्ने छोटो मोटो डोरी) ले सजाई विभिन्न रङ्गले गोरूलाई छाप लगाई बुट्टा भरी चरन पोखरीमा निकाल्ने र बलिया गोरूहरू जुधाएर हारजीतको रमाइलो गर्ने प्रथा तराईवासी कृषकहरूमा चलेको पाइन्छ । दास प्रथा जीवित छँदा खेतीपातीको काम गर्ने दासहरू पनि गोरूसँगै पूजिन्थे । नयाँ कपडा मीठो खाना पाउँथे । आज भोलि त्यस दिनलाई प्राय: हलीतिहार भन्ने र वर्षामा हलो जोतेर खेती लगाइदिने हलीलाई बोलाई मानभाउ गरी मीठो खान दिने चलन गाउँघरमा चलेकै छ ।

उपत्यकाभित्रका नेवारजातिमा 'म्ह' पूजाको नाउँले गरिने स्वपूजा वा आत्मपूजा पनि यसै दिन गरिन्छ जसमा हिन्दूदर्शनको दार्शनिकता लुकेको पाइन्छ । 'म' भनेको आत्मा अर्थात् ईश्वर हो भन्ने दार्शनिक विचारलाई मान्ने हो भने 'म्ह' पूजा भनेर आफूले आफैंलाई पूजा गर्नु पनि विशिष्ट पक्ष हो । यो नेपाल उपत्यकावासीको आफ्नो सांस्कृतिक महत्त्व दर्शाउने पक्ष पनि हो । भैलो खेल्ने र देउसी खेल्ने पनि नेपाली जातिको विशेष सांस्कृतिक पक्ष हो । लक्ष्मीको रूपमा परापूर्वदेखि पूजित गाईको विहान पूजा गरी साँझमा दीपावलीले सजधज गरी लक्ष्मीको आवाहन र पूजा गरेपछि, गाउँघरका तरुणी तथा केटाकेटी जम्मा भएर मीठो स्वरमा 'गाईतिहारे भैलो' भनेर गाउँदै घर घरमा माग्दै हिंड्छन् । जूवा खेलेर होस्, मागेर होस्, नाचगान गरी रमाइलो देखाएर भए पनि लक्ष्मी जम्मा गर्नु उद्देश्य भएकोले यी सबै कर्म तिहारमा गरिन्छन् । भैलो शब्द भेलावाचक पनि हुन सक्छ र आज गाईतिहार हो भन्ने चाडसूचक पनि । 'हामी त्यसै आएनौ बलिराजाले पठाए' भनेर भैलो खेल्दा बलिराजाका यी पाँच दिनमध्ये पनि कुनै कुनै शास्त्रीय कथनमा औंसीदेखि ३ दिनको महत्त्व बढी बताएकोले भैलो खेल औंसीका दिन शुरू गरिन्छ । भोलिपल्टदेखि देउसी खेल्ने चलन छ ।

देउसीको तात्विक अर्थ

राजा बलिले विष्णुलाई शिर नै दिएका थिए आजको दिनमा । त्यस्तै तिमी पनि हामी माग्नेलाई बलिले जस्तै शिर पनि दिन सक्छौ भन्ने अर्थमा यो शब्द चलेको बुझिन्छ । शिर समर्पण गर्ने बलिले विष्णुबाट जति बरदान र एश्वर्य पाएका थिए, त्यस्तै तिमी पनि दान गरेर आशीर्वाद थाप भन्ने देउसीको कथन छ र रोटी, चामल, पैसा दिएपछि आँगनमा घुमी-घुमी विष्णुरूप अतिथि बनेर माग्न आउने देउसेहरूले आशीर्वाद दिन्छन् । कुन ठूलो कुन सानू नभनेर सबै माग्न जाने र गरीब धनी सबैले दिनैपर्ने यो रमाइलो पर्वलाई हामी तिहार भन्छौं । छिमेकी भारतमा दिवाली वा त्यौहार (चाड) भन्छन् । किन्तु उता भैलो र देउसी खेलिदैन । मारूनी ड्यौडा झ्याउरेनृत्य खेलेरय पनि यस पर्वमा मागिन्छ । असुर राजा बलि भौतिकतत्वप्रति आस्था राख्छन् जसको उद्देश्य जसरी पनि कमाऊ, मोज गर, रमाइलो गर भन्ने हो । भौतिक सुख सुविधाको उपभोग गरी रमाइलो गर्दा यमराजले पनि छाडिदिनुपर्छ ।

भोलिपल्ट द्वितीयाको दिन दाजुभाइलाई दिदी-बहिनीले पूजा गरी, टीका लगाई मीठो खान दिन्छन् र दाजुभाइले पनि दिदी-बहिनीको सत्कार गरी पूजा गर्ने तथा वस्त्र आभूषण दिने गर्छन् धर्मराजको वरदानले गर्दा भाइको सत्कार गर्ने दिदी-बहिनीको ऐभाँत वृद्धि हुन्छ भने, दाजुभाइ दीर्घजीवी हुन्छन् । दिदी बहिनीकै घरमा खानुपर्ने र भेटघाट हुने यो पर्वको लौकिक महत्त्व पनि बेग्लै मान्नु पर्छ । हिन्दू जातिका अरू चाडवाडमा देवी, देवताको पूजा उपासना मात्र हुन्छ र खुशियाली मनाइन्छ । तिहारमा काग, कुकुर, गाई, गोरू र दिदी-बहिनी दाजुभाइको पूजा हुने हुँदा यो पूरापूर भौतिक उपासनाको चाड देखिन्छ । लक्ष्मीको पूजा गर्दा पनि सुन, चाँदी, जुहारत, रूपियाँ-पैसा, भाँडाकुँडा आदिलाई लक्ष्मीको प्रतीक मानेर पूजा गरिन्छ, जो भौतिक पदार्थ हुन् ।

खानपान र जूवाले सम्पन्नशालीको रमाइलो बढाउँछ भने निम्न परिवारहरूको तिहार, देउसी, भैलो, नाचगान र विशेष खानपानले । यो चाड समस्त जातिहरूको भए पनि 'म्ह' पूजाको परम्परा र देउसी भैलोको अनिवार्यताले गर्दा नेपालको सांस्कृतिक पक्षले भने विशेष स्थान राख्दछ । जसमा शास्त्रीय र लौकिक दुवै पक्षको समन्वय र महत्त्व

रहेको छ । जुम्लामा मल्लपछि वलिराजा नामक राजा राज्य गर्थे र उनैले चलाएको देउसी प्रथा भन्ने पनि कसैले अड्कल गरेका छन् । पश्चिम नेपालबाट नै पूर्वसम्म फैलिएको देउसी भैलो प्रथा मान्ने हो भने पनि यसमा शास्त्रीय पक्षकै आविर्भाव भएको संस्कृति पक्ष भन्नु उचित हुन्छ ।

फागुपूर्णिमा र यसको सांस्कृतिक महत्त्व

आर्य संस्कृतिभित्र फागुपूर्णिमाको विशेष स्थान छ । ऐतिहासिक अन्वेषण गर्दा होलीपर्वको शुरूवात त्रेतायुगको प्रारम्भतिर भएको मान्नुपर्छ र पौराणिक कथनको आधारमा होलिका दहनलाई मान्ने हो भने यसलाई सत्ययुगीन पर्वको रूपमा मान्नुपर्छ । यस आधारमा हिन्दूजातिका महान् पर्वमध्ये फागुपूर्णिमाको रङ्गीनपर्व अन्य पर्वभन्दा जेठो मान्नुपर्ने हुन्छ ।

पौराणिक कथाअनुसार दितिकापुत्र हिरण्यकशिपुले त्रैलोक्य विजय गरी शासन गर्न लागेको इतिहास आदिम युगको हो । पश्चिम एशियाका मुलुक इरान, इराक तथा अरबदेशमा भौतिक सभ्यताको विकास गरेर प्रशासन गर्ने असुर कुल भौतिक विज्ञानमा आस्था राख्तथे र पंजाव (सप्तसिन्धुप्रदेश) मा आवाद भएका आर्यजाति जो आफूलाई देववंशी वा मानववंशी भन्दथे, उनीहरू अध्यात्म-दर्शनका पक्षपाती, ग्रामीण सभ्यतामा रुचि राख्ने समाजमा जीवन यापन गर्दथे । अत: असुरकुल र देवकुलको बराबर संघर्ष हुन्थ्यो र जयपराजय भई नै रहन्थ्यो । हिरण्यकशिपु पुत्र प्रल्हाद विष्णुभक्त भएर निस्के । उनी भौतिक सभ्यतामा विश्वास गर्ने व्यक्ति हुँदा बाबु छोराको बीच वैमनष्य बढ्यो । प्रल्हादलाई देवकुलको दर्शनमा विश्वास राख्ने हुँदा मार्नको लागि विभिन्न प्रयास गरियो । त्यसमध्ये आगामा डढाउने प्रयत्न पनि एक हो । हिरण्यकशिपुकी एउटी बहिनी थिइन- होलिका, जसलाई अग्निको तातो समन गर्ने तान्त्रिक सिद्धि प्राप्त थियो । दाजु हिरण्यकशिपुको आज्ञा पाएर होलिका दाउराको खलियामा आगो लगाएर भदाहा प्रल्हादलाई लिएर आगोमा पसिन् । तर दैवइच्छा अग्नि शीतल हुने क्रियाले प्रल्हादलाई सुरक्षा गऱ्यो, त्यसको सट्टा होलिका खरानी भइन् । पछि नृसिंहद्वारा हिरण्यकशिपु मारिएकोले प्रल्हादको विजय भयो । यो कथनको रूप जेजस्तो भनिए तापनि, यो भौतिक विज्ञानमाथि अध्यात्म विज्ञानको विजय थियो । साथै भौतिकवादीको कुलमा अध्यात्मवादीको विजयकथालाई

जीवन्त गर्न होलिका दहन गर्ने र उत्सव मनाउने चलन चल्यो । भौतिकवाद र अध्यात्मको द्वन्द्वभित्र अध्यात्मको विजय कथा र इतिहासमा पहिलो कथा भएकोले यसलाई संझाउन फागुको उत्सव शुरूभएको मान्नुपर्छ ।

हिन्दूहरू रातो रङ्गलाई पवित्र सौभाग्यवान् मान्दछन् । साथै पहेंलो रङ्ग पनि सौभाग्यको द्योतक मानिन्छ । प्रत्येक उत्सवमा लावा, अबीर, दूवो, पुष्पगुच्छाले देवपूजा गर्ने र विजययोद्धाको स्वागत गर्दा पनि उक्त कुराकै प्रयोग गर्ने चलन हामी आदिकालदेखि नै चलेको पाउँछौं ।

अर्को पौराणिक कथाअनुसार राजा युधिष्ठिरले होलिका पर्वको वारेमा श्रीकृष्णलाई प्रश्न गर्दा श्रीकृष्णबाट आज्ञा भयो– अघि चक्रवर्ती राजा रघुको राज्यमा ढुण्डा नाम गरेकी राक्षसीले राती आएर केटा-केटीहरूलाई हरण गर्ने, दु:ख दिने गरेकीले महाराज रघुको दरबारमा गएर जनताले आफ्नो दु:ख निवेदन गरे । त्यसवेला महर्षि नारद त्यहीं भएकोले राजाले के गर्ने भनेर सोधे । नारदले भने, "राजन् ! आज फागुन पूर्णिमाको दिन हो । जाडो सकिएर गर्मी शुरू भयो, वसन्तको प्रारम्भ भएको आजको दिनमा हातमा काठका तरवार खुँडा, खुकुरी लिएर केटा-केटीहरू हाँस्तै खेल्दै निस्कून् । सुकेका काठ ढुङ्गाहरू चौवाटोमा थुपारेर आगो लगाऊन् र रक्षामन्त्र पढेर हवन गरून् । अग्निलाई तीन पटक परिक्रमा गरेर त्यहाँ जम्मा भएका नगरवासी तथा ग्रामवासीहरूले जानेजति लाज़भाँडका शब्दहरू बोलून् । भगलिङ्गवाचक शब्दहरू बोलेर हाहा हूहू गर्दै नाचगान गरून् र यसो गर्दा त्यस राक्षसीको सारा शक्ति नाश हुन्छ र ऊ समेत नाशिन्छे । यसपछि सबै वालकको रक्षा हुन्छ ।"

नारदले भनेबमोजिम गर्दा त्यो ढुण्डा नाम गरेकी राक्षसीको विनाश भयो र यो होलिका पर्व चल्यो भनेर श्रीकृष्णले युधिष्ठिरलाई वताएको कथा पुराणमा पाइन्छ ।

विष्णुधर्मोत्तर पुराणमा चाहिं त्यस दिन जिउमा माटो-धूलो घस्नु, धूलो माटो मिसेको हिलोमा स्नान गर्नु, हिलो छ्यापाछ्याप गर्नु र चौका वनाएर त्यसमा फूलपाती, अवीर आदि पर्वत, पृथ्वी, धारणी देवीको 'अशोका' (शोकनाश गर्ने) भनेर पूजा गर्नु भन्ने उक्ति पनि पाइन्छ । पौराणिक कथाले कुनै पर्वको व्याख्या गर्दा त्यसमा अनेकन् अरू

विषयहरू पनि थप्दै जाने हुनाले त्यस्ता प्राचीन पर्वहरूको परम्पराभित्र अनेकन विषयहरू थपिंदै गएर विशाल सांस्कृतिक पर्वको परम्परा चल्छ। यसअनुसार हिलो, धूलो, फागु, रङ्ग खेल्ने चलन चल्यो। पुराना पर्वहरूका शास्त्रीय महत्त्वको साथै मनोरञ्जनका निम्ति पनि उपादेयताले गर्दा परम्पराहरू लम्बिएको पाइन्छ। ८ दिनको इन्द्रजात्रा पर्व, १० दिनको दशैं पर्व, जस्तै फागुपूर्णिमा पर्व पनि आठ दिनको बनेको पाइन्छ। अष्टमीदेखि नै रसरङ्ग शुरू हुन्छ। फागुन शुक्ल अष्टमीको दिन मात्रै चीर ठड्याउने चलन छ।

काठमाडौंमा राजदरबार (हनुमानढोका) नजीक गोलो र तीन छत्र भएको चीरको प्रतीक गाडिन्छ र त्यो छत्रका झल्लरहरूमा रङ्ग विरङ्गका ध्वजाहरू बाँधिन्छ। गोल परेका चारैतिर हाँगा भएको चीर गाड्ने रूख मयल भन्ने रूखको हाँगो प्रयोग गरिन्थो। त्यसको अभावमा बाँसका भाटाहरूबाट पनि चीर तयार हुन्छ।

चीर गाडेपछि त्यसको अबीर आदिले पूजा गर्ने, होलीगीतको राग गाउने र परस्परमा अबीर दली लोला हानी फागुको शुरुआत गरिन्छ।

होलीको रसरङ्ग गीत र रागहरूको गायन र वादन, अनेक चीजबीज परिकार बनाएर खानपान गर्ने विषयमा पहिलेका राजाहरू स्वयं सरीक हुने गर्दथे र राजदरबारकै नजीक चीर ठड्याइन्थ्यो। होलिको मन्त्र पढेर 'कल्याण गर' भन्ने विधिविधान पनि शास्त्रमा भएको पूजाआजा पनि हुन्थ्यो। यस्ता जात्रापर्वले पुरानो युगमा मनोरञ्जन गर्थ्यो र जात्रा पर्वहरू लोकप्रिय थिए।

चीर ठड्याएपछि नृत्य गीत, वाद्यवादन गरी रमाइलो गर्ने र गीतमा लाज भाँड प्रयोग गर्ने हुंदा राजदरबारको लागि पनि यो नयाँ विषय हुन्थ्यो। गाईजात्रामा प्रयोग हुने हास्य व्यङ्ग्यको जुन महत्त्व थियो, त्यस्तै फागुको आठ दिनले रसरङ्गमा अनौठोपन थप्ने हुंदा सांस्कृतिक पर्वको पनि निकै महत्त्व रहेको थाहा पाइन्छ।

नेपालको तराई क्षेत्रमा बस्ने जातिहरूको निम्ति फागपर्वको रसरङ्गले निकै नै प्रभाव जमाउंछ। अष्टमीदेखि नै टोलटोलमा बूढापाका, युवक, केटा-केटी जम्मा भएर ढोलक ठटाएर होरीगीत गाउने गर्छन्। होलीमा गाउने गीतहरू अश्लील हुने भएकोले निर्भीक भएर गाउन

नशालु चीज भाङ, गाँजा र रक्सी खाएर मस्त भएपछि गाउने चलन छ। होरी (होली) गीत गाउँदा भनिएका लाजभाँडका शव्दहरू समाजका निम्ति अप्रिय हुँदैनन्। विशेष पर्वको महत्त्व वढाउन गरिने लाजभाँडका गीत र गालीले मनोरञ्जन नै हुन्थ्यो।

प्रत्येक गाउँमा चीर ठड्याउने र होरी गाउने, अवीर लगाउने गर्दछन् भने यो आठ दिनभित्र गाउँ घरमा विवाह उत्सवहरू पऱ्यो भने रङ्ग छेप्ने र दही वेसारले रँगाइदिन सवैलाई छूट हुन्छ। तराईवासीहरू रातो रङ्गलाई मङ्गलदायक सम्झन्छन्।

होरीगीत गाउँदा गाउँघरका ठूलामानिस, जमिन्दार, महाजन, व्यापारीहरूका वड्घरा (पाउनाघर) अथवा सभाघर भनौं त्यसमा जम्मा भएर गाउँने गर्छन्। प्रत्येक गाउँमा धनीमानी जमिन्दारहरूको घर आँगनको प्राङ्गणवाहिर अलग ठाउँमा यस्ता वड्घरा हुन्छन् जहाँ वेलुकी गाउँलेहरू जम्मा भएर गफ गर्ने, कथा कहानी भन्ने, स्थानीय गीत गाउने गर्छन्। गाउँमा कसैको घरमा पाहुना आए भने वा धनीमानी व्यक्तिका पाहुनाहरूलाई यस्तै वड्घरामा राखिन्छ। चिया जलपान पनि त्यहीं हुन्छ र केवल खानको निम्ति मात्र घरको आँगनभित्र लगिन्छ।

वड्घरा घरबाट अलग भएकोले त्यहाँ भएका गफगाफ, गीत, कथा घरभित्र वस्ने स्त्रीजातिले सुन्न सक्तैनन्। अतः होरीगीत गाउने ठाउँ त्यही वड्घरा हुन्छ।

ढोलक बजाएर होरीगीत गाउने व्यक्तिहरू जोसुकै हुन्, आफ्ना बडघरामा आएर होरी गाउँछन् भने सम्मान पाउने व्यक्ति वा जमात ठहरिन्छन्। उनीहरूलाई ल्वाङ, सुपारी, पान-मसला आदिले सत्कार गर्नु, गाँजा, भाङ पियाएर मताउनु आदि बड्घराका धनी व्यक्तिको कार्यक्षेत्रभित्र पर्दछ। अझ होरीगीत गाउने टोली होरीकै दिन अर्थात् पूर्णिमाको भोलिपल्ट जम्मा भएका छन् भने पानमसला बाहेक हलुवा पुरी, मालपुवा, ठेकुवा आदि खाद्य पदार्थले स्वागत गरिन्छ।

होरी गाएर होस् अथवा फगुवाको दिन, रङ्ग थाप्न होस् आफ्ना मान्यजनका घरमा जानैपर्छ। बोलचाल छुटेका आवतजावत बन्द भएका बन्धुवर्गका घरमा फगुवाको दिन फागु थाप्न जानु अनिवार्य जस्तै मानिने हुनाले टुटेका नाता मित्रहरू पुनः जोडिने र भाइचारा चल्ने हुन्छ।

मर्दापर्दा भने जस्तै हाम्रो समाजमा बोलचाल नभए पनि जन्ती मलाम जाने र मान्यजनका हातको टीका थाप्न दशैंमा जाने परम्परा पनि टुटिसकेको छैन । त्यस्तै तराई तथा छिमेकी देश भारतको हिन्दू समाजमा फागु पूर्णिमा पर्वले टुटेको सम्बन्ध पुन: गाँसिन्छ । धनीमानी व्यक्तिले नाता गोता र प्रतिष्ठित व्यक्तिलाई निम्ता गरी खान पान गराइन्छ ।

अष्टमीदेखि रङ्ग खेल्ने, अवीर दल्ने, होरीको लाजभाँड अश्लील शव्दले बनेको गीत गाउने परम्परा पूर्णिमाको दिन साँझमा चीरदाह गरेपछि अन्तिम अवस्थामा पुग्छ र भोलिपल्ट परेवाको दिन बिहान हिलो र धूलो खेलिन्छ । १०-११ बजेपछि स्नान गरी सेता नयाँ कपडा लगाई धनीमानी व्यक्तिले रङ्ग खेल्दछन् भने निम्न वर्गले पुरानै भए पनि धोएको सेतो कपडा लगाई रङ्ग खेल्छन् । शास्त्रीय प्रमाणले प्रदोष छलेर पूर्णिमाले रात्रि भेटेको छ भने चीर दाह हुन्छ र यसपछि होलीको रसरङ्ग मनाइने चलनअनुसार पूर्णिमाको भोलिपल्ट होली खेल्ने दिन पर्दछ । तर हाम्रो उपत्यका र पहाडी क्षेत्रमा भने पूर्णिमाकै दिन फागु खेलिन्छ ।

मिथिला, वंगाल, उत्तर प्रदेशका छिमेकी प्रदेशमा हिन्दू जातिको महान् सांस्कृतिक पर्वको रूपमा मनाइने फागुको रसरङ्गको प्रभाव नेपाल उपत्यकामा पनि पर्नु स्वाभाविक थियो । अत: ऐतिहासिक अन्वेषण गर्ने हो भने पनि मल्लकालमा यस्ता पर्वको अधिक मान्यता रहेको थियो भन्ने कुरा हनुमानढोका दरवारअगाडि चीर ठड्याउने र फागुको राग गाउने परम्पराले हामीलाई सम्झाउँछ । मल्लकालीन संस्कृतिको परम्परा शाहकालीन नेपालमा पनि कायम रह्यो । ००७ साल अगाडि फागुपूर्णिमाको दिन श्री ५ बाट फागु थाप्न सेता नयाँ कपडा लगाएका भाइभारदारहरू नारायणहिटी राजदरबारमा जम्मा हुन्थे । विभिन्न रातो, पहेंलो, हरियो नीलो रङ्गका पोखरीमा चोभेर रमाइलो गरिन्थो र राणाजीका दरवारमा पनि यो रसरङ्ग चल्दथ्यो । मोफसलका बडाहाकिमले पनि यो पर्व राम्रोसँग मनाउँथे ।

आफ्ना मान्यजनकहाँ दशैंको टीका थाप्ने चलन जस्तै फागु थाप्न जाने चलन थियो, जो अब विलुप्त भएको छ । चीर खडा गर्ने र चीरदाहको परिपाटी भने कायम नै छ तापनि भव्यता छैन । पहिले पहिले रङ्ग छेप्ने पिचकारी, युवा र केटाकेटीका हातमा हुन्थे र स्त्रीपुरुप

जसलाई पनि रङ्ग छेप्ने र फागु दल्ने परम्पराले नराम्रो झगडा उठ्ने गरेकोले सरकारद्वारा राणाकालमा नै बटुवालाई रङ्ग छेप्ने र अबीर दल्न नपाउने व्यवस्था गर्नुपऱ्यो, जसबाट परम्परागत रसरङ्गमा शिथिलता आउँदै गयो र यसको अवसान नै भयो भने हुन्छ । आजभोलि खालि पानी भरेका लोला फ्याँकेर केटाकेटीहरूले फागुको पक्ष शुरू भएको इङ्गित गर्छन् तापनि यसको भव्य परम्परा उनीहरूलाई थाहा छैन । कहीं कहीं आपसमा मिलेर रङ्ग खेल्ने र अबीर खेल्ने गरेको देखिन्छ ।

पूर्वी नेपालका पहाडी क्षेत्रमा कहीं कहीं फागुको चहलपहल देखिन्छ तापनि व्यापकता छैन । चीर उभ्याउने र फागु थाप्न घरघर जाने तथा विभिन्न परिकारहरू बनाई खाने खुवाउने प्रथा पनि छैन । तर पश्चिमी नेपालका केही क्षेत्रमा फागुको चाड राम्रोसँग मनाउने, चेलीबेटी जम्मा गर्ने चलन बाँकी नै छ । ती क्षेत्रमा दशैंको त्यति महिमा छैन ।

नेपालको तराई क्षेत्र निकै ठूलो जनसंख्याले भरिएको छ । जहाँ दशैंको त्यति महत्त्व र मान्यता छैन । घर घरमा भगवतीको उपासना गरी जमरा राखेर विजयाको दिन जमरा (जन्ति) बाँड्ने भएता पनि मान्यजनकहाँ पुगेर प्रसाद स्वरूप रातो टीका थापेर आशीर्वाद लिने चलन छैन । त्यसको सट्टा नयाँ कपडा लगाउने, विभिन्न परिकार बनाएर खाने खुवाउने, सबैजसोले भाङ, घोटा खाएर मस्त हुने र नाच-गान गरी घरघर पुगेर होलीको टीका थाप्ने परम्पराले पहाडी क्षेत्रको दशैंपर्वको प्रतिनिधित्व फगुवाले गर्दछ ।'

चीर खडा गर्ने परम्परालाई भगवान् श्रीकृष्णको चीरहरणको कथासँग जोड्ने प्रयास पनि गरिन्छ । किन्तु चीरहरण मंसिरमा भएको थियो र 'फागु' फागुनमा हुन्छ । तर कृष्णको भूमि मथुरा वृन्दावनमा होलीको भव्यता भने अवर्णनीय नै हुन्छ । कृष्णकालीन युगमा पनि होरीको रसरङ्ग भव्य रूपमा हुन्थ्यो भन्ने कुरा पौराणिक कथा र परम्पराबाट पनि थाहा पाइन्छ । विचारणीय प्रसङ्ग चाहिं के छ भने विश्वकै जातिको सभ्यताभित्र मनाइने सांस्कृतिक पर्वहरूको कुनै न कुनै पक्षमा समता रहेको पाइन्छ । हिन्दू परम्पराको चीर खडा गर्ने परम्परासँग हामी इशाईहरूको वडादिन किसमससँग तुलना गर्न सक्छौं । त्यहाँ हाम्रो चीरजस्तै रङ्गीचङ्गी पारेर रूखकै हाँगो ठड्याउने चलन छ भने एशियाली मुलुक चीन, जापान आदिमा लिङ्गो उभ्याएर गरिने

जात्रापर्व उत्सवहरू छन् । आदिमयुगमा मानवजातिको आश्रय एवं छहारी वनेको तथा फलफूलले जीवन यापनमा सहयोग गर्ने वृक्षदेवताको महत्त्व कुनै न कुनै रूपमा विश्वमानव सभ्यताभित्र जीवन्त छ भन्ने कुरा विवादरहित नै छ भन्नुपर्छ ।

होलीको परम्पराले छिमेकी भारतमा कहिलेकाहीं झगडा पनि सिर्जना गर्छ । तर यसले परम्परालाई तोड्न वा महत्त्व घटाउन सक्तैन । वैष्णव मन्दिर राधाकृष्ण सम्प्रदायभित्र होलीको झन् विशेपता रहेको पाइन्छ । होलीपर्व, कुनै देवताको व्रत, उपासना वलिदान आदि नगरी मनाइने शुद्ध सांस्कृतिक पर्व भएकोले शैव, शाक्त, वैष्णव आदि साम्प्रदायवादी हिन्दू सभ्यता पनि सर्वमान्य भएको पाइन्छ । नेपालको पहाडी क्षेत्रमा दशैंले जसरी रीनकर्जा गरेर पनि नयाँ लुगा लगाउने र मीठो खानेले सताउँछ, त्यस्तै तराईमा फागुले रीनकर्जा गरेर पनि पर्व मनाउनैपर्ने वाध्यता छ । तराई क्षेत्रमा व्यापक र पहाडी क्षेत्रमा पनि थेर-थोर यस पर्वको महत्ता भएकोले फागु पूर्णिमा राष्ट्रियपर्वको रूपमा स्वीकार गर्नुपर्छ । छिमेकी भारतका हिन्दू जातिको निम्ति भने यो सवैभन्दा ठूलो पर्व वनेको पाइन्छ ।

♥

नेपालीको महान् पर्व शिवरात्रि

हिमालयको काखमा रहेको हाम्रो देश नेपाल शिवशक्तिको देश मानिन्छ । हिमालय शिवको क्रीडाभूमि र हिमालयपुत्री पार्वतीको प्रियतम भूमि नेपालमा भगवान् पशुपतिनाथ राष्ट्रिय देवताका रूपमा पूजित छन् भने गुह्येश्वरीको पीठ, वत्सलापीठका साथै भगवती तुलजा मानेश्वरीको रूपमा पूजित दिगुलीतलेज्यू आदि प्रमुख पीठहरू यहाँ छन् । महाभारत वनपर्वको कथनअनुसार वृषभध्वज भगवान् उपत्यकाका प्रमुख देवता हुन् । ईशापूर्व दोस्रो शदीका भनेर मानिएका पतञ्जलिले महाभाष्यमा शतसहस्रिका भनेर महाभारतमा उल्लेख गरेकाले एक लाख श्लोकयुक्त महाभारतको संकलन इ.पू. दोस्रो शदीभन्दा अगाडि नै भइसकेको थियो र नेपालका वृषभध्वज पशुपति भारतमा पनि प्रसिद्ध थिए भन्ने थाहा पाइन्छ ।

भगवान् शिवको आराधना-पूजाका लागि फाल्गुण कृष्ण चतुर्दशी, जसलाई शिवरात्रि भनिन्छ, मुख्य दिन हो । पौराणिक कथाअनुसार प्रलय भएर समस्त पृथ्वी जलमग्न भएको बेला ब्रह्मा र विष्णुलाई तमोगुणले छोपेकाले तँ ठूलो र म ठूलो भन्ने अभिमान चढेकाले झगडा भयो । यो देखेर उनीहरूका अगाडि एउटा तेजोमय ज्योतिर्लिङ्ग प्रकट भयो । यसको आदि अन्त्य देखिँदैनथ्यो । त्यस बेला आकाशवाणी भयो, यसको फेद टुप्पो जसले पत्ता लगाउँछ त्यही नै महान् हो ।

यो सुनेपछि ब्रह्मा र विष्णुले सल्लाह गरेर ब्रह्मा टुप्पो पत्ता लगाउन आकाशतिर लागे, विष्णु फेद पत्ता लगाउन पाताल लागे । विष्णुले महापातालमा बस्ने शेषनागलाई भेटेर सोधे । शेषले भने– "यो भगवान् शिवको आदिअन्त्यहीन ज्योतिर्लिङ्ग हो, फेद पाउन सक्नुहुन्न ।" विष्णु भैगयो भनेर फर्के । आकाशतर्फ जाने ब्रह्माजी सात लोक काटेर गोलोक पुग्दा पनि टुप्पो पाउने स्थितिमा भएनन् । ज्योतिर्मय लिङ्गको प्रतिरूप सूक्ष्म लिङ्गमा दूध चढाउने कामधेनुलाई भेटी सोधे । उनले भनिन्- "यो भगवान् शिवको ज्योतिर्लिङ्ग हो, जसको अन्त्य भेटिँदैन ।

उनैको प्रतीक सूक्ष्म लिङ्गमा म दूध चढाउँछु ।" त्यसपछि कामधेनु र त्यहाँ हुने केतकी फूललाई फकाएर ब्रह्माले झुट्टा साक्षी बनाई जलमग्न पृथ्वी भए ठाउँमा आए । अगाडि नै आइपुगेका विष्णुलाई सगर्व लिङ्गको टुप्पामा पुगेको र साक्षी रूपमा कामधेनु र केतकी पुष्प ल्याएको कुरा गरे । साक्षीले हो भनी सही थापेको सुनी रिसाएका शिवले कामधेनुको मुख अशुद्ध हुने, केतकी पुष्प देवतालाई नचढ्ने तथा ब्रह्माजीको पूजा र मानभाउ नहुने श्राप दिए ।

यसपछि गल्ती स्वीकार गरी ब्रह्मा र विष्णु दुवैले शिवको स्तुति गरे । त्यो विशाल ज्योतिर्लिङ्ग घट्तै चार हातको मात्र भयो, जसमा पार्वतीसहित भगवान् शिव प्रकट हुनुभयो । खूब भावभक्तिले ब्रह्मा र विष्णु मिली शिवपार्वतीको पूजा र स्तुति गरे । खुशी भएका शिवबाट आज्ञा भयो– "आजका दिन फागुन कृष्ण चतुर्दशीको दिन हो, यो शिवरात्रिको नाउँले प्रसिद्ध हुनेछ र मेरो सबैभन्दा प्यारो दिन मानिनेछ । यो एक दिनमात्र मेरो व्रत पूजा गर्नाले वर्षभरि व्रतपूजा गरेको फल पाउनेछन् । मंसिर कृष्णको आद्रा नक्षत्रले युक्त भएको दिन मेरो वृहत् ज्योतिर्लिङ्ग प्रकट भएको थियो । अत: आर्द्रा नक्षत्रले युक्त मार्ग महिनामा मेरो दर्शन, पूजा गर्नेले पनि अनन्त फल पाउँछ ।"

शिवपुराणको यही कथाको आधारमा संसारभरिकै हिन्दू धर्मावलम्वीहरूले महाशिवरात्रि पर्वमा व्रत, पूजा, उपासना गर्दछन् । सारा भारतवर्ष र त्यस वाहिरका देशमा पनि शिवरात्रीको व्रत उपासना गरिन्छ र शिवमन्दिरमा धूमधामसँग पूजापर्व मनाइन्छ । समस्त हिन्दूजातिको महान् पर्व शिवरात्रिमा नेपाल वाहिरका जोगी, साधु-सन्यासी र अन्य भक्तजनहरू श्री पशुपतिनाथको दर्शन तथा पूजा गर्न आउने धेरै अगाडिदेखिकै परम्परा रहेको छ ।

२००७ सालअगाडि उपत्यकाभित्र प्रवेश गर्न नेपाली नागरिकहरूले पनि राहदानी बनाएर सरकारको स्वीकृति लिनुपर्थ्यो । देशवाहिरका भक्तजनले त राहदानी पाउन झन् कठिन थियो । तर शिवरात्रि पर्वमा आउन नेपाली तथा भारतीय नागरिकलाई पनि छूट हुँदा यो महान् पर्वमा लाखौं मानिस पशुपतिनाथको दर्शन गर्न आउँथे र राष्ट्रवाट दर्शनार्थी भएर आउने देशी-विदेशीहरूलाई वासस्थानको व्यवस्था, जाडो

प्रदेश भएकाले धुनी, पानी तथा शिवरात्रिको दुई दिन अघिदेखि औंशीको दिनसम्म खानपान दिई विदाईको रूपमा दक्षिणा तथा बाटो खर्च दिएर विदा गरिन्थ्यो । आजभोलि पनि उक्त परम्परा कायम नै छ । नागा, सन्यासी, उदासी, वैरागी, गोरखपन्थी आदि साधुसन्तलाई धुनी, पानी, घ्यू, पीठो, चिनी, मैदा, चामल, दाल आदि अखडा-अखडामा पठाई खान दिने र पशुपतिनाथको परिसरभित्र बस्ने नागा जोगीलाई गुठी संस्थानबाटै हलुवा, पुरी, मालपुवा, साबुदानाको खीर दिने र बिदाइको दिन पेडा, खिचडी खान दिई पशुपतिबाट बिदा गरिन्छ । साथै गरीबलाई पनि सदावर्त बाँडिन्छ ।

वैरागी, सन्यासी र गोरखपन्थीको अखडा वागमती किनारको कालमोचन घाटमा पनि भएकाले आ-आफ्ना सम्प्रदाय मिल्ने अखडामा पनि प्रशस्त जोगी बस्ने भएकाले त्यहाँ पनि गुठी संस्थानबाट खाने व्यवस्था र धुनी, पानीको व्यवस्था गरिन्छ ।

शिवरात्रिको भोलिपर्सिपल्ट गुठी संस्थान, प्र.जि.अ., मालपोत डाइरेक्टर आदि बसेर यथाशक्य दक्षिणा र जोगीलाई मृगचर्महरू, कम्वल, लोहोटा, वाघाम्बर, रूद्राक्ष आदि बाँडी विदा गर्ने चलन छ । मृगचर्म, वाघाम्वर दरबारवाट प्राप्त हुन्छ भने अरू व्यवस्था गुठी संस्थानवाट गरिन्छ । सबै खर्च गुठीकै हुन्छ ।

राहदानीको व्यवस्था हटेर सबै दिन तीर्थयात्रीहरू आउन पाउने भएकाले शिवरात्रिमा आउने भक्तजनको चाप घटेको छ । तथापि महान् शिवरात्रि पर्वको दर्शन र पूजाको विशेष महिमा भएकाले यात्रीहरू धेरथोर आइ नै रहन्छन् ।

भगवान् पशुपतिनाथको शिवरात्रि पर्वमा चारै प्रहर रात्रिमा विशेष पूजा सम्पादन गरिन्छ र पहिलो प्रहरको पूजा, श्री ५ महाराजाधिराजबाट सम्पन्न हुन्छ । अरू प्रहरको पूजा भट्टहरूवाट हुन्छ । हिन्दू परम्पराको प्राचीन रीतिअनुसार श्री पशुपतिनाथलाई छोएर पूजा गर्ने अधिकार शिवदीक्षा लिएका भट्टवाहेक श्री ५ लाई मात्र छ । त्यति मात्र होइन, भारतको प्रसिद्ध पीठ रामेश्वर तथा पीठ जगन्नाथ (पुरी) का देवतालाई पनि पूजारीबाहेक देवता छोएर पूजा गर्ने अधिकार केवल नेपालका राजा श्री ५ महाराजाधिराजलाई मात्र छ । भारतमा पनि प्रशस्त क्षत्रिय राजाहरू थिए र उनका खानदान बाँकी छन् । उनीहरूलाई नदिएर नेपालका राजालाई मात्र छोएर पूजा गर्ने परम्परा कहिलेदेखि कायम भयो, खोजीको विषय छ । यसलाई पनि पशुपतिकै विशेषता सम्झनुपर्छ ।

महाशिवरात्रि पर्व भगवान् पशुपतिनाथको विशेष पूजाआजा, व्रत, उपासना गरिने धार्मिक पर्व मात्र नभएर परम्परागत योगी, साधु, सन्यासी भक्तजनको अपार भीड हुने र राष्ट्रवाट आगन्तुकलाई अतिथि अभ्यागतको रूपमा खानपान तथा अन्य सुविधा दिएर दान-दक्षिणा, बाटो खर्च वा विदाइ दिई विदा गर्ने पर्व भएकाले हामी यस पर्वलाई राष्ट्रिय पर्व मान्न सक्छौं । दशैं, तिहार आदि हाम्रा राष्ट्रिय पर्व देशभित्र नातागोतामा मात्र सीमित हुन्छ भने शिवरात्रि पर्वले समस्त देशी, विदेशी हिन्दूधर्मावलम्वी शैवभक्तहरूको स्वागत सत्कारमा राष्ट्र नै सम्मिलित हुने पर्व भएकोले यसको विशेष महत्त्व मान्नुपर्छ ।

शिवपुराणको कथनअनुसार ज्योतिर्लिङ्गमा गनिएको केदारेश्वर (गढवाल) धड हो र त्यसको शिर भगवान् पशुपति मानिएकाले भगवान् पशुपतिलाई ज्योतिर्लिङ्ग भनेर छुट्टै व्याख्या गर्नु परेन । त्यसैले वद्री केदारको दर्शन गर्न जाने यात्रीले केदारनजीक बग्ने मन्दाकिनीको जल ल्याएर भगवान् पशुपतिनाथको स्नान नगरून्जेल केदारेश्वरको पूजनको फल अधूरै रहन्छ । केही वर्षअघि भारतीय भक्तजनहरूले गंगोत्तरी र जमुनोत्तरीको पावन जल ल्याई श्री पशुपतिनाथलाई स्नान गराई त्यो पवित्र जलको रथयात्रा गरी रामेश्वर पुऱ्याई भगवान् रामेश्वर शिवको स्नान गराएको कुराले भगवान् पशुपतिनाथलाई कुन दृष्टिले हेर्छन् र सत्कार गर्छन् भन्ने कुरा बुझ्न कठिनाई पर्दैन । यो पावन पर्वले हामी नेपालीको निम्ति राष्ट्रियपर्वकै रूपमा मान्यता पाउँदै रहेको छ ।

नेपालको सांस्कृतिक पर्व : गाईजात्रा

प्रत्येक देशका जातिहरूको आफ्नो सांस्कृतिक विशेषता हुन्छ, आफ्नै इतिहास र आफ्नै किसिमका मान्यता हुन्छन् । यसैबाट जातिको अस्तित्त्व जीवन्त रहेको छ । धेरै देशको धर्म तथा भाषा एउटै हुनसक्छ, तर सांस्कृतिक परिवेश अलग हुन्छ, जसले देश अथवा जातिको विशेषता औंल्याइरहेको हुन्छ । नेपालमा अधिकांशले वैदिक धर्म तथा वुद्ध धर्ममा आस्था राख्छन् । उनीहरूका सांस्कृतिक मान्यताहरूमा केही अन्तर पनि छ । तर नेपालको उपत्यकाका निवासी-वैदिक र बौद्धहरूको भने साझा संस्कृति रहेको पाइन्छ, यो नै नेपालको महत्वपूर्ण पक्ष पनि हो । यद्यपि थुप्रै चाडपर्वहरू शास्त्रनिर्देशित नै छन् । दशैं, तिहार, जनै पूर्णिमा, इन्द्रजात्रा, शिवरात्रि, वैशाख पूर्णिमा, गुरु पूर्णिमा आदि । तर यी पर्व मनाउने क्रममा नेपालीको आफ्नो अलग्गै विशेषता छ । चाडपर्व, शास्त्रनिर्देशित भए पनि त्यो मनाउने तरिका, त्यसमा जुटाइने मनोरञ्जनका साधनहरू, खानपानका कुराहरू, आफ्नै पाराका हुन्छन् । टाढा नजाउँ, एउटै उद्देश्यले चलेका जात्रापर्वहरू काठमाडौंमा भिन्नै तरिका, भक्तपुरमा भिन्नै र पाटनमा भिन्नैरूपले मनाइन्छ । यद्यपि यी तीनै शहर, भाषागत, जातिगत र ऐतिहासिकताले पनि परस्परमा आवद्ध छन् । विभिन्न जातिहरू मिलेर जब एउटै समाज बन्छ, अनि विभिन्न जातिका सांस्कृतिक पक्षहरू मिलेर एउटा अलग संस्कृतिको जन्म हुन्छ, धेरै नदी मिलेर महानदी बने जस्तै । कहिलेकाहीं यो सांस्कृतिक प्रवाहले मौलिक तत्व नै बिर्सिदिन्छ र सांस्कृतिक विशेषताहरू थपिएर नयाँ नयाँ रूप लिन्छन् ।

काठमाडौं उपत्यकाको गाईजात्रा एउटा विशेष पर्व हो, यसमा शास्त्रीय अभियान त्यति बलियो पाइँदैन । वैदिक धर्मशास्त्रले यो प्रतिपदाको कुनै पर्वपूजा, ब्रतको उल्लेख गरेको पाइँदैन । धर्मशास्त्रीय पर्व, पूजा एवं जात्राहरू पौराणिक कथनमा उल्लेख भएका छन् र जुन

जात्रापर्व पुराणहरूमा पाइँदैन र आफ्नै सांस्कृतिक परिवेशभित्र हुर्केर भव्यता साथ जनजीवनमा प्रभावशाली बनेको छ, त्यो नै एउटा देश र जातिको अस्तित्वलाई चिन्हाउने विशिष्ट संस्कृति हो । उपत्यकावासीको 'गाईजात्रा पर्व' यस्तै महत्वपूर्ण सांस्कृतिक पर्व हो ।

धार्मिक कामकुरामा, जात्रा पर्वमा, देवीदेवताको मान्यतामा भारतीय आर्यहरूको धर्मग्रन्थ, पुराण आदिको प्रभाव हामीकहाँ पनि छ, तर सांस्कृतिक जात्रापर्वहरूमा नेपालको आफ्नै विशेषता पनि प्रशस्त छ ।

सातौं आठौं शदीतिर नेपाल उपत्यकामा तान्त्रिक साधनापक्षको प्रवेश भयो । यस बेला नालन्दा र विक्रमशिला महाविद्यालयले तान्त्रिकसाधना पक्षमा निकै प्रगति गरेका थिए । बुद्धधर्मको महायान सम्प्रदायको जन्म भारतीय भूमिमा नै भए पनि त्यसको विकासमा नेपालको विशेष योगदान छ । अझ भनौं भने महायानको गढ तथा आदिमस्थान नेपालको 'स्वयंभू' हो । ठूलाठूला महायानका पण्डितहरू, दार्शनिकहरू यहाँ आएर अनेकन ग्रन्थको निर्माण गरे । सहजयानी साधक सिद्धहरू तान्त्रिक चमत्कारी सिद्धहरू यहाँ आएर बसे । यहीं आफ्ना साधनाले चमत्कारी सिद्धि प्राप्त गरेर उपत्यकावासीलाई प्रभावित गरे । घोर तान्त्रिक साधक पद्मसंभव, नेपाल आएर करवीर श्मशानमा बसी साधना गरेथे, महायानी दर्शनका प्रकाण्ड पण्डित शान्तरक्षितको आज्ञा लिएर बुद्धधर्मको प्रचारार्थ तिब्बत गए । जहाँ उनले आफ्नो चमत्कारी सिद्धिद्वारा बुद्धधर्मका विरोधीलाई परास्त गरेर 'गुरु रिमपोंछे' को नामले देवत्व प्राप्त गरे । तिब्बती लामावादमा उनी सर्वश्रेष्ठ गुरुको नाउँले आजसम्म पूजित छन् । नवौं शदीमा सिद्ध नागार्जुन यहाँ आएर नागार्जुन डाँडामा बसी तपस्या गरे । उनकै नाउँबाट रानीवनको त्यो भूभाग आज पनि प्रसिद्ध छ । आदिनाथका प्रमुख चेला मत्स्येन्द्रनाथ यहाँ आएको कथा मात्रै होइन कि उनको मानसम्मान पूजा पर्व र जात्रा यहाँ धुमधामसँग गरिँदैछ ।

यो उल्लेख गर्नु आवश्यकता किन पर्‍यो भने यहाँ जति पनि सिद्ध साधक र विद्वान्हरू आए, तिनीहरूले यहाँ तान्त्रिक साधनापक्षको विकास गरे । बुद्धधर्मअन्तर्गत साधनापक्षका तान्त्रिक ग्रन्थका निर्माण गरे र देश जाति र वातावरणसँग सामञ्जस्य राख्ने सांस्कृतिक पर्वजात्राहरू चलाए ।

बौद्धतान्त्रिकवादकै हाराहारीमा शैव तथा शाक्त तन्त्रहरूको पनि यहाँ विकास भयो । ठूलाठूला तान्त्रिक ग्रन्थहरू पनि यहाँ लेखिएर भारतसम्म प्रचार प्रसार गरिए, जसमा मेरूतन्त्र, कुल चूडामणि, महाकालसंहिता आदि तन्त्रग्रन्थहरू पर्दछन् । कैयन् तन्त्रग्रन्थहरूले नेपालका कतिपय सांस्कृतिक पक्षलाई समेट्न चाहेका छन् ।

यससम्बन्धी यहाँ केही प्रसङ्ग उद्धृत गरौं । श्रावण शुक्ल पूर्णिमालाई ऋपितर्पणी पूर्णिमा, रक्षाबन्धन पूर्णिमा भनिन्छ र श्रावणको पूर्णिमामा स्नान गर्नु, ऋषिलाई तर्पण गर्नु, उपाकर्म जनै मन्त्रने कामका साथै हवन गर्नु, दाहिने हातमा अभिमन्त्रित कंकण (बाला) धारण गर्नु अर्थात् सर्स्यूं, अक्षता, फूल, रेशमी बस्त्रले बेह्रेर बाला बनाई हातमा बाँध्नु यसबाट भुतप्रेत बाधा हुँदैन भन्ने कुरा स्कन्द पुराणले उल्लेख गरेको छ भने शाक्य सिंह भन्ने बौद्धतान्त्रिक ग्रन्थले-श्रावणको पूर्णिमामा विभिन्न किसिमका बारा (मास मुँगीका रोटी) धेरै बनाई खानू । कालो मास र अन्य (बोडी,चना, गहत राज मास आदि) टुसा उम्रेका द्विदल हुने वस्तुको क्काथ (काँडा) बनाई पिउनू भनेको छ । यसले पेटका रोगको नाश हुन्छ । गृञ्जन (मूला) कालो मास खानू, यसले बाहिरी दोप (रोग) नाश हुन्छ । दशा शान्ति हुन्छ, पुष्टिकारक छ, ठूलो भय नाश हुन्छ र रोग नाशको लागि क्काथ (क्वाँटी) खानु आवश्यक छ भनिएकोले हामीकहाँ यो चलन चल्यो ।

क्वाथबाट क्वाति वा क्वाँटी शव्द निष्पन्न भएको छ र तमाम नेपालीका लागि यो क्वाँटी प्रिय खाद्यवस्तु बनेको छ । वैद्यहरूले रोगीहरूलाई पौष्टिक आहार दिंदा यस्तै गेडागुडी भुटेर सातु बनाई खान दिन्छन् । यसलाई 'अप्ट मण्डप' भनिन्छ । क्वाँटी प्रोटिनयुक्त त छँदैछ, त्यसमा विभिन्न गरम मसलाहरू राखेर झोल पिउनाले शरीरमा भएको सर्दीबाट हुने गडबडी र वर्षाको पानीबाट हुने अस्वस्थतालाई पनि फाइदा गर्छ । त्यसकारण, बौद्ध परम्पराको यो विषय भए पनि सर्वस्वीकृत बन्न पुगेको छ ।

ऋपितर्पणीमा ब्राह्मण क्षत्रियहरूले स्नान तर्पण पूजा त गर्छन् नै । तर मन्त्रद्वारा अभिमन्त्रित धागो (रक्षाबन्धन) सबैले बाँध्ने चलन छ । यसरी वैदिक र बौद्धपरम्पराको समन्वयद्वारा क्वाँटी पूर्णिमाको पर्व

सम्पन्न गरिन्छ भने भोलिपल्ट परेवाका दिन "गाईजात्रा" गर्ने नेपालको आफ्नो विशेषता हो । गाईजात्रा (भाद्रकृष्ण प्रतिपदा) को पौराणिक ग्रन्थमा कुनै पर्व जात्रा गर्ने विशेषको उल्लेख पाइँदैन । 'कालव्यूह' भन्ने बौद्ध तान्त्रिक ग्रन्थ, जसको निर्माण नेपालमा नै भएको मान्न बाधा छैन, त्यसमा गाईजात्राको उल्लेख भएको छ ।

भाद्र कृष्ण प्रतिपदाको दिन जाईको माला लगाइदिई घाँटीमा घण्ट लगाइदिनू र पाद्य, अर्घ, चन्दन आदिले गो-पूजा गर्नू । धूप, दीप, नैवेद्य दक्षिणा साथ स्तोत्र पाठ गरी अनि जात्रा गर्नू । नून, गहुँले बनाएको रोटी खानदिनू, जसबाट मोक्ष प्राप्त हुन्छ । यो जात्रामा अनेक किसिमका वाजा बजाउनू, गीत गाउनू र सबै पापहरू नाश हुन्छन् । हजार भिक्षुलाई भोजन गरेको फल पाइन्छ । अझ जात्रामा श्रृङ्गबाट बनेका वाजा बजाएको छ भने तीन गुना फल पाइन्छ इत्यादि ।

कालव्यूहको यो उल्लेखको आधारमा यो पर्व शुरु भएको भए पनि यसमा लौकिक प्रचलनको अनेक आयाम थपिंदै गए । गोरुको पूजा गर्ने उल्लेख भए पनि गोरुको स्थान गाईले लियो भने पितृमोक्षको निम्ति गाई पूजा गरेर घुमाउने चलन चल्यो ।

जब कुनै धर्मका लागि उत्सव यात्रा गरिन्छ, त्यसलाई कसरी रमाइलो बनाउने र बढी मनोरञ्जन गराउने भन्ने जनमानसले सोच्नु स्वाभाविक हुन्छ । गोपूजालें व्यक्तिको मोक्षभन्दा पितृमोक्षको निम्ति जात्रा चलाउनु उपयुक्त ठानियो भने शहरी क्षेत्रमा सबैले जात्रा गर्न गाईबाच्छा पाउनु संभव थिएन । अतः प्रत्येक कुराको अभावमा केही प्रतिनिधि बनाएर काम चलाउने परम्परा नै हो । त्यसैले गाईको प्रतिनिधिको रुपमा मकुण्डो लगाएर वा अरु वस्तुले गाईको आकार बनाएर भए पनि काम गर्ने चलन चल्यो ।

नेपाल उपत्यकामा बस्ने शैव तथा बौद्धहरूको प्रत्येक सांस्कृतिक पर्वमा केही न केही सहभागिता रहन्छ । धार्मिक काम कुरा गर्दा, जसबाट स्वर्ग, मोक्ष र इच्छित फल पाइन्छ भने मानव मात्रले त्यो कुरा गर्न किन चुक्ने ?

गाईजात्राको उत्पत्ति यसरी बौद्ध परम्पराबाट शुरु भए पनि आज उपत्यकावासीको साझा संस्कृतिको रूपमा विकसित भएको छ ।

जात्रामा जब मान्छेलाई गाईको आकारमा परिणत गरेर डोऱ्याइन्छ, त्यो एउटा मनोरञ्जन नै भए पनि अझ रोचक वनाउन विभिन्न रूपका जोकरहरू, जोगीको भेषमा, लाटा र पागलको भेषमा निस्केर अनेक भावभङ्गिमाले मानिसलाई हँसाउने चेष्टा गर्छन् । संभवत: यही वहुरूपीको भेषमा निस्केका व्यक्तिहरूले अनेक छेडछाड हास-उपहास गर्दा देशको दशा, न्याय-अन्याय आदि व्यंग्य रूपमा प्रकट गर्ने चलन चल्यो । धार्मिक जात्रामा भएका या छेडछाडले मनोरञ्जन त भयो नै साथै यस किसिमको व्यंग्यबाट राजा, मन्त्रीले देशको वास्तविकता पनि थाहा पाउन थाले र यसलाई प्रश्रय नै दिएको ज्ञात हुन्छ ।

छिमेकी देश भारतमा फागु पर्व हुन्छ । जसमा अनेक व्यंग्य गर्ने, उपनाम दिने, गाली गर्ने प्रचलन छ । शास्त्रीय वचनमा नै गाली गर्दा राम्रो हुन्छ भनेकोले त्यो चलन चल्यो होला । किन्तु, त्यहाँ व्यंग्य प्रधान नभएर कानै थुन्नुपर्ने फोहोरी गाली गर्ने गरिन्छ, जसको सामाजिक जीवनमा कुनै उपलब्धि छैन । तर हाम्रो गाईजात्रा व्यंग्यप्रधान हुने र देश, जाति सरकारका नराम्रा पक्षलाई व्यंग्यद्वारा उजागर गर्ने हुंदा हास्य मनोरञ्जनका साथै सरकारद्वारा गरिएका काम कर्तव्यको जनतामा के प्रभाव परको छ, भन्ने कुरा व्यक्त गर्ने र बुझ्ने साधन बन्दछ । राजतन्त्रात्मक शासन प्रणालीमा अघिपछि वाक् स्वतन्त्रताको उपयोग गर्न नपाइने हुनाले गाईजात्रा पर्वको एक दिनलाई उत्सुकतासाथ सबैले प्रतीक्षा गर्दथे । यसमा चित्त नबुझ्ने कुरा जनताले व्यंग्य रूपमा प्रयोग गर्न पाउँथे र प्रशासनयन्त्र भविष्यको लागि सचेत हुन्थ्यो ।

यो भयो गाईजात्राको पृष्ठभूमि, शास्त्रीय पक्ष र त्यसको विकासमा जनताको योगदानसम्बन्धी चर्चा । अब यसको परम्पराको विविधताबारे एक प्रसङ्ग-

जुन बेला मनोरञ्जनका साधन सिनेमा, टी.भी आदि थिएनन् र नाटकहरू पनि पर्याप्त प्रदर्शन गर्न सकिदैनथ्यो । नाटक प्रदर्शन नै भए पनि आम जनताको निम्ति संभव थिएन । यसकारण, जात्रा नै यस्तो कुरा थियो, जसबाट सबैले रस लिन पाउँथे ।

जात्रा जहाँबाट शुरु भए तापनि राजदरवारका डवलीमा पहिले लगेर राजारानीको मनोरञ्जन गराएपछि अन्यत्र घुमाउन लगिन्थ्यो । यस

परम्पराको पालना आज पनि गरिन्छ । अर्थात् मल्लकालमा चलेको यो गाईजात्रा मल्लराजाको दरवार हनुमान ढोकामा र पाटनको गाईजात्रा पाटन दरवार नजीक बनेको कृष्ण मन्दिरमा पहिले लगेर त्यसपछि अन्यत्र घुमाउने चलन छ । त्यसवर्ष जुन घरमा मानिसहरू मरेका छन्, ती व्यक्तिहरूको मुक्तिको कामना गरी गाईको बाच्छो अथवा गाई नपाएमा १२/१४ वर्षका केटाकेटीहरूलाई गाईको रूपमा सिंगारी, सिङको रूपमा पेरूङ्गोको टोपी लगाई गाईको चित्र बनेका कपडाले ढाकी घुमाइन्छ । तिनीहरूको साथमा अनेक थोत्रा कपडा थाङ्ना भिरेका, काला राता रङ्गले जिउ रंगाएर विभिन्न किसिमका अभिनय गर्ने व्यक्तिहरू पनि हुन्छन् । गाईजात्रा प्रतिपदाको दिन शुरु हुने भए तापनि यसको क्रम अष्टमीका दिनसम्म रहन्छ । मरेका व्यक्तिको चरित्र, गुण, बखान गर्ने गीत बनाएर हप्ताभरि नै नगर परिक्रमा गर्दै गाउने चलन चलेको छ भने आठ दिनसम्म विभिन्न नाचगान गरी मनाइने परम्परा पनि छ । राणाकालीन नेपालमा गाईजात्राका यिनै आठ दिनभित्र मात्र विभिन्न नाटक बनाई ठूला दरवार भाइभारदारका घरमा प्रदर्शन गर्थे र इनाम बकसबाट धनोपार्जन गर्थे । नाटकमा विदूषक बनेको पात्रले हँसाउने, अनेक छेडछाड, व्यंग्य गर्ने छूट पनि पाएका थिए ।

पाटन

पाटनमा गाईजात्राका दिन बिहानै उठेर किसानहरूले अनेक भेप बनाई थोत्रा भाँडा, ड्रम, टीन, बाटामा गुडाएर अनेक किसिमका आवाज निकाल्दै शहरका चारकुनामा रहेका अशोककालीन स्तूपको परिक्रमा गर्छन् । गाईजात्रामा भाग लिने व्यक्तिहरू भने १० बजेतिर कृष्णमन्दिरमा जम्मा हुन्छन् र त्यहाँ कृष्णलीलासम्वन्धी झाँकीहरू पनि हुन्छन् र बजाउने गाउने मण्डली पनि जम्मा हुन्छन् । त्यसपछि तोकिएको बाटोबाट लाम लागेर नगर परिक्रमा गर्ने गर्दछन् । यो गाईजात्राको प्रबन्ध कृष्णमन्दिरवाट गरिन्छ र कुनै उत्साही व्यक्तिले आफ्नातर्फबाट पनि प्रबन्ध गर्न सक्छन् ।

भक्तपुर

भक्तपुरमा कपडाले मोरेको लामो बाँसको टुप्पोमा गाईको चित्र बनाएर टाँसी परालको सिङ बनाई पूजा गरी बोकेर ल्याउने गरिन्छ भने डोकालाई कपडाले छोपेर पुछारपट्टि गाईको थुतुनो वनाई परालको सिङ र अन्य साधनले गाईको रूप बनाई मान्छेले बोकी ल्याउने पनि गर्दछन् । यसैका पछि बाजा र नृत्य मण्डली पनि हुन्छन् । त्यस बाँस वा डोकोमा बनाएको गाईलाई "घिन्ताधिसी" भन्छन् र नगर परिक्रमा गराउँछन् ।

जब नेपालमा प्रजातन्त्रको शुरुआत भयो र पत्रपत्रिका निस्कन थाले, अनि विभिन्न हास्य-व्यंग्यले भरिएका पत्रिकाहरू निस्कने चलन चल्यो । यो साँस्कृतिक निधिको रूपमा चलेको गाईजात्राको प्रज्ञा प्रतिष्ठानले पनि संस्थागत गरी आठ दिनसम्म हास्यव्यंग्य कार्यक्रम चलाउने गरेको पाइन्छ ।

गाईजात्रा सम्वन्धमा चर्चा भएको एउटा ठ्यासफु प्रताप मल्लका पालाको पाइन्छ, अरू कुरा अन्धकार नै छ । लोकोक्तिअनुसार जयस्थिति मल्लकी रानी पुत्रशोकले विह्वल बनेर सधैं रूने गरेकीले उनलाई अरू दुनियादारका घरमा पनि मरण हुन्छ भन्ने देखाउन एउटा मन्त्रीले मरेका घरवाट गाईजात्रा निकाल्ने प्रवन्ध मिलाई राजदरवारको प्राङ्गणमा जम्मा गर्ने व्यवस्था मिलाए । त्यो वर्ष विफर रोगवाट देशमा धेरै वालवालिकाको मृत्यु भएकोले प्रशस्त संख्यामा गाईजात्रा निस्क्यो । जनताका पनि धेरै छोराछोरी र अरू मान्छे पनि मरेछन् हाम्रो मात्रै होइन रहेछ भनेर राजारानीले चित्त बुझाए । त्यसबेलादेखि यो परम्परा चल्यो भनिन्छ ।

गाईजात्रा पर्व जयस्थिति मल्लकै पालादेखि चलेको होस् या अगाडिदेखि नै चलेको भए पनि बौद्धग्रन्थको परिशीलन गर्दा ११ औं शदीभन्दा अगाडि यो परम्परालाई लैजान मिल्दैन । किन्तु यो नेपालीको, अझ उपत्यकावासीको जीवन्त सांस्कृतिक पक्ष हो र नेपाली मात्रको पेवा धरोहर हो भनेर गर्व गर्नुपर्छ र संरक्षण दिनुपर्छ ।

यसको विकास र बहुआयामिक हास्यव्यंग्य विगत युगका धार्मिक, सामाजिक, आर्थिक जीवनका विसङ्गतिहरूलाई व्यंग्य र प्रहसनद्वारा नंग्याएर आगामी वर्षहरूमा सचेत भएर काम गर्ने मौका सरकारलाई

दिँदै आएको थियो र आजको आलोचना प्रत्यालोचनाको छूट भएको बेलामा पनि हामी नेपाली गाईजात्रे हास्य व्यंग्यको प्रतीक्षा नै गरिरहेका हुन्छौं, अत: विगतका दिनहरूभन्दा गाईजात्राको महत्त्व आज पनि कम छैन र भोलि पनि वहुआयामिक भएर बढ्दै जानेछ ।

उपत्यका बाहिरको गाईजात्रा

उपत्यकावासीहरू व्यापारको सिलसिलामा वाहिरका जिल्लामा पनि छरिएका छन् । प्राय: देशका सदरमुकामका बजारमा नेवारजातिको वढी जमघट भएको ठाउँमा 'गाईजात्रा' मनाइन्छ । वनेपा, खड्पु, धुलिखेल, दोलखा, पाल्पा, धनकुटा आदि शहर बजारमा गाईजात्रा, लाखेनाचहरूको परम्परा रहेको छ भने वाहिर कृपकको रूपमा पनि काम गर्ने हुँदा हिलेजात्रा पनि मनाइन्छ । नाचगान, भजन, कीर्तनहरू नेवार जाति बसेका शहर बजारमा अभिन्न अङ्गका रूपमा रहेकै छन् र आफ्नो सांस्कृतिक परम्परालाई विर्सन नदिन आज पनि प्रयत्न चलिरहेकै पाइन्छ । उपत्यकाका सांस्कृतिक पर्व र जात्राहरू आज हामी डोटी र इलाम वजारमा पनि देख्न पाउँछौं ।

मत्स्येन्द्रनाथ र भोटो देखाउने जात्रा

ईशापूर्व तेस्रो शताव्दीदेखि भारतवर्षमा पाशुपत-शैव सम्प्रदाय चलेको कुरा इतिहासविद्हरूले उल्लेख गर्दछन् । पाशुपत सम्प्रदाय विकसित हुँदा कापालिक, कालामुख, सोमसिद्धान्ती, क्षपणक आदि शैव-सम्प्रदायहरू चले । तंत्रमंत्र र योग साधना गर्ने यिनै सम्प्रदायभित्र नवौं शताव्दीको शुरुतिर नाथ सम्प्रदायका प्रवर्तक आदिनाथ भए । आदिनाथलाई शिवकै अवतार भन्दछन् ।

शिवशक्तिको उपासना गर्ने, कान चिर्ने, कुण्डलिनी योग (हठ) योगको साधना गर्ने नाथपन्थी सिद्धहरूको परंपरा आदिनाथवाटै शुरू भयो । आदिनाथलाई जालन्धरिनाथ पनि भन्छन् । उनको चेला श्री मत्स्येन्द्रनाथ भए । श्री मत्स्येन्द्रनाथका चेला श्री गोरखनाथ (गोरक्षनाथ) हुन् ।

योगसाधनाद्वारा समाधिसिद्ध भएका श्री मत्स्येन्द्रनाथ, गोरखनाथ आदि सिद्धहरू अनेकौं सिद्धि प्राप्त गरेका योगी थिए र अनेकौं चमत्कारी काम कुरा गर्थे । रूप बदल्न सक्ने, हराउन सक्ने, पहाड पनि उडाउन सक्ने, भक्तले मागेको जे कुरा पनि दिन सक्ने सिद्ध भएकोले नेपाल लगायत सारा भारतवर्षभरि नै यस्ता सिद्धहरूको ख्याति चल्यो । आदिनाथ, मत्स्येन्द्रनाथ तथा गोरखनाथ आदि सिद्धलाई शिवकै अवतार भनेर सवैले मान्न लागे ।

ईशाको तेस्रो शताव्दीदेखि तंत्रमंत्र, जादूटुना गर्ने, तंत्रमंत्रद्वारा भुत, प्रेत, श्मशान, काली, योगिनी साधना गर्नेतिर शैव सम्प्रदायका योगीहरू लागे ।

ईशापूर्व दोस्रो शताव्दीतिर बौद्धधर्ममा पनि हीनयान र महायान दुई शाखा भए । हीनयानीहरू भगवान् बुद्धलाई मानव बुद्ध भन्थे । महायानीहरूले बुद्धलाई अलौकिक (ईश्वरको अवतार) रुपमा मान्न लागे । विस्तार विस्तार बुद्धका मूर्ति बने, तंत्रमंत्रद्वारा उपासना गर्ने परंपरा बौद्ध-महायान सम्प्रदायभित्र पनि चल्यो ।

ईशाको तेस्रो शताव्दीदेखि यो तांत्रिक बौद्ध परंपराको विकास हुँदै गएर सातौं आठौं शताव्दीमा महायान सम्प्रदायभित्र बज्रयान (गरमपन्थी) सम्प्रदाय जन्म्यो । यो दक्षिण भारतबाट उडिसा, बंगाल, आसाम, नेपाल हुँदै तिब्बत, मंगोलिया पुग्यो । यही बज्रयानकै शाखा प्रशाखालाई 'लामावाद' भनिन्छ ।

शैव सम्प्रदायका योगीहरू पनि तंत्रमंत्र योगसाधनाद्वारा शक्तिको उपासना गर्थे । बज्रयानी बौद्ध भिक्षुहरू पनि तंत्रमंत्रद्वारा नै शक्तिको उपासना गर्न लागे । देवताको नाउँ मात्रै भिन्नाभिन्नै रह्यो, साधना-प्रणाली उस्तै उस्तै किसिमले चल्यो ।

यस्तै बेलामा शैव सम्प्रदायमा जालन्धरनाथ भए, उनका चेला मत्स्येन्द्रनाथ भए, उनका चेला गोरखनाथ भए । यिनीहरू योग साधनाद्वारा ठूलो सिद्धिलाभ गरेका सिद्धहरू थिए ।

बज्रयान सम्प्रदायमा पनि ठूला विद्वान् र साधक सिद्ध सरहपा (सरोरुहबज्र- ७६०ई) स्वयंभूदेव (७९०ई), लुईपा (८३०ई), विरुपा (८३०ई) आदि ठूलो प्रसिद्धि पाएका सिद्धयोगी भए । महायान र बज्रयानको पढाइ र साधना त्यस बेलाका प्रसिद्ध विश्वविद्यालय नालन्दा र विक्रमशिला (विहार) मा हुन्थ्यो ।

शैव योगीहरू पनि बौद्ध साधना प्रणाली जान्दथे । शैव सिद्ध र बज्रयानी (सहजयानी) सिद्ध दुवै उस्तै श्रद्धेय थिए ।

श्री मत्स्येन्द्रनाथले वज्रयानसँग मिल्दोजुल्दो 'योगिनी कौलमरा' भन्ने तांत्रिक साधना, कामरूप (आसाम) मा बसेर गरे । उहाँ नै यिनको कीर्ति फैलियो । नेपाल उपत्यकाभित्र पनि महायान वज्रयानका प्रचारक सिद्धहरू यहाँ आएर आफ्नो तांत्रिक मत प्रचार गरे । शैव र बौद्ध तांत्रिकहरूका बीच वेलाबेलामा कलह हुन थाल्यो ।

यसै वेला योगी गोरक्षनाथ नेपाल आए । भिक्षा माग्न जाँदा जनताले उपेक्षा गरेकोले नागहरूको आसन गरी समाधिमा बसे । धेरै वर्ष पानी परेन ।

त्यस बेला यहाँ नरेन्द्रदेव नाउँ गरेका लिच्छवि राजा राज्य गर्दथे । राती चियोचर्चो गर्न घुमेको बेलामा वन्धुदत्त नाउँ गरेका तांत्रिक आचाजुले श्री मत्स्येन्द्रनाथलाई नेपालभित्र ल्याउन सके पानी पर्छ भनेर

श्रीमतीसँग कुरा गरेको सुने । भोलिपल्ट बोलाएर छलफल गर्दा श्री मत्स्येन्द्रनाथलाई रिझाई ल्याउने कुरा निश्चय भयो । ललित नाउँ गरेको ज्यापूलाई साथ लिएर बन्धुदत्त कामरूप गए । वहाँका राजालाई रिझाई राजाका छोराका रूपमा जन्म लिएका मत्स्येन्द्रनाथलाई नेपाल ल्याउन मागे । राजाले दिए पनि रानीको आज्ञा मिलेन । स्वयं मत्स्येन्द्ररूप राजकुमारलाई भेटी नेपाल आउन आग्रह गर्दा उहीं गएर उपासना गर, भ्रमराको रूप लिएर म आउँछु भनेकोले यहाँ फर्केर आई कटुवाल दहमा बसी तांत्रिक साधनाद्वारा आकर्षण गरे । भ्रमराको रूप लिई आएका मत्स्येन्द्रनाथलाई सुनको कलशमा राजा नरेन्द्रदेवले छोपी ल्याए । त्यो कलश पेटमा राखी मूर्ति बनाई वुङ्मतीमा लगी स्थापना गरे । गुरू आएको थाहा पाई दर्शन गर्न गोरखनाथ समाधिबाट उठे, नागहरू फुस्के, पानी पऱ्यो ।

उपर्युक्त कथा नेपालमा चलेको छ, वंशावलीमा पनि लेखिएको छ । यसै परपराअनुसार आजसम्म पनि कटुवाल दहबाट कलशमा भ्रमराको प्रतीक छोपेर ल्याएपछि जात संस्कार, नाम संस्कार, चूडा व्रतबन्ध आदि दशकर्म गरी श्री मत्स्येन्द्रनाथलाई रथमा राखिन्छ र जात्रा शुरु हुन्छ । श्री मत्स्येन्द्रनाथको मूर्तिमा रङ्गरोगन आदि गर्ने काम नेको भन्ने शैवधर्म मान्ने श्रेष्ठहरूले गर्दछन् । नेकोहरू आफूलाई राजा नरेन्द्रदेवका कान्छा छोराका सन्तान भन्दछन् । श्री मत्स्येन्द्रनाथको दर्शकर्म आचाजु (शैव) तांत्रिकहरूले गर्दछन । त्यसपछिको पूजा विधान बौद्ध (वज्राचार्य) हरूले गर्दछन् ।

यो परंपराको ऐतिहासिक विश्लेषण गरी हेर्दा शैव र बौद्धहरूको धार्मिक कलह हुने संभावना देखिएकोले शैव र बौद्ध दुवैले उत्तिकै मानेका श्री मत्स्येन्द्रनाथको नेपालमा स्थापना गरी ठूलो जात्रा चलाई धर्मसमन्वयद्वारा शान्ति स्थापना गरेको थाहा हुन्छ ।

श्री मत्स्येन्द्रनाथलाई शैवहरूले शिवरूप, सूर्यरूप मानेर पूजा गर्दछन् । बौद्धहरूले लोकेश्वर करुणामय भनेर पूजा गर्दछन् । भाकल गरी पूजा गर्दा इच्छित फल पाइन्छ भन्ने जनताको ठूलो विश्वास छ ।

भोटो देखाउने जात्रा (वंशावलीबाट)

टौदहमा बस्ने कर्कोटक नागकी नागिनी आँखाको वेरामी पर्दा एक जना ज्यापूले गई औषधि गर्दा निको भयो । त्यसमा खुशी भएका नागले धनदौलतका साथै एउटा रत्नजडित भोटो पनि दिए । भोटो समेत लिई फर्केका ज्यापूलाई शौच गर्ने मन भएकोले भोटो एउटा आलीमा राखी शौच क्रिया गर्न बसे । त्यसै बेला भोटो चोरी भयो । खोजतलास गर्दा फेला परेन । श्री मत्स्येन्द्रनाथको जात्रामा भेला हुँदा त्यो भोटो लगाएको व्यक्तिलाई ज्यापूले भेटे । भोटाको निम्ति दुवैको झगडा भयो । पछि भोटो चोरी गर्ने व्यक्ति (भूत) भाग्यो, भोटो जात्रामा जम्मा भएका राजकर्मचारीको हातमा पुग्यो । भोटो लिन प्रमाण पुऱ्याएर जानु पर्ने भयो । भोटोका मालिक ज्यापूसँग भोटो उनको हो भन्ने प्रमाण थिएन । यो भोटो कसको हो लिन आऊ भनेर श्री मत्स्येन्द्रको रथबाट जात्रामा जम्मा भएका व्यक्तिहरूलाई भोटो देखाइयो । कोही पनि नआएकोले भोटो मत्स्येन्द्रनाथका साथमा थाती रहयो । त्यसपछि प्रतिवर्ष यो भोटो कसको हो लिन आऊ भनेर जात्रामा देखाउने चलन चल्यो, त्यो आजसम्म पनि भोटो देखाउने जात्राको नाउँले प्रसिद्ध छ ।

उपर्युक्त कथा लोकको परम्पराबाट चलेको छ । यससम्वन्धी प्रमाण पाइँदैन । यो प्रथा कहिलेदेखि चल्यो भन्नेबारेमा पनि ऐतिहासिक सामग्री पाइँदैन । धर्मशास्त्रको नियमले थाती रहेको चीजको प्रचार प्रसार गर्दा पनि २ वर्षसम्म लिन नआएमा राजस्वमा जान्छ । यहाँ देवताको जिम्मा रहेकोले देवस्वमा परिणत भएर श्री मत्स्येन्द्रको भोटो नाउँले प्रख्यात भयो । किन्तु प्रतिवर्ष जात्राको अन्तिम दिन यो देखाइन्छ र मत्स्येन्द्रको जात्रा सकिन्छ । यसपछि खटमा राखेर मत्स्येन्द्रलाई बुङ्मती लगिन्छ । ६ महिना पछिमात्र बुङमतीबाट पाटनमा ल्याइन्छ । वैशाख शुक्ल परेवाका दिनदेखि श्री मत्स्येन्द्रनाथको जात्रा शुरू हुन्छ र समाप्त हुने चाहिं साइत हेरेर गर्नुपर्ने हुनाले जेठ वा असारमा नै हुन्छ ।

कार्यक्रमहरू

साइत हेरेर लगनखेलबाट लगिएको रथ जावलाखेल पुगेको ३ दिनपछि भोटो देखाइन्छ ।

श्री ५ महाराजाधिराज सरकारको सवारी हुन्छ । मंत्रीगण, संवैधानिक अंगका प्रमुखहरू र कूटनीतिक आयोगका प्रमुखहरूको उपस्थितिका साथै विभागीय सचिवहरू र स्थानीय प्रशासन प्रमुखहरूको उपस्थिति हुन्छ ।

श्री ५ को सवारीपछि गुठी संस्थानका अध्यक्षले भोटोको शील खोल्न श्री ५ मा विन्ति चढाउनुपर्छ । हुकुम बक्सेपछि मत्स्येन्द्र गुठीका हाकिमलाई सूचित गरिदिनुपर्छ । शील खोली, रथको चारैतिर घुमी मच्छेन्द्र गुठीका हाकिमले भोटो देखाउँछन् । यसपछि भोटो शीलवन्दी गर्न पुनः श्री ५ मा विन्ति चढाउनुपर्छ । हुकुम बक्स भएपछि भोटो शिलबन्दी गरिन्छ र जात्रा समाप्त हुन्छ ।

कुनै कारणवश श्री ५ महाराजाधिराज सरकारको सवारी नभएमा राजप्रतिनिधिको हैशियतले प्रधानमत्रीले अनुमति दिने परम्परा छ । प्रधानमन्त्री मात्र उपस्थित भएको वेलामा विदेशी कूटनीतिज्ञबाहेक अरु सबैको उपस्थिति हुन्छ ।

बझाङको संस्कृतिमा मष्टो पर्व

बझाङ जिल्लामा मष्टादेवता सुदूर पश्चिमान्चल क्षेत्रको निम्ति प्रसिद्ध छन् । यी देवतालाई दाह्रेमष्टो पनि भन्छन् । दाह्रेमष्टाका धामीले कामेको बेलामा दाँतले सयौं बोकाको गर्धन छिनाउँथे । मष्टा आङ चढेको बेला धामीका दान्हा निस्कन्थे, जो तीक्ष्ण खड्गभन्दा पनि मापाका थिए भन्ने कथन बहुप्रचलित छ ।

बझाङका प्रगतिशील विचार राख्ने राजाले धामीको वा मष्टाका परीक्षाको निम्ति मोटो गर्धन भएको जख्खु बोकाको घाँटीमा फलामे पाताका जंजीर लगाएर बोका बलि दिन ल्याएछन् । धामीले टोकेर नै गर्धन र फलामेपट्टी पनि छिनाइदिए तर उनका दुइटा दान्हा पनि टुटेछन् । त्यसपछि मष्टा आङ चढेका बेलामा फलानाको जाँच गर्ने कर्तुतले मेरा दान्हा टुटे भनेर दुई दान्हा टुटेको मष्टाका धामीले देखाउँथे भनेर पचास वर्ष नाघेका स्थानीय मानिसहरूको भनाइ छ ।

वर्तमानमा त्यसरी वलिदान गर्ने चलन धेरै हटेको छ र दुधेमष्टाको रूपमा पनि पूजा गरिन्छ । मष्टालाई मोटेश्वर पनि भनिन्छ । यो सुधारिएको नाउँ हो । यी मष्टालाई इन्द्रपुत्र हुन् भनेर पनि लोकमा विश्वास गरिन्छ । यसवाट मष्टा र इन्द्रको वावुछोराको सम्वन्ध भएको वुझिन्छ । मष्टालाई लेखकले मरुत् देवताको प्रतीक अथवा मरुत्बाट नै मष्टा भएको कुरा स्वीकार गरेको छ । यो धारणालाई पनि स्थानीय लोकोक्तिले पुष्टि नै गर्छ । इन्द्र र मरुत्गणको ज्यादै नजिकको सम्वन्ध भएको कुरा हाम्रा पौराणिक साहित्यले पनि स्वीकार गर्छन् र वेदमा भने मरुत्गणलाई रुद्रपुत्र भनिएको पनि पाइन्छ । वैदिक मरूत् २१ वा एक सय भएको कुरा वैदिक साहित्यवाट जान्न पाइन्छ भने इन्द्रका सहचारी र रुद्रका पुत्र अथवा गणको रूपमा मरुत्को उल्लेख भएको छ ।

मष्टादेवताको मान्यता सम्पूर्ण पश्चिम नेपालमा भए पनि वझाङ जिल्लामा मष्टाको ज्यादै प्रसिद्धि छ । चैत कृष्ण औंसीका दिन मष्टाको काँकर (लिङ्गो) ल्याउन गाउँलेहरू खाजा सामल लिएर वाजागाजाका साथ

भोकै जङ्गलमा प्रस्थान गर्छन् । यो औंसीलाई सम्वत्सर औंसी भन्ने चलन छ, किनकि चैत्र शुक्ल प्रतिपदाको दिनदेखि शक सम्वत्सर शुरू हुन्छ । पहिले सल्लाको सुरिलो रूख छानेर काँकर काटिन्छ । ६०-६५ हातको रूख काटेर ताछतुछ पारी बोक्नसक्ने बनाएपछि रूख काटेको ठुटामा वोकाको बलि दिन्छन् । यो बलिको निम्ति हजारौं मानिसले इच्छापूर्तिको निम्ति भाकल गरिराखेका हुन्छन् । पाँच छ सय बोका काटिनु साधारण कुरो हो । यो लिङ्गो मोडाल थर हुनेहरूले काट्छन् । पुजारी पनि लिङ्गो काट्ने ठाउँमा जानुपर्छ । यसको लम्वाई परिमाण ३२ वाहाँभर भन्छन्, अर्थात् ६४ हात ।

धामीको काँकर काटेर (धामी गाउँ) कणेल गा. वि. स. ले ल्याउँछ । जैदुमैदु बोहोराहरूको लिङ्गो बान्नीकोट गा. वि. स. ले ल्याउँछन् । पुजारी सुवेडा (सुवेदी) हरूको लिङ्गो यसवापत गुठी जग्गा खाने, मुडुलेल, कडायत, ऐणी थरवाला खसले ल्याउँछन् । यिनीहरूको दुई वर्षको पालो हुन्छ । अर्को दुई वर्ष पाटा गाउँकै १ नं. वार्डमा वस्ने ठकुरी मोत्थाल, रोकाया, ऐणी कडायत तीन जातले ल्याउँछन् । बोकेर, लडाएर, घिसारेर ल्याउँदा लिङ्गो भाँचियो भने तुरुन्तै गएर नयाँ ल्याउनुपर्छ । यी लिङ्गाहरू ल्याएर तोलेनी भन्ने मैदानमा राखिन्छ ।

तोलेनी भन्ने चौरमा पहिले कुण्ड थियो । त्यहाँ मष्टा र महिपासुर भन्ने दानवको १२ वर्षसम्म लडाइँ भयो । त्यसपछि मष्टाका वहिनी-धुर्का, सुर्मा, स्याही, आदि १६ वहिनीले महिपासुरलाई जालमा पारेपछि मारे । त्यसपछि त्यो दानवको जेगजाँगडो (जाङ र खुट्टाहरू) फ्याँक्दा डोटी जोरायलमा पुग्यो । त्यसैले डोटी जोरायल नाउँ रहेको हो ।

औंसीका दिन काटेको लिङ्गो भोलि या पर्सिपल्टसम्ममा मष्टाको नजिकको तोलेनी मैदानमा ल्याएर राखिन्छ । चैत्र शुक्ल त्रयोदशीका दिनमा फेरि मानिसहरू जम्मा भएर मुख्य काँकर खडाको खडै रूपमा बोकेर मष्टाको माडु नजिक पुऱ्याउँछन् । खअडा काँकरले त्यो चौरको वीच चिर्दै लैजाने चलन छ । त्यस कुरालाई महिपासुरको छाती चिरेको भनिन्छ । पहिले-पहिले यसरी काँकरले चौर कोरिंदा रगत आउँथ्यो रे, किन्तु अब त्यस्तो हुँदैन । काँकर लिङ्गो यहाँको जात्रामा जस्तो गाडेर खडा गर्ने चलन छैन । अर्थात् खडा गरेर ढाल्यो अनि त्यसलाई ४५ हात

लामो मष्टाको माडुमा लगेर चढाइन्छ अर्थात् सुताएर चढाइन्छ । धामीको काँकरमा (लिङ्गोमा) ध्वजापताका र चमर, घण्टी वाँधेर सिंगारिन्छ । अन्य लिङ्गोमा ध्वजापताकाले मात्र सिंगार्ने चलन छ । लिङ्गो खडा गर्ने काम सकिएपछि दुई गाउँ तल्लो छविसे र उपल्लो छविसेका बीच मष्टाको खुशियालीमा भकुण्डो खेल्छन् । पहिले पहिले त्यसै दिन बाघले मारेको गाईगोरूको छाला ल्याई भकुण्डो वनाउने चलन थियो । आजकाल जंगल मासिएको र वाघ, चितुवा पनि सकिँदै गएकाले यो सम्भव छैन । कहिलेकाहीं यस्तो परिहाल्यो भने प्राचीन मान्यताको पालना गरिदैछ ।

यो पर्वलाई चैतुली चाड भन्छन् । यो मेलामा अनिवार्य रूपमा वझाङका सवै व्यक्तिहरू जानुपर्थ्यो । डोटी, डँडेलधुरा, अछामदेखिका मानिसहरू यो मेला भर्न आउँछन् । आइतवार र वुधवार मष्टाको माडौंमा नित्य पूजा हुन्छ । पुजारी सुवेदी व्राह्मण छन् र उनले नभ्याउने वेलाको निम्ति अन्य उपाध्याय व्राह्मण पनि राखिएका छन् ।

मष्टालाई गाई, घोडा, सुन, चाँदी र रूपैयाँ चढाउने चलन छ । यो चढौंना धामी, पुजारीको हुन्छ । धामी थरको जातै हुन्छ । यही जातवाट धामी छानिन्छन् । जसको आङमा चढेर मष्टादेवता वोल्न थाल्छन्, त्यसको अनेक किसिमले परीक्षा लिइन्छ । मष्टाको शक्तिले युक्त भएको जनविश्वास भएपछि मात्रै धामीको रूपमा स्वीकार गरिन्छ । नमरेसम्म उही व्यक्ति नै धामी हुन्छ र मरेपछि नयाँ धामीको निम्ति उपर्युक्त नियम लागू गरिन्छ । मष्टाको मन्दिरमा वेद, रूद्री, चण्डीको पाठ गरिन्छ र यसको प्रतिष्ठाको निम्ति वा पूजापछि यज्ञ गरेर हवन गरिन्छ ।

महादर्शैको अष्टमीको दिन विशेष पूजा र वलिदान गरिन्छ । वेद, रुद्री, चण्डीपाठ र यज्ञ पनि यो दिन हुन्छ । दोस्रो पर्व जन्माष्टमी हो । यो दिन त्यस क्षेत्रभरिका घरमा गाई, भैंसीले जति दूध दिन्छन्, त्यो सम्पूर्ण दूध ल्याएर मष्टालाई चढाउनुपर्छ । यो बेला दोहमष्टाको रूपमा दुधेमष्टाको पूजा हुन्छ । अर्थात् दूध, खीर, टाटे (बाबर) चढाउने सात्विक पूजा मात्रै हुन्छ । यो दिन राति जात्रा पनि लाग्छ । पुसको शुक्लपक्षको अष्टमीमा पनि मष्टाको विशेष पूजा र पर्व हुन्छ । असारको शुक्ल अष्टमीमा पनि विशेष पूजा र पर्व हुन्छ ।

चैतुले चाड चैत्र शुक्ल त्रयोदशी (काँकर खडा गर्ने, चढाउने र भकुण्डो खेल्ने) सबैभन्दा विशेष जात्रा हो । यो बान्नीमाडुमा रहेको मष्टामाडुमा ४५ हातको लामो माडु छ । त्यसमा मूर्तिविनाका कोठामा नै मष्टाको आराधना गरिन्छ । मष्टाको कोठामा जान धामी पुजारी वाहेक अरूलाई मनाही छ । मष्टामण्डाली (देवी), जसलाई मष्टाकी आमा भनिन्छ, उनको र "लाटा हित" (मष्टाका गणप्रमुख) को स्थान अलि पर छ । यी तीनै देवताको मष्टाको पर्वसँग पूजाआजा हुन्छ ।

फर्पिङको हरिशंकर जात्रा

दक्षिणकालिका क्षेत्रको फर्पिङ शहर लिच्छविकालिक बस्ती हो भन्ने कुराको उल्लेख भइसकेको छ । यस क्षेत्रका प्राचीन देवतामा श्री पशुपतिनाथकै समकालिक स्थापना भनेर अनुमान गरिएका गोपालेश्वर महादेव र लिच्छवि सत्ता नेपालमा उदय भएपछि स्थापित भनेर अनुमान गरिएका भगवान् शिखरनारायण हुन् । वैदिक कालका द्वादशादित्यहरूमा कान्छा विष्णुको नाउँ आएको पाइन्छ भने उत्तर कालदेखि विष्णुको विशेषता बढ्दै गएको छ । उपनिषद्कालिक ब्रह्मचिन्तनमा विष्णु जगदीश्वर ब्रह्मको रूपमा देखिन थाल्दछन् र महाभारत शान्तिपर्वको पाञ्चरात्र मतद्वारा विष्णुको महत्ता थाहा पाइन्छ ।

उपनिषद्को सर्वव्यापक ईश्वरको प्रभुताले मान्यता प्राप्त गरेपछि नै बौद्ध तथा जैन दर्शनको अहिंसावादको व्यापक प्रचार र प्रसार हुन्छ र वैदिक यज्ञवादको उक्त दुवै जैन तथा बुद्ध दर्शनले खुला विरोध गर्दछन् ।

वैदिक यज्ञवादसँग समन्वय गर्दै उपनिषद् दर्शनको साररूप गीता दर्शनका व्याख्याता भगवान् कृष्णको अवतार भएपछि वासुदेव कृष्णको महत्तालाई वैदिक सनातन धर्मका अनुयायीहरूले पनि स्वीकार गर्दछन् र प्राचीन इतिहास तथा पुराणहरूलाई विस्तृत गरेर व्याख्या गर्ने काम महर्षि व्यासबाट प्रारम्भ हुन्छ । उहाँका शिष्य प्रशिष्यले यसलाई अझ विस्तृत रूपमा व्याख्या गर्दै समसामयिक दार्शनिक विचारधारालाई हृदयङ्गम गरी नयाँ रूपमा पौराणिक धर्मको विकास गर्दछन् । बुद्ध र जैनद्वारा घोर विरोध गरिएको यज्ञमा पशुहिंसा गर्ने वैदिक परम्पराको पौराणिक युगमा त्यति कटु विरोध भने हुँदैन तथापि यज्ञको सट्टा देवमन्दिरको स्थापना, प्रतिमा पूजा र अहिंसा आदि विचारको विकास हुन्छ । वेदमा मान्यता पाएका अनेकौं देवताको सट्टा सर्वत्र व्यापक,

सर्वदेवाधिदेव एउटै ईश्वरको रूपमा शिव अथवा विष्णु उपास्य देव हुन्छन् । शिवको सर्वव्यापक रूप यजुर्वेदले नै बनाएको छ र यसलाई श्वेताश्वतर जस्ता उपनिषद्ले ब्रह्म रूपमा व्याख्या गर्दछ । यस्तै द्वादश आदित्यमध्येका विष्णु पनि वैदिक मन्त्रमा नै व्यापक, विभु, त्रिविक्रमको रूपमा जानिन्छन् र पौराणिक युगमा सत्वगुणी रूपका पालनकर्ता, सृष्टिका आदिकारण र अजन्मा अव्ययरूपमा पूजित हुन्छन् ।

बुद्ध र जैन दर्शनको विकासभन्दा अगाडि नै शिव र विष्णुको महत्ता स्वीकृत भएता पनि यसको सम्प्रदायवादी रूप भने बुद्धदर्शनको प्रचार-प्रसारपछि भएको इतिहासविद्हरूले उल्लेख गर्दछन् । 'एको देवो केशवो वा शिवो वा' भनेर व्याख्या गरे पनि र विष्णु र शिव मूलतः एउटै हुन्, भिन्न रूप लिएर पालन र संहारको काम गर्छन् भनेर पुराणहरूले व्याख्या गरे पनि शिवलाई मुख्य मान्ने र विष्णुलाई मुख्य मान्ने सम्प्रदायवादीहरूका बीच कलह र वैमनस्यको जन्म भयो । यसको समाधानमा दुवै देउता एउटै हुन् र एउटै रूपका दुई अङ्ग हरिहर हुन् भन्ने कुरा पौराणिक एवं अन्य साहित्य र देवप्रतिमा (हरिहरमूर्ति) द्वारा पनि जान्न पाइन्छ । यस्तो प्रचार गर्नुपर्ने स्थितिले हामी साम्प्रदायिक कलहको जन्म भएको थियो भन्ने कल्पना पनि गर्न सक्तछौं । शिव र विष्णु तथा शाक्तहरूका बीच मात्र होइन कि शैव र बौद्धहरूका बीचको समन्वयात्मक जात्रापर्वको विशेष उदाहरण पनि नेपालमा बढी पाइन्छ ।

विद्वान् अन्वेषकहरूको विचारमा वैष्णव वा कृष्ण एवं शैव सम्प्रदायको सम्प्रदाय धर्मको रूपमा विकास भएको ई. पू. तेस्रो शताब्दीतिर हो भन्ने छ । यो भन्ने आधार त्यस वेलाको पुरातात्त्विक सामग्रीले दिएको छ । शिव वा पशुपति मानव जातिका पहिला देवता हुन्, जसको अस्तित्व वेदकालभन्दा पनि अगाडिको हुनुपर्छ भन्ने इतिहासविद्हरूको तर्क पाइन्छ भने विष्णुको उल्लेख वैदिक संहिता कालदेखि शुरू हुन्छ ।

ईशाका शुरू वर्षहरूमा शैव तथा वैष्णव दुवै सम्प्रदायले छुट्टाछुट्टै रूपमा विकास गरेका थिए, शिव या रुद्रभन्दा सात्विक रूपका विष्णु भएकाले र यो सम्प्रदायका अनुयायीहरूले शैव सम्प्रदायको जस्तो अनेक रूप धारण गर्नुपर्ने आवश्यकता नभएकोले वैष्णव धर्म बहुसंख्यक

समाजमा प्रभावकारी भएको पाइन्छ । तिलक लगाउनु र नाममन्त्र जप्नुले मात्र पनि वैष्णव धर्मको अङ्ग पुग्दथ्यो भने शैवहरू जटी या मुण्डिताशिर, भस्मधारी, बाघाम्वरधारी अथवा दिगम्वर र श्मशानवासी, घोरकर्मा पनि भएकाले सम्प्रदायको रूपमा शैव वा पाशुपतको संख्या वैष्णवभन्दा कम रहेको पाइन्छ ।

नेपालको लिच्छवि राज्यको उत्कर्ष कालमा छिमेकी भारतको साम्राज्यका अधिपति गुप्तहरू वैष्णव थिए । यसकारण शुरु शुरूका लिच्छवि राजा वैष्णव हुनु आश्चर्य हुँदैन ।

नेपालका आदिवासी गोपाल र त्यसपछि आउने किरातहरू शैव थिए । पशुपति र गोपालेश्वर गोपालहरूका पूज्य इष्टदेव थिए भने लिच्छवि राजाहरूले यहाँ पसेर चार द्वारपालको रूपमा ४ नारायणको चार दिशामा स्थापना गरेको कुरा जानिन्छ । नेपाल विजय गर्ने आर्य लिच्छविबाटै ४ दिशामा चतुर्व्यूहस्वरुप ४ नारायणको स्थापना गरिएको अनुमान हुन्छ ।

विशाल साम्राज्यका निर्माता गुप्तहरूको ध्वजा गरुडलाञ्छन भएको हुन्थ्यो । सनदपत्रहरूमा र आज्ञापत्रहरूमा पनि गरुडलाञ्छन भएको मुद्रा अंकित हुन्थ्यो भन्ने कुरा अभिलेखबाट थाहा हुन्छ ।

यही देखासिकी भनौं अथवा समसामयिक राजाहरूको अनुकरणमा ई. सं. ४६४ मा राजा मानदेव प्रथमले चाँगुमा गरुडस्तम्भ खडा गरेर अभिलेख कुँदाएको थाहा पाइन्छ ।

नेपाल उपत्यकाका आदिवासी गोपालवंशीहरू शैव थिए र गोपालेश्वरको पूजा गर्थे भने लिच्छविहरू वैष्णव भएकाले ४ नारायणको स्थापना गरे । मानदेवभन्दा १० पुस्ता अगाडिका राजा हरिदत्त बर्माले चार नारायणको मन्दिर वनाए । मानदेवले विजयोत्सवमा चाँगुको गरुण नारायणको पूजा गरेर ध्वजस्तम्भ स्थापना गरे ।

राजाको धर्म वैष्णव र जनताको धर्म शैव भएकोले दुवैको समन्वय गरेर एउटै मूलका दुई रूप मात्र हुन् भन्ने कुरा देखाउने जात्रा, मेला, पर्वको व्यवस्था मिलाउनु आवश्यक थियो । यसै कारणले लिच्छविहरूको पहिलो वस्ती भनेर अनुश्रुतिबाट थाहा पाइने फर्पिङको हरिशंकर जात्राको ऐतिहासिक पृष्ठभूमिको अध्ययन गर्दा यो जात्राको प्रारम्भलाई लिच्छवि

शासनको शुरुसँगै राख्न सकिन्छ । शैव र वैष्णवहरूको प्रतिस्पर्धात्मक स्थिति निकै पुरानो हो ।

मायातु प्रकृति विद्यात् मायिनंतु महेश्वरः –श्वेताश्वेतर उपनिषद् । अर्थात् मायारूप प्रकृति हुन् र मायाको रचना गर्ने चाहिं महेश्वर हुन् भन्ने वचन अनुसार सृष्टिको प्रारम्भ प्रकृति पुरुषको संगमद्वारा भएको मानिन्छ । यसकारण आदिशक्ति प्रकृति माया भनेर दार्शनिक अर्थ गरिएको शक्तिको रूप लक्ष्मी, उमा, दुर्गा आदि नामले वैदिक कालदेखि नै प्रख्यात भएको पाइन्छ । तान्त्रिक पक्षको विकास भएपछि शक्तिका अनेक रूप, नाम र अनेकौं काम भएको कुरा उल्लेख भएको छ । पौराणिक कालपछि भएको समकक्षरूपमा वहेको आगम (तन्त्र) धारालाई समन्वयात्मक रूप दिएर पुराणहरूले स्वीकार गरेका थिए । परन्तु पौराणिक कालपछि भएको स्वतन्त्र तान्त्रिक विकास र बाहिरवाट आयात गरिएका तन्त्रमन्त्र, जादु-टुना आदि उग्रसाधना पक्षको स्वीकृतिले गर्दा सातौं शताब्दीपछिको तान्त्रिकधारा विभिन्न रूपमा फैलिएको देखिन्छ ।

विष्णुको शक्ति लक्ष्मी र शिवको शक्ति उमा, दुर्गा अथवा संहाररूप शिव (रुद्र) को कालीशक्तिको महत्ता पनि प्राचीन साहित्यमा नै पढ्न पाइन्छ ।

हरिशंकर जात्रामा शिवकी शक्ति कालिकाको तथा विष्णुकी शक्ति लक्ष्मीको पनि साहचर्य हुनु आवश्यक थियो । शिव र काली, विष्णु र लक्ष्मीको महत्ता स्वीकार गरिएपछि शिवका सेवकगण भैरव, क्षेत्रपाल, गणपति कुमार सहित शिव परिवार र विष्णु लक्ष्मीका पार्षद गणको पनि उपासना पूजाआजा हुनु आवश्यक भएकोले यो भावनाको समष्टिरूपमा पालना गरिने प्रथा पनि हरिशंकर जात्रा विषयक अनुसन्धान गर्दा थाहा पाइन्छ । जात्राको संक्षिप्त विवरण निम्न प्रकारको छ :-

क) भाद्र शुक्ल द्वादशीको दिनदेखि प्रत्येक वर्षमा यो जात्रा शुरु गरिन्छ । फर्पिङ बजारको बीचमा पुरानो राजदरबारको अगाडि पुर्ने डबलीमा जात्राको शुरु हुन्छ । यहाँ श्री झंकेश्वरी (गुह्यकालिका दशरूपमध्येको एउटा रूपकल्पना) को पीठ छ । यसै पीठमा त्यसै ठाउँको तुलजा (तलेजु) का पुजारी र श्री दक्षिणकालिकाका पुजारीले, पूजा

सम्पादन गर्दछन् । यो क्षेत्रका अन्य छुट गुठी र निजी गुठीका पुजारी र गुठियारहरू पनि यस मौकामा उपस्थित रहन्छन् ।

यो दिनमा प्रारम्भिक पूजा र समस्त देवताको आह्वान गर्ने विधि सकेपछि दुइटा बोकाको बलिदान गर्नुपर्छ ।

ख) भोलिपल्ट त्रयोदशीका दिनमा श्री गोपालेश्वरको आगम घरमा राखिएको मूर्ति जात्रामा रथारोहण गरेर घुमाइने देवताहरूको गणेशको पाटीमा ल्याएर पूजा गरी रातभरि राख्दछन् ।

ग) त्यसको भोलिपल्ट अर्थात् चतुर्दशीका दिनमा राती शिखरनारायणका पुजारी, जोशी गोपालेश्वरका आगम घरमा तान्त्रिक पूजा गर्ने पुजारी आचाजु कुलबहादुर कर्माचार्य समेत भई फर्पिङ क्षेत्रका समस्त देवीदेवतालाई प्राचीन विधिविधान अनुसार काँचो धागाको पुथिका चढाई यज्ञमण्डप बनाई रातभरि होमादि यज्ञ सम्पादन गरिन्छ । यस विधिलाई पुच्छा गर्ने भनिन्छ । यो विधिविधान गर्दा छुट गुठीका (वर्तमानमा जगतबहादुर अमात्य) कर्ता (यजमान) बन्दछन् ।

घ) भाद्र शुक्ल पूर्णिमाको दिनमा दिउँसो सर्वप्रथम श्री गोपालेश्वरको रथ तयार गरी चार पाँच बजेतिर जात्रा गरिने चतुर्मुखी शिवलिंग जस्तै ठूलो तावामा सुनको मुलम्मा लगाइएको श्री गोपालेश्वरको नाङगील रथमा राखिन्छ । सुनको मुलम्मा भएको गजुर राखी रथ सिंगारिन्छ । बेलुका ८।९ बजेतिर रथमा चँदुवा टाँगेर पोशाक पहिराइसकेपछि प्राचीन रीतिअनुसार राजप्रतिनिधि रूपमा थकु जुजु बद्रीराज मल्लले सेता जामा सेता फेटा लगाई पूजा गर्न शुरु गर्दछन । यो पूजा राजोपाध्यायवाट गराइन्छ । थकु जुजुवाट पूजा समाप्त भएपछि रथ (खट) बोक्ने टोलका मानिसहरूलाई यस जात्राका रकमी ४ जना बिसेटहरूले बोलाउँछन् र कोटाल टोलका पचास साठी व्यक्तिहरू जम्मा भएर बाजागाजाको साथ गौरगणेशस्थानअगाडिको पाटीमा राखिएको रथ बोकी त्यही कोटाल टोलको करीव १० मीटर माथि पर्ने लाछीमा रथ राखिन्छ ।

ङ) आश्विन कृष्ण चौथीका दिन दिउँसो कोछु टोलमा श्री तिलत्रिक्रमेश्वरको रथ १, धलखु टोलमा श्री अघोरेश्वरको रथ १, यलखु टोलमा श्री नन्दिकेश्वरको रथ १, थथेप टोलमा श्री शेषनारायणको रथ

१, कोटेप टोलमा श्री महालक्ष्मीको रथ १ समेत छ ओटा रथ जम्मा गरी पीठ पीठबाट पुजारी रकमीहरूद्वारा "जीवघट" ल्याई स्नान गराई पूजा गरी यात्रा गरिने मूर्तिहरू रथमा आसीन गराएर अलि अलि ठाउँ सारेर राखिन्छ ।

च) आश्विन कृष्ण अष्टमीको दिन राति श्री गोपालेश्वरको रथ १, श्री तिलविक्रमेश्वरको रथ १, श्री दक्षिणकालीको रथ १, श्री अघोरेश्वरको रथ १, श्री नन्दिकेश्वरको रथ १, श्री महालक्ष्मीको रथ १, श्री कालभैरवको मूर्तिचित्र लेखिएको घ्याम्पा तथा जात्रा गरिने देवताहरू राखिने देवछे (आगम घर) मा बलिदानको लागि समर्पित सात ओटा राँगा बाँध्नुपर्ने परम्परा छ ।

छ) आश्विन कृष्ण नवमीका दिन बिहान उक्त सात वटा राँगा पीठ पीठमा लगी बलि चढाउनुपर्छ । सातै राँगाको मासु प्रसादको रूपमा सातै टोलका व्यक्तिहरूमा भागशान्ति बाँडिन्छ । यो प्रसाद रथ बोक्ने व्यक्तिहरू बिसेटहरूले पाउँछन । यहाँ रथ भन्नाले प्रायशः खट भन्ने बुझ्नुपर्छ । यसलाई रथ नै भन्ने चलन छ । बेलुका ९।१० बजेका टायममा बाजागाजाका साथ सर्वप्रथम श्री दक्षिणकालीको रथ टिपीटोले ५०।६० जनाले थलखु टोलबाट बोकी कोछु टोल, यलखु टोल, थलखु टोल घुमाई थलखु टोलमा राख्दछन् । त्यसपछि श्री नन्दिकेश्वर इन्द्रायणीको रथ थलखु टोलमा ५०।६० जना मानिसहरूले बोकी थलखु टोल, टिपी टोल, कोछु टोल घुमाई यलखु टोलमा लगेर राखिन्छ । यो दिन ३ रथको यात्रा गरिन्छ ।

ज) यो ३ रथको जात्रा समाप्त भएपछि रात्रिमा कोछु टोलमा रहेका "वौलोहं" भनिने श्री स्वच्छन्दभैरवमा कोछु टोलका विसेटले कर्माचार्यद्वारा पूजाआजा गराइन्छ । यहाँ एउटा बोकाको बलि दिइन्छ र बोकाको टाउकोको छाला र खुरहरू खुइल्याई श्री कुमारी र तिलविक्रमेश्वरको रथको टाकलमुनि भुजुङ्गोभरि भात राखेर त्यो बोकाको टाउकाको पुजाआजा गरी अन्य छ टोलका विसेट समेत सात टोलका विसेटहरू जम्मा भएर कसाहीहरूलाई बाजा बजाउन लगाएर रात्रिमा फर्पिङका सातै टोलका सबै देवदेवताको क्षेत्रमा, दोबाटो चौबाटोहरूमा उक्त भात छरी फर्कन्छन् । यो परम्परा देव-देवताको सान्निध्यमा रहने

भूत, वेतालगण तथा क्षेत्रपालहरूलाई सन्तोषको निम्ति बलि अर्पण गरिएको मानिन्छ । यसलाई "भूया जानु" भन्दछन् ।

झ) आश्विन कृष्ण दशमीका दिन बिहान कोटेप टोलमा आसीन श्री रक्तभैरवमा पुजारी कर्माचार्यद्वारा पूजा गरिन्छ र बोका १ बलिदान दिने विधि छ । श्री रक्तभैरवको प्रसादरूप ताँवाको घ्याम्पामा भरी जाँड राखिन्छ र मुकुन्डो लगाएका भैरवको घ्याम्पा बाजागाजाका साथ बोकी लगेर कोटाल टोल पुऱ्याइन्छ । त्यहाँ श्री कालभैरव (प्रचण्डभैरव) ताँवाको ठूलो घ्याम्पामा भरी जाँड राखेर रक्सीसहित भएको घ्याम्पालाई मुकुन्डो, मुण्डमाला लगाएका, त्रिशूल र डमरु हातमा लिएका भैरव साथ भई श्री रक्तभैरव र कालभैरवको घ्याम्पाको विहानभरि नै जात्रा चलाइन्छ । यो जात्रा श्री पचलीभैरवको दशैंताका हुने काठमाडौंको जात्राजस्तै हुन्छ । अघि एक पटक श्री प्रचण्डभैरवको घ्याम्पाको जात्रा गर्दागर्दै फर्पिङबाट काठमाडौं हनुमानढोकामा प्रदर्शन हुनपुगेको कुरा त्रिरत्नसौन्दर्यगाथाका रचनाकारले उल्लेख गरेका छन् ।

आश्विन कृष्ण दशमीको दिन राति १०.११ बजे बाजागाजाका साथ श्री शेषनारायण (शिखरनारायण) को रथ १ र श्री महालक्ष्मीको रथ १ समेतको रथयात्रा गरिन्छ ।

ञ) **मूल जात्रा :** आश्विन कृष्ण एकादशीको दिन राति १०/११ बजेतिर फर्पिङको कोछु टोलको चक्रपूजा हुने ठाउँमा माटाका नयाँ नौ वटा घ्याम्पाका भरी भरी जाँड राखेर, भुजा पकाई पूजाको सामान, कुखुराको भाले १, राँगा १ समेत ठीक पारिसकेपछि श्री पशुपतिक्षेत्र मृगस्थलीबाट १ दिनअगाडि आई झंकेश्वरी मन्दिरमा बसेका गोरक्ष पीठका महन्त कनफट्टा वा निजले खटाएका गोरख सम्प्रदायका कनफट्टा जोगीहरूका समक्ष उक्त नौ घ्याम्पा जाँड राखी चक्रपूजा गरिन्छ । चक्रपूजाको समाप्तिपछि कुखुरा १ र राँगाको बलिदान गरी भुजा छर्ने काम हुन्छ । यसरी चक्रपूजाको विधि सकिएपछि राती श्री तिलविक्रमेश्वरको कुमारीसहितको रथ, श्री गोपालेश्वरको रथ र श्री महालक्ष्मीको रथ जम्मा पारी ३ रथको जात्रा प्रदर्शन गरिन्छ । यसपछि श्री शेषनारायणको रथ बोकेर ल्याई श्री झंकेश्वरीको मन्दिर घुमाई त्यहाँभन्दा अलिकति अगाडि माटामा रहेको चेप्टो ढुंगो नघाई श्री

शेपनारायणको रथ कोछु टोलमा पुगेमा जात्राको साङ्गे भएको (समाप्ति) मानिन्छ ।

जात्राको यसरी समाप्ति भएपछि बिहान फर्पिङ जिल्लाभरिका देवीदेवतालाई "सिन्दूर भाग" पूजा गरी रकमीहरूलाई बाँडिसकेपछि करिब १।१ पाउका सिन्दूर पोका, थकु जुजु, शेषनारायणका पुजारी, दक्षिणकालिकाका पुजारी, बज्रयोगिनीका पुजारी, अन्य रकमीहरू, प्रधान, महाने, कसाही, कुसले, पोडे, कामी, सार्की, नाउ, भाट, बाजाखलकी समेतलाई सिन्दूर पोका बाँडी दिनुपर्छ । यसपछि बाजा अगाडि लगाई त्यसपछि सबै पुजारी रकमीहरू पछि लागी हरिशंकर जात्रा गरिने सात रथमा र अरू देवी देवतालाई सिन्दूर चढाउनुपर्छ । पछाडि कोत तलेजुमा सिन्दूर चढाई, त्यसपछि नवमी, दशमी, एकादशी समेत तीन दिन बत्ती बाल्ने गोनालमा सिन्दूर चढाइसकेपछि यात्रा सकिन्छ । यसपछि सबै रकमीहरूलाई पुरानो दरवन्दीअनुसार ८ पैसा, १० पैसा, ३२ पैसा आदि छासल दाम वितरण गर्नुपर्ने नियम छ ।

बान्ह बान्ह वर्षमा श्री शेषनारायणको रथ, जात्रा समाप्ति मानिने चेप्टो ढुङ्गो नघाई लैजान नसकिने हुन्छ । श्री शेषनारायणको रथ कुनै प्रकारले श्री गापालेश्वरको मन्दिरनजिक पुग्यो भने हरिशंकर जात्रा समाप्त गर्न अनुमति प्राप्त नभएको मानिन्छ र रथहरू जहाँको तहीं रहन्छन् । यस्तो भएमा बालाचतुर्दशीमा पुन: गोरखपन्थीद्वारा चक्रपूजा गराउनुपर्छ र सात पीठमा सात राँगाको पुन: पूजाआजासहित बलिदान गर्नुपर्ने परम्परा छ । साथै श्री कालभैरव तथा श्री रक्तभैरवको घ्याम्पा घुमाउने जात्रा पनि दोहोऱ्याउनुपर्छ ।

अघि १८८३ सालमा तेस्रो पटक पनि जात्रा गर्नुपरेको प्रमाण पनि प्राप्त छ ।

ट) आश्विन कृष्ण एकादशी रात्रिभर मूल जात्रा भई जात्राको साङ्गे भएमा बिहान सिन्दुर यात्रा गरी दिउँसो १।२ बजेदेखि श्री नन्दिकेश्वर (इन्द्रायणी) को रथ, श्री अघोरेश्वर (नीलवाराही) को रथ, श्री कनकेश्वर (दक्षिणकाली) को रथ, श्री सिद्धिगणेश्वर (महालक्ष्मी) को रथ, श्री शेषनारायणको रथ समेत ६ ओटा रथलाई टोल-टोलका मानिसले बाजागाजाका साथ फर्पिङ शहरका सातै टोल घुमाई क्रमसँगै

श्री झंकेश्वरी मन्दिरको बायाँतर्फको कोछु टोल घुमाई टोल-टोलसम्ममा सर्वभन्दा माथि श्रीगोपालेश्वरको रथ, त्यसपछि श्री नन्दिकेश्वरको रथ, अनि कनकेश्वर, अघोरेश्वर, सिद्धिगणेश्वर, तिलविक्रमेश्वर र त्यसपछि कोटाल टोलको बाटामा शिवलिंग, त्योभन्दा माथि श्री शेषनारायणको रथ राखेपछि श्री हरिशंकरको रथ जोडिन्छ । त्यो दिन बिहान रथ बोक्ने टोल-टोलका मानिसलाई भात पकाएर खुवाउने परम्परा छ ।

ठ) आश्विन कृष्णपक्षको त्रयोदशीका दिन दिउँसो १२-१ बजेतिर बाजागाजाका साथ कोटाल टोलका मानिस ६०-७० जनाले श्री गोपालेश्वरको रथ बोकी फर्पिङ शहरको सात टोल घुमाई तल पोडे टोलमा पुगेपछि पूजा गरी चामलको पीठाको योमरी र फलफूलको रथमा वर्षा गरी उत्सव मनाइन्छ । रथ बोक्नेहरू, बाजा बजाउने कसाही, कुसले र पोडेहरूलाई दही, चिउरा, योमरी, फलफूलसमेत बाँडी त्यहाँबाट रथ बोकेर श्री गोपालेश्वरको मन्दिरमा पुऱ्याइन्छ । रथ मन्दिरमा पुगेपछि पुन: पूजाआजा हुन्छ र जात्रा गर्दा रथमा राखिने श्री गोपालेश्वरको प्रतिमूर्ति, जसलाई नेवारी भाषामा नाङ्गोल भनिन्छ, चतुर्मुखी स्पर्शले उक्त मूर्ति र तलसिं देवता भनिने मूलदेव मूर्ति सहित श्री गोपालेश्वरको अचल लिङ्गमाथि चार दिनसम्म राख्ने विधि छ । यो चारै दिन पूजा र हवन हुन्छ । यसपछि उक्त मूर्तिहरू श्री गोपालेश्वरको आगम घरमा राख्न ल्याइन्छ ।

गोपालेश्वरको रथ गोपालेश्वरको मन्दिरमा पुगेपछि मात्र अन्य ६ रथमा राखिएका मूर्तिसहितका रथहरू ६ टोलमा लगिन्छ । श्री गोपालेश्वरको रथ जात्रा हुँदाहुँदै श्री झंकेश्वरीको मन्दिरअगाडि पुग्यो भने वा कोटाल टोलका गौरगणेश अगाडि पुग्यो भने यो अतिक्रमणको दोष निवारण गर्न कालो भांडो एक ल्याई श्री गोपालेश्वरको रथको छाकल (धुराका भैरव) लाई भोग दिनुपर्ने नियम छ । साथै ११ ब्राह्मणद्वारा ११ रुद्रीपाठ, चण्डीपाठ, विष्णुसहस्रनाम, गणेशसहस्रनाम पाठ गरी शान्तिस्वस्ति गर्नुपर्छ । विगत २०३४ सालमा श्री झंकेश्वरी मन्दिरअगाडि श्री गोपालेश्वरको रथ पुगेको र २०३८ सालमा कोटाल टोल गौरगणेशस्थानअगाडि रथ पुगेकोले गुठी संस्थानमा खबर आई शान्तिस्वस्तिको लागि चाहिने उपयुक्त सामान निकासा भएपछि पूजा

विधान गरी शान्तिस्वस्ति गरिएको थियो । यसरी शिव र विष्णुको संयुक्त जात्रा गर्ने परम्परा फर्पिङमा छ भने जुम्लाका मल्लराजाका पालामा सिंजा साम्राज्यभित्र पनि हरिशंकर जात्रा मनाउने गरेको प्रमाण छ ।

गोदावरी तीर्थ र बाह्रवर्षे जात्रा

पौराणिक कथा

परापूर्व कालमा महर्षि गौतमलाई गोहत्या लाग्यो । गौतम ऋषिले गोहत्या पापमोचनको लागि श्रीकृष्ण भगवान्सँग प्रार्थना गर्दा गोलोकवासिनी गंगालाई पठाइदिनुभयो र पृथ्वीमा गोदावरीको नाउँले प्रसिद्ध भइन् । यिनै गोदावरी नदीमा स्नान गरेर महर्षि गौतमले पाप नाश गर्नुभयो । यी नदीमा स्नान गर्दा गोहत्या, ब्रह्महत्या आदि महापातक पनि नाश हुन्छन् । उपर्युक्त महात्म्यको विशेष चर्चा स्कन्दपुराणमा गरिएको छ ।

यी गोदावरी नदी वर्तमान भारतको मध्यप्रदेश, महाराष्ट्र र आन्ध्रप्रदेशको पश्चिमी भाग हुँदै समुद्रमा मिल्दछिन् ।

सूर्य र वृहस्पति सिंह राशिमा जम्मा भएको बेलामा गोदावरीको बाह्रवर्षे मेला पर्दछ । राशिचक्रमा वृहस्पतिले एक वर्ष लगाएर एक राशि भोग गर्ने हुँदा पुनः सिंह राशिमा आइपुग्न १२ वर्ष लाग्दछ । सिंह राशिमा पुगेर वृहस्पति अस्त हुँदा पर्व शुरू हुन्छ । बाह्रवर्षे पर्वको विशेष माहात्म्य पनि स्कन्दपुराण तथा पद्मपुराणमा वर्णन गरिएको छ । यिनै पवित्र गोदावरी नदीको तीरमा वनवासी रामचन्द्रको पञ्चवटी भन्ने ठाउँमा कुटी थियो । यिनलाई दक्षिणकी गंगाको रूपमा पुराणहरूले ठूलो माहात्म्य बखान गरेका छन् ।

वंशावलीको कथन

परापूर्वकालमा यो उपत्यकाभित्र सोमवंशी राजा निमिषले गोदावरी नजीकै दरवार बनाएर शासन गर्थे । उनी गोदावरीका विशेष भक्त थिए । उनी गोदावरीको आव्हान गरी यहाँको कुण्डमा स्नान गर्थे । उनैका पालामा दक्षिणकी गोदावरी नदीमा बगेको मृगचर्म र माला यहाँको

गोदावरी कुण्डमा उत्रिरहेको पाइयो । त्यस वेलादेखि यस ठाउँमा वाऱ्हवर्षे मेला लाग्न शुरू भयो । यो कुरा नेपालका केही वंशावलीमा उल्लेख भएको पाइन्छ ।

पुन: सोऱ्हौ शताव्दीतिर वहादुरपुरी स्वामी निकै धर्मात्मा र सिद्धजस्ता थिए । वाऱ्हवर्षको सिंहास्तको बेलामा दक्षिण गोदावरी पुगी नित्य स्नान गरी त्यहीं वस्तथे । उनलाई एक दिन हरिहरले प्रत्यक्ष दर्शन दिएर आज्ञा भयो- "तिमीले अव गोदावरीको स्नानको लागि यहां आइरहनुपर्दैन, हामी वहींकै गोदावरी कुण्डमा दक्षिण गोदावरीको जल पठाइदिन्छौं ।" हरिहरको आज्ञा भएकै दिन रातीदेखि गोदावरी कुण्डमा जलवृद्धि भयो र दक्षिण गोदावरीमा वगाएको कमण्डलु र खराउ यहाँ कुण्डमा घुमिरहेको बेलामा फेला पऱ्यो । त्यस वेलादेखि झन् त्यहाँ वाऱ्हवर्षे मेलाको भीडभाड वढ्यो । आजसम्म पनि उक्त कमण्डलु र खराउ सुरक्षित छन् । उनै वहादुर पुरीका सन्तानहरू नै आजसम्म पुजारी तथा महन्त छन् । कुण्डका नजीकको दरवारको भग्नावशेष र देवमूर्तिहरूको कलात्मक अभिव्यक्तिले भने मल्लकाललाई अम्ल्याउँछन् उक्त स्थानको संरक्षण सम्बर्धनका लागि करीव २०० रोपनी गुठी रहेको देखिन्छ ।

अर्को विशेष कुरा- त्यहाँ एउटा परापूर्वदेखि आगो निभाउन नहुने धुनी छ । केही गरी आगो निभ्यो भने कागेश्वर वा वज्रयोगिनीको आगो ल्याई धुनी जगाउनुपर्छ । त्यस धुनीको खरानी झिक्न हुँदैन र खरानी कहिल्यै बढी भएको पनि पाइँदैन ।

उपर्युक्त विशेषताहरू लोकोक्ति नै भए पनि भावनामा नै ईश्वरीय सत्ता हुन्छ भनेर विश्वास राख्ने हिन्दू धर्मको निम्ति अनुश्रुति पनि पुराणजत्तिकै मान्य छन् । संसारका सबै धर्म नै भावनाप्रधान भएकाले जुन जाति र वर्गले जुन धर्म र सम्प्रदाय मान्दछन् उनीहरूले आफ्नै नजीकमा मठ, मन्दिर, चैत्य र मूर्तिको स्थापना गर्दछन् । त्यस्तै चर्च र मस्जिदहरूले पनि भावनात्मक अभिव्यक्तिलाई नै ठाउँ दिएका छन् ।

प्राचीन कालमा वन जङ्गल, यातायातको साधनको अभाव आदिले गर्दा टाढा टाढाका देवस्थल र तीर्थमा पुग्नलाई बालक, बृद्ध-वनितालाई असम्भव नै हुन्थ्यो । यसकारण ती टाढाका पवित्र जल ल्याएर नजीकका

पोखरी, बाबडी, कूवा, इनारमा हालेर तीर्थस्थलको आव्हान गरी धार्मिक विधिविधानद्वारा प्रतिनिधि तीर्थहरू बनाइन्थे । गंगासागरको जल ल्याई पोखरीमा हाली विदेहराज जनकले जनकपुरमा गंगासागर बनाएका थिए भने सम्पूर्ण दूरदेशस्थ तीर्थका जल ल्याएर पोखरीमा हाली सम्पूर्ण तीर्थको आवाहन गरी राजा प्रताप मल्लले रानीपोखरी तीर्थ बनाए । यस्तै परापूर्व कालमा नै गोदावरीको जलले पूर्ण पारेर वैदिक विधिविधानद्वारा गोदावरीको आवाहन गरी यो गोदावरी कुण्ड निर्माण भएको रहेछ भन्ने कुरामा पनि विश्वास गर्न सकिन्छ । देवताको प्रतीक रूपमा रहेका तीर्थहरू भक्तहरूको आस्थामा अवश्य नै फल दिने हुन्छन् भन्ने कुरामा हामीहरू विश्वास राख्तछौं ।

गोदावरी कुण्ड जुन ठाउँमा रहेको छ, त्यो ठाउँले पनि ऐतिहासिक पौराणिक महत्त्व दर्शाउँछ । पूर्व उत्तरपट्टिको डाँडालाई भस्मासुरको डाँडो र पश्चिमपट्टिको पर्वतलाई फुलोच्च गिरिको नाउँले पुकारिन्छ ।

शिवजीले तपस्या गर्ने भस्मासुरलाई वरदान दिएपछि शिवजीलाई नै भस्म गरेर पार्वतीलाई हरण गर्ने धुनमा भस्मासुरले लखेट्न थालेपछि भागेका शिवजीको रक्षार्थ मोहनी रूपधारी विष्णुले छल गरी भस्मासुरलाई समाप्त बनाएको यही डाँडो हो भन्ने लोकोक्ति चलिआएको छ । यो कथा पुराणहरूमा प्रसिद्ध छ । फुलोच्च गिरिमा मञ्जुश्री बोधिसत्वले वरदा नाउँकी शक्ति (लक्ष्मी) राखेको कुरा वंशावलीले भनेका छन् । यिनै दुई पर्वतका बीचमा गोदावरी कुण्ड छ र जुन ठाउँको प्राकृतिक सौन्दर्यले पनि दण्डकारण्यकी गोदावरीको प्रतिनिधित्व नै गरेको भान हुन्छ । अत्यन्त सुन्दर, स्वास्थ्यवर्धक वातावरण भएको ठाउँमा नै यो पवित्र तीर्थ छ । यस्तै शान्त, सुन्दर, एकान्त स्थानमा देवताको वास हुन्छ भन्ने कुरामा हिन्दू धर्मले विश्वास गरेको छ ।

देवताहरू

कुण्डको दक्षिणपट्टि भित्तामा भगवान् विष्णुको मूर्ति छ र त्यसका साथैमा विष्णुपादुका पनि रहेको छ । यसको साथैको कुण्डलाई गौरीकुण्ड भनिन्छ । केही पर भगवतीको मूर्ति छ । श्री शब्देश्वर

महादेव, कामधेनु श्री सरस्वती; श्री वासुकी नागराज, ऋपेश्वर महादेव, श्री गणेश आदि विविध देवताहरू त्यहाँ स्थापना गरिएका छन् । पर्वतको कन्दराबाट बहेको शीतल जलधारा कुण्डमा र मूल कुण्डको जलधाराद्वारा दोश्रो कुण्डमा गिर्दछ । यी दवै कुण्डहरूको वरिपरि चौगिर्दा पर्खालले घेरिएको छ ।

गोदावरी गुठीको व्यवस्था

पाटनको राजवंश निर्मूल भएपछि काठमाडौंका तत्कालीन राजा श्री भास्कर मल्ल (ने. सं. ८१० - ८४२) पाटनका पनि राजा बन्दछन् । ने. सं. ८३७ (वि. सं. १७१७) मा पाटनको गद्दी प्राप्त गरेपछि टक मारिएका मुद्रामा उनी श्री महिन्द्र सिंह देवको अमर नाउँले चिनिन्छन् । यिनै महिन्द्र सिंहले श्री गोदावरी कुण्डको नित्य पूजाको लागि १२ रोपनी जग्गा गुठी राखिदिएका रहेछन् भन्ने कुरामा पछिका लालमोहरहरूबाट थाहा पाइन्छ । वि. सं. १८६३ सालमा उक्त गुठीको बान्ह रोपनी जग्गा भूलले खानगीमा दरिएपछि उजुर गर्दा १८६६ साल आश्विन शुदी २ रोज १ का दिन श्री महिन्द्र सिंहले गुठी राखेको व्यहोरा उल्लेख गरी गुठी थामी श्री ५ गीर्वाणयुद्ध विक्रम शाहवाट लालमोहर भएको देखिन्छ ।

यसपछि १९०७ सालमा श्री ५ सुरेन्द्र विक्रम शाहदेवकी जेठी महारानीवाट गोदावरीमा सत्तल पाटी बनाई पर्खालले घेरी वान्हवर्षे मेलामा ६ दिनसम्म प्रत्येक दिन १०८ ब्राह्मणलाई भोजन र दक्षिणा दिने र जोगी फकिरहरूलाई भोजन दिनको निम्ति खेत १। (एक सय मुरी) गुठी राखिएको कुरा पनि गुठी संस्थानमा रहेको लालमोहरवाट अवगत हुन्छ । श्री राजा महिन्द्र सिंह (भास्कर मल्ल) वाट रहेको गुठीबाट नै नित्य पूजा चल्ने भएता पनि श्री ५ बडामहारानीवाट रहेको गुठी जग्गाको आयस्ता धान, गहुँ सालसालै बिक्री गरी सत्तल, पाटी, पर्खालको आवश्यक मर्मतमा र नित्य पूजामा खर्च गरी बाँकी नगद थैलीमा हाली, मुख्त्यारको लाहा छाप लगाई राखी, वान्ह वर्षमा थैली खोली, रकम जम्मा गरी, लालमोहरको दरवन्दी बमोजिम खर्च गरी बचत सुखाजर्ता परेको वेलाको क्षतिपूर्तिमा लगाउन भनी १९०८ साल पौष बद्दी ३ रोज ५ मा भएको लालमोहरको प्रतिलिपि गुठी संस्थान लगत कार्यालयमा सुरक्षित छ ।

वैशाख महिनाका धार्मिक पर्वहरू

धर्मका आ-आफ्ना पक्ष हुन्छन् । वैदिक सनातन धर्मका एक पक्ष छन् धर्मकार्य भनेर गरिने व्रत, तीर्थ, उपवास, दान, त्याग, तपस्याहरु । ती सवै वैदिककालदेखिकै भन्न चाहिँ मिल्दैन । एकादशीमा विष्णुको निम्ति गरिने ब्रत, चतुर्दशीमा गरिने शिवजीको व्रत, अष्टमीमा गरिने देवीका व्रतहरु सवै वेदकालिक भन्न सकिदैन । ब्रत, उपवास देवीदेवताको निम्ति भक्तिभावका लागि गरिन्छ भने यसभित्र केही वैज्ञानिक आधार पनि छन् । शरीर स्वस्थ राख्न र इन्द्रियको उत्तेजना नियन्त्रण गर्न उपवासले मद्दत गर्छ । त्यागले अथवा दानले समाजमा उदारताको परिचय दिन्छ भने लोभ, तृष्णा आदिलाई वशवर्ती वनाउन सिकाउँछ । एकादशी व्रत विष्णुभक्तहरुले गर्छन् । महिनामा २ पटक उपवास गर्नु अथवा फलाहार गरेर रहनुले स्वस्थ जीवन विताउन मद्दत गर्दछ ।

ब्रत, उपवासका नियमहरु स्वास्थ्यको लागि भए पनि त्यसलाई धर्मको अङ्ग वनाइनुले वीचैमा नियम ब्रतको भङ्ग नहोस् भन्ने हेतु रहेको छ । प्राचीन युगमा मानिसको धर्मप्रति वढ्ता आस्था थियो र धर्मको उल्लङ्घन गर्न समाज डराउँथ्यो ।

कुनै पनि ब्रत, उपवास इष्ट देवताको निम्ति भक्तिभाव राखेर गरिन्छ भने आत्मिक शुद्धिका साथै शरीर शुद्धि पनि हुन्छ । यसैले आर्यजातिको निम्ति कुनै पनि महिना, बार, नक्षत्र, तिथिहरु कुनै न कुनै देवताको निम्ति ब्रत, उपवास गर्ने दिनमध्ये पर्दछन् । कुन दिन, कुन बार र कुन तिथि कुन देवताको निम्ति ब्रत, उपवास, पूजा वन्दनाको लागि उपयुक्त हुन्छ, त्यो छान्ने छूट समाजका व्यक्तिलाई हुन्छ ।

वर्ष शुरु हुने वैशाख महिनाको नाउं माधव पनि हो र माधव विष्णुको पनि प्रसिद्ध नाउँ हो । विशाखा नक्षत्रमा पूर्णिमा तिथि पर्ने यो महिनाको प्रचलित नाउँ चाहिँ वैशाख बनेको छ ।

वैशाख महिना विष्णुको व्रत गरिने महिना हो । वैशाख स्नान, विष्णुको आराधना, वैशाखमा पर्ने पुण्य तिथिका व्रत, उपवास, दानपुण्यले विष्णु खुशी हुन्छन् ।

वैशाख संक्रान्ति एक पर्व हो भने वैशाख शुक्ल तृतीया अक्षय तृतीया पुण्य दिन मानिन्छ । वैशाख कृष्ण औंसी हाम्रो नेपाली संस्कृतिमा मातृ औंसी (माता तीर्थ गर्ने औंसी) पनि हो । धर्मशास्त्रमा प्रत्येक औंसी पितृको श्राद्ध गर्ने दिन मानिन्छ । तापनि आमाको निम्ति विशेष तिथि पनि यसलाई मानिन्छ । आमा नहुनेहरुले औंसीको दिन दुई छाक भात खानु पनि निषेध गरिएको छ र रात परेपछि खान वर्जित छ । यसलाई निशी बार्ने भन्ने चलन छ ।

वैशाख पूर्णिमा भगवान् बुद्धको जन्मदिन तथा निर्वाण भएको दिन मानिन्छ । त्यसकारण बौद्धहरु यस दिनलाई पवित्र दिनको रुपमा लिन्छन् । यस दिन बौद्ध देशमा हिंसा गरिदैन । महायानी बुद्ध धर्मका अनुयायी भगवान् बुद्धको पूजावन्दना, व्रत गर्छन् ।

किन्तु वैदिक धर्मको एउटा शाक्त शाखाले भने यसलाई चण्डी पूर्णिमाको रुपमा लिन्छ । यस दिन भगवतीको उपासना, वन्दना, जात्रापर्व र बलिदान पनि हुन्छ । यो प्रतिस्पर्धा भने होइन, समाजमा कोही मरेर घाट लैजान थालेका वेला कसैको बिहाको खुशीयाली पनि हुन्छ, कसैको पास्नी र न्वारन कसैको त्यही दिन क्रिया पनि पर्न सक्छ ।

अक्षय तृतीया

वैशाख शुक्ल तृतीया तिथिलाई अक्षय तृतीया भनिन्छ । यो दिन दिइएको दान र पितृका निम्ति श्राद्ध गरिएको छ भने अक्षय फल हुन्छ भनिएको छ ।

औंसी, पूर्णे, श्रावण र माघेसंक्रान्ति (दक्षिणायन र उत्तरायण हुने दिन) एवं यस्तै पुण्यकालमा पितृका निम्ति श्राद्ध गर्ने वचन धर्मशास्त्रहरुमा पाइन्छ । त्यस्तै युगादि तिथि, नयाँ युग शुरु हुने दिनमा पनि दान, पुण्य, श्राद्ध गर्ने कुरा उल्लेख भएको छ । कार्तिक शुक्ल नवमीका दिनदेखि सत्ययुग शुरू भएको गणना हुन्छ भने वैशाख शुक्ल नवमीमा त्रेतायुग

शुरु भएको मानिन्छ । माघको पूर्णिमादेखि द्वापर युग शुरु भएको थियो भने भदौ कृष्ण त्रयोदशीदेखि कलियुग शुरु भएको मानिन्छ । यो युगपरिवर्तनका दिनहरु पुण्यकाल मानिन्छन् । फेरि राजा भगीरथको तपस्याबाट गंगाजी यही अक्षय तृतीयाका दिन पृथ्वीमा झरेकी थिइन् र यही तृतीयाका दिन रेणुकाका गर्भबाट परशुराम जन्मेका थिए ।

यो अक्षय तृतीयाका दिन गंगा स्नान वा समुद्र स्नानको माहात्म्य लेखिएको पाइन्छ भने पृथ्वीमा वनैया जौबाट जीवन धान्ने गरी कृषि कार्य र स्थायी बसोवास गरी मानिस बस्न थाले भन्ने कुरा ब्रह्मपुराणमा उल्लेख छ । सत्ययुगमा जङ्गल र ओडारमा बसेर वनैया फलफूल, कन्दमूल खाएर यत्रतत्र विचरण गर्ने मान्छे थिए । जनघनत्व भएपछि वनको फलफूलले पेट भर्न छाड्यो । मान्छे तर्कशील र विवेकशील भएर सभ्यतातिर लम्केपछि नदी किनारमा, उर्वरा फाँटमा कृषिकार्य, पशुपालन गरी रुखबाट घर बनाई स्थायी बसोवास गर्न थाल्यो र त्रेतायुगको आरम्भ भयो । यी कुरा हाम्रा पुराणका प्राचीन अंशमा उल्लेख भएको पाइन्छ । जौको खेती शुरु गरी सृष्टिको आरम्भ गरे भन्ने उल्लेख पाउनुले हामी सभ्यताको शुरु गर्ने अन्न जौलाई मान्दछौं । यसकारण अक्षय तृतीयाको दिन सर्वत र जौको सातु दान गर्ने र आफूले पनि पुरानो सम्झनामा जौको सातु सर्वत खाने चलन चल्यो ।

वैशाख महिना वसन्त ऋतुको मुना, मकुला, टुसा पल्हाउने समय भए पनि प्रचण्ड गर्मीको समय हो । जुन वेला जुन चीजको बढी महत्व हुन्छ त्यो दान गर्नाले अक्षय पुण्य मिल्छ भन्ने कुरा हाम्रा धर्मशास्त्रले भन्छन् । हाम्रो धर्मका कुराले असल सामाजिक जीवन जीउन सिकाउँछ र समाजलाई हित नहुने, बाधा विरोध पर्ने कुरालाई निषेध गर्दछ । मान्छेको प्रवृत्ति सँधै अतिक्रमणकारी रहेको छ । जो जतिसुकै दानी, पठित, बुद्धिमान् र समाजसेवी हुँ भन्छ त्यो पनि सानो, छोटो भए पनि अतिक्रमण गर्न पाएर सन्तुष्टिको अनुभव गर्छ । यो अतिक्रमणकारी मान्छेको प्रवृत्तिलाई बुझेर हाम्रा धर्म निर्देश गर्ने ऋषिमुनिले त्यस प्रवृत्तिलाई पाप भनेर नकार्दै आएका छन् र आज धर्मलाई नमान्ने समाजले अतिक्रमणको मानसिकतालाई सर्वोपरि स्थानमा पुऱ्याउने जमर्को गर्दैछ । दान गर्नु, दया गर्नु, दु:खी प्राणीको सेवा गर्नु हाम्रो परम्परागत धर्म थियो र यसले समाजलाई विचलनबाट वचाएर सामाजिक जीवन जिउन सिकाउँथ्यो । किन्तु धर्मको नाउँ सुनेर नाक खुम्च्याउने समाज

गरीब र निर्धाको कल्याण गर्ने ढ्वाङ फुकेर आफू तरमार्ने मानसिकतामा सपना देख्तैछ ।

धर्मशास्त्रका निर्देशहरु सामाजिक कानून हुन् । साँध नखन्नु, वाटो पुल नभत्काउनु, परपीडन नगर्नु, हिंसा नगर्नु पाप लाग्छ भन्ने कुरा सामाजिक जीवनका निम्ति आज पनि सत्य कुरा छन् । किन्तु आजको अहंपनले साना ठूला सवैलाई ध्वंसतिर धकेल्दैछ । किनकि राम्रा कुरा धर्मभित्र पर्छन् । त्यसकारण धर्मको जरोकिलो उखेल्न तम्सेका समाजका नाइकेहरुले बनाएको समाज के कस्तो हुने हो, देख्न बाँकी नै छ ।

अक्षय तृतीया पर्व पुरातन युगको शुभारम्भ सम्झाउने दिन हो । स्नान, दान, समाजसेवालाई पुण्य सम्झने हिन्दू समाजले यसलाई महत्व दिंदै आए र यो परम्परा आज पनि चल्दैछ । वैशाखको खडेरीमा अन्न दान र जल दान गर्नु अवश्य नै महत्वपूर्ण कुरा हुन् भने स्थायी बसोवास शुरु गरेपछि नै आफ्ना पितापुर्खाहरुलाई मान्छेले बढी श्रद्धा गर्न थाल्यो । संभवत: श्रद्धा गर्ने परम्परा पनि यसै दिनपछि शुरु भयो होला । पाषाणयुगी शिकारी मान्छेले कुलपितृलाई सम्झेपछि जे पाउँछ त्यही अर्पण गऱ्यो होला । देवता र पितृले स्थायी रुपमा केही पाउन स्थायी बसोवासपछि नै भएको हुनुपर्छ । यसकारण अक्षय तृतीयाको विशेष महत्व छ । हाम्रो सभ्य समाजमा आज पनि नयाँ जुवाइँले गाग्रीमा शर्वत र थालमा जौको सातु पाउँदैछन् ।

नागपञ्चमी पर्व

विश्वको सर्वप्राचीन मानिने मिश्री सभ्यता भनौं, वेविलोनको सभ्यता र युनानी सभ्यताभित्र पनि प्राकृतिक वस्तु- आगो, पानी, वृक्ष, नदी, उत्तुङ्ग पर्वत शिखर तथा नाग, यक्ष, गन्धर्व आदिको पूजा गर्ने परम्परा थियो । हाम्रा वैदिक ऋषिहरुले पनि सृष्टिको विभिन्न तत्वमा विशिष्ट पदार्थमा देवत्वको प्रतिच्छायाँ देखे र स्तुति गरे । ठूला वृक्ष, ठूला नदी, महान् पर्वत, सुमद्र आदिको पनि वैदिक मन्त्रले स्तुति गरेको पाइन्छ ।

यसरी आर्य धर्ममा पनि परम्परागत रुपमा मानिदै आएका विशिष्ट वस्तुलाई भगवान्को प्रत्यक्ष रुप भनेर हामी हिन्दू जातिले मान्दै आएका छौं । विश्वका विभिन्न तत्वलाई, विविध स्थावर र जङ्गम प्राणीलाई वर्ष दिनभित्रका कुनै दिनमा मानमनितो गर्ने, पूजा-उपासना गर्ने परम्पराअनुसार यो श्रावण शुक्ल पञ्चमीको दिन नागको पूजा गर्ने चलन छ । नाग सरिसृप जातिमध्येको विशेष जाति हो । यस जातिको विशेष पूजा-वन्दना गर्ने र नागलाई टोटम (गण चिन्ह) मान्ने मानवजातिलाई पनि नाग जाति भन्ने गरेको पाइन्छ । नाग जातिका मनुष्यहरु आफूलाई तिनै नाग (सर्प) जातिका सन्तान सम्झन्थे र आफ्ना पुर्खा सम्झेर नागको पूजाआजा गर्थे । नाग जातिको आदिम कालमा नै वैदिक आर्यमा विलय भयो । सम्पूर्ण आर्य जातिले पनि नाग जातिका आराध्यदेव सर्प जातिलाई दैवी शक्तिका प्रतीकको रुपमा पुज्ने परम्परा चल्यो । नाग जातिका इष्टदेव शिव हुन् ।

नाग पूजा, यक्ष पूजा, भूत पूजा आदिको परम्परा बुद्धकालीन समाजमा पनि प्रचलित थियो । मणिभद्र यक्ष, वासुकि नाग, अनन्त नाग, कर्कोटक नाग आदिका मन्दिर मगधको प्राचीन राजधानी राजगृहमा थिए भन्ने कुरा बौद्ध साहित्यबाट थाहा पाइन्छ । नागको ठूलो उत्सव जात्रा

हुन्थ्यो । टाढा टाढाबाट नागराजको दर्शन गर्न त्यतिखेर पनि मानिसहरु भेला हुन्थे ।

भगवान् बुद्ध यस्तो प्राकृतिक पूजामा विश्वास नगर्ने भए तापनि वहाँले भन्नुभएको छ- "नागको पूजा वन्दना गर्नाले सर्पबाट हुने भय हुँदैन, सर्पको विषले असर गर्दैन ।"

नागपञ्चमीका दिन नागको अष्टकुल- अनन्त, वासुकि, पद्म, महापद्म, तक्षक, कुलीर, कर्कट, शङ्ख नागको मूर्ति लेखी वा चामल, पिठो आदिले मूर्ति बनाई पूजा गरेमा त्यस घरमा चट्याङ पर्दैन, आगाको र सर्पको डर हुँदैन भन्ने कुरा शास्त्रले बताएको छ । यस्ता कुरामा हामी हिन्दू विश्वस्त छौं । व्यवहारमा पनि जहाँ सर्प जातिको बढी डर हुन्छ, त्यहाँ विशेष प्रकारले नाग पञ्चमीका दिन पूजा-वन्दना गरिन्छ । सर्पले डसेर कुनै कुलका व्यक्तिको मृत्यु भएको छ भने त्यसको श्राद्ध पनि त्यसै दिन गर्ने र विशेष पर्वको रुपमा नागपञ्चमी पर्व मनाउने चलन छ ।

माथि उल्लेख गरिएका अष्टकुल नै नाग जातिका प्रमुख हुन् र नागपञ्चमीमा यिनै अष्टनागको पूजा हुन्छ । हाम्रो परम्परामा आठ नागको संयुक्त चित्र बनाई ढोकामाथि टाँस्ने र दही, दूबो, लावा, अक्षताले पूजा गरी दूधको नैवेद्य चढाउने चलन छ । आठ नागका राजा मानिएका वासुकि नागलाई नारायणको अवतार मान्ने परम्परा छ । भगवान् पशुपतिको उत्तर पूर्व कुनामा बासुकि नागराजको मन्दिर छ । वासुकिको दर्शन नगरी पशुपतिको दर्शन गरेको फल पाइँदैन भन्ने शास्त्रमा लेखिएको हुनाले हामीहरु वासुकि नारायणको दर्शन गरेर मात्र भगवान् पशुपतिको दर्शन गर्ने गर्दछौं ।

X

कृष्णजन्माष्टमी पर्व

बैदिक आर्य धर्मको विकासमा ईशाभन्दा पूर्वका शताब्दीमा बढ्ता उत्थान भएको पौराणिक देववाद हो । पुराणको इतिहास चाहिँ वेदमा नै पाइने भएकोले पछाडिको भन्न मिल्दैन । पुराण पनि एक प्रकारले इतिहास नै हो । सृष्टि, स्थिति, प्रलय, मनु र मन्वन्तर एवं मनुसन्तान मानव वंशको विस्तार आदि कुरा पुराणका विषय हुन् ।

ईशाको ३ हजार वर्षपहिले पश्चिमी भारतमा शासन गर्ने यदुकुलमा एउटा महापुरुषको जन्म भयो, जसको नाउँ वासुदेव कृष्ण थियो । अपरिमित शक्तिका धनी, समस्त शास्त्रका ज्ञाता, महायोगी एवं योगेश्वर कृष्णको विराट् भारतवर्षभरि नै प्रभाव रह्यो । विशिष्ट शक्तियुक्त, अलौकिक व्यक्तित्वका धनीलाई हिन्दूहरुको शास्त्र एवं दर्शनले विष्णुको अवतार मान्दछ । पापीको नाश गरेर धर्मको पुन:स्थापनको निम्ति यस्ता अवतारहरु भइरहन्छन् र विष्णुका प्रसिद्ध दश अवतारमध्ये आठौं अवतार भगवान् कृष्ण मानिन्छन् जसको जन्म भाद्र कृष्णअष्टमीको मध्यरातमा रोहिणी नक्षत्र पारेर मथुराको एउटा जेलमा भएको थियो । ईश्वरीय शक्तियुक्त भएकोले उनलाई मथुरा जेलबाट भगाएर गोकुल भन्ने गाउँमा पुऱ्याइयो । त्यहीं भगवान् कृष्णले एघार वर्ष बाउन्न दिन बसेर अनेकन् अद्भुत लीला गर्नुभयो । त्यसपछि मथुरामा आई कंशलाई मारेर त्यस राज्यका पूर्व गणपति उग्रसेन तथा पितामातालाई जेलमुक्त गरी उज्जयनमा पुगेर सान्दिपनी नामक ऋषिको गुरुकुलमा अध्ययन गर्नुभयो । त्यसपछि मथुरामा केही समय बसेर द्वारका भन्ने समुद्र किनारमा बस्ती बसाई त्यहीं रहनुभयो ।

भगवान् कृष्णका फुपूका छोरा पाण्डवहरु थिए । उनीहरु र अन्य कौरबहरु बीचको अंश मुद्दाले महाभारतको लडाइँको रुप लियो । धर्मको पक्ष लिने कृष्णले जुन पक्ष लिनु भएको थियो, आखिर उनीहरुकै जीत भयो । यस युद्धमा बन्धुवान्धव मार्नुपर्ने स्थिति देखेर विरक्त भएका अर्जुनलाई उपनिषद्का सारतत्व झिकेर सम्झाउनुभएको दर्शन ग्रन्थलाई

गीता भनिन्छ । हिन्दू दर्शनमा उच्च कोटिको ग्रन्थ मानिने श्रीमद्भागवतगीता विश्वभरिकै भाषामा अनुवाद भएको छ र विश्वका विद्वान्हरुको पनि पठनीय ग्रन्थ बनेको छ ।

कर्मयोग, भक्तियोग र ज्ञानयोगले भरिएको गीता दर्शन पढेर विद्वान्हरु आफ्ना धारणा बनाउँछन् । अर्जुनले गीता सुनेर निष्कामकर्म हो भन्ने ठानी महाभारत युद्ध गरे । महात्मा गान्धीले अहिंसा र सत्याग्रहको पाठ सिकी अंग्रेजलाई परास्त गरे । आचार्य विनोवा भावेलाई आदर्श योगी बनायो भने लोकमान्य तिलकको गीता अध्ययनले कर्मवादी एवं क्रान्तिकारी जन्मायो ।

यही गीतादर्शनका उपदेशक तथा महाभारत एवं अनेकन् पुराणले कीर्ति बखान गरिएका भगवान् कृष्णलाई परमाधिदेव मानेर हामी उनको पूजा, वन्दना गर्दछौं । उनको जन्मदिनमा व्रत, उपवास बसी पूजा गर्छौं, जात्रा उत्सव मनाउँछौ । हिन्दूहरुले मनाउने विशेष पर्वको निम्ति कृष्णाष्टमी (जन्माष्टमी) को विशेष महत्व राख्दछ र राधाकृष्णको विशेष रुपले आराधना गर्ने बल्लभ सम्प्रदाय, चैतन्य सम्प्रदाय, राधाकृष्ण सम्प्रदाय, प्रणामी सम्प्रदायका लागि यो विशिष्ट पर्व दिन मानिन्छ ।

वर्षायामको पर्व हरिशयनी एकादशी

पुरातनकालदेखि नै वर्षादका चार महिना समस्त व्यावसायिक काम छाडेर विश्राम गर्ने, ब्रत, यज्ञविधान, उपवास, पुराण श्रवण र अन्य धार्मिक चर्चामा बिताउने परम्परा रहेको पाइन्छ । आर्य जातिभित्रका शैव, वैष्णव, बौद्ध, जैन आदि धार्मिक सम्प्रदायहरुमा आषाढ महिनादेखि आश्विनको अन्त्यसम्मका चार महिना देश परदेश नजाने ऋषि, मुनि, तपस्वी, योगी, भिक्षुहरुले पनि यी चार महिना एकै ठाउँमा वसेर धर्मचर्चा गर्ने, दार्शनिक चिन्तन गर्ने र त्यस वेलाका चिन्तन प्रक्रियाले धर्मदर्शनमा नयाँ नयाँ आविष्कार गर्ने गर्दथे ।

आर्य धर्ममा वामनावतारको वर्णन ऋग्वेदमा नै पाइन्छ । प्राचीन युगमा एउटै बाबुका सन्तान भए पनि देवता र दानवहरु आपसमा लडिरहन्थे । एक पटक दानव कुलका राजा बलिले तीनै लोकको राज्य जिते र ठूलो यज्ञ प्रारम्भ गरे, जसले जे मागे पनि दिने गर्थे । राजपाठ गएकोले देवताले दुःख पाए । यस दुःखलाई हटाउन इन्द्रका भाइको रुपमा उपेन्द्र (वामन) को जन्म भयो । उनले बटु रुपमा बलिले यज्ञ गरेको ठाउँमा गएर तीन पाउ बरावर जमिनको दान मागे । तीन पाउ जमीन पाएका बामनले एक पाउले स्वर्ग र एक पाउले पृथ्वी तथा जीउ फुलाएर अन्तरिक्ष ढाकिदिए । एक पाउ जमीन कवूलबमोजिम नपुगेकोमा बलिराज बाँधिए र उनले तेश्रो पाउको वदला आफ्नो शिर दिएँ भने । खुशी भएका भगवान् विष्णुले चार महिना पाताल गएर राजा बलिका ढोकामा पालेको रुपमा सुत्ने कबूल गरे । तदनुसार आषाढ शुक्ल एकादशीको दिन हरि बलिराजाको ढोकामा गएर सुत्ने हुँदा त्यस एकादशीको नाम हरिशयनी भनिन्छ । दुई महिनापछि भाद्र शुक्ल एकादशीमा हरि कोल्टे फर्कनुहुन्छ र त्यस एकादशीलाई हरिकोल्टी भन्दछन् । कार्तिक शुक्ल एकादशीमा हरि बिम्झनुहुन्छ र त्यस एकादशीलाई हरिबोधनी भनिन्छ । भगवान् विष्णुले पनि विश्राम गर्ने हुँदा यो वर्षा वासको चार महिना महत्वपूर्ण मानिन्छ । भगवान् वुद्ध पनि

हजारौं भिक्षु सहित कुनै एक ठाउँमा वर्षावास गर्नुहुन्थ्यो । भगवान् महावीरले पनि वर्षावासको नियम पालना गर्नुहुन्थ्यो । आज पनि बौद्ध भिक्षुहरुमा र जैन साधुहरुमा यो वर्षावासको नियम अद्यावधि पालना गरिंदैछ ।

वैष्णव धर्ममा यसै कारण एकादशीको विशेष महत्व छ र भगवान् विष्णुको प्रिय तिथिको रुपमा एकादशीलाई मानेर उपवास वस्ने चलन छ । शुद्ध वैदिक परम्परा चातुर्मास्य यज्ञविधान छ र यो विषय महत्वपूर्ण मानिन्छ ।

नारीहरुको विशेष पर्व : तीज, चौथी र पञ्चमी

श्रावण शुक्लदेखि आर्य संस्कृतिका चाडबाड शुरु हुन्छन् । नागपञ्चमी, जनैपूर्णिमा, भाद्र कृष्णाष्टमीपछिको कुशे औंसी (पितृ औंसी) को पर्व मनाउनेबित्तिकै भाद्र शुक्ल तृतीया (तीज) पर्व आइपुग्छ । लोग्नेको आयु, यश, कीर्ति एवं धनधान्य बृद्धिको निम्ति विवाहित हिन्दू नारीले भगवान् शिवलाई प्रसन्न पार्न यो ब्रत गर्दछन् भने रुप, गुण, शीलले युक्त पति पाऊँ भनी अविवाहित कन्याहरुले पनि तीजको ब्रत गर्दछन् ।

सतीदेवीले दक्षको यज्ञमा शरीर त्याग गरेपछि दोश्रो जन्ममा हिमालयकी पुत्रीको रुपमा जन्मिन् । उनी रुप, गुणले अद्वितीय भएकीले नारदले भगवान् विष्णुलाई दिनु भन्ने प्रस्ताव राखे । हिमालयले स्वीकार गरे । किन्तु पार्वती मनले भगवान् शिवलाई चाहन्थिन् । बाबुको आशय बुझेर एउटी सखीलाई साथमा लिएर घरबाट भागिन् । जङ्गलको एउटा गुफामा डेरा जमाई भगवान् शङ्करको उपासना शुरु गरिन् । केही समयपछि भाद्र शुक्ल तृतीया आयो । पार्वतीले बिहानै नदीमा स्नान गरी बालुवाको शिवलिङ्ग स्थापना गरी पूजा गरिन् । दिन र रातभरि पानी पनि नखाएर उपवास बसिन् र नाचगान गरी राती पनि जाग्राम गरिन् ।

भोलिपल्ट भगवान् शङ्कर प्रकट भएर मनले चिताएको कुरा पुगोस् भन्ने बरदानका साथै यो तीजको व्रत, उपवास, जाग्राम जसले गर्छन्, ती नारीको मनोरथ पूर्ण होस्, उनका पतिहरु चिरायु, निरोगी र ऐश्वर्यवान् हुनेछन् भन्ने वरदान पनि दिनुभयो । यसपछि छोरी खोज्दै आएका हिमालयले पार्वतीलाई भेटी घर लगे र उनको इच्छाअनुसार शिवजीसँग विवाह गरिदिए । पार्वतीले शिवजी पति पाऊँ भनी गरेको यो ब्रतको महिमा संसारले थाहा पायो । आर्य नारीहरुले आफ्नो सौभाग्य र पतिको दीर्घजीवनको कामना गरी यो ब्रत गर्न थाले ।

हिन्दू सभ्यताभित्र पनि पति मरेर विधवा हुनु नपर्ने र पारपाचुके हुने समाजमा भने यस ब्रतको महत्व छैन । त्यस बाहेकको शैव समाजमा यो ब्रत अनिवार्य मानिन्छ र श्रीमती कारणवश ब्रत गर्न असमर्थ भइन् भने उनको सट्टा पुरुषले यो ब्रत बसिदिन्छन् । पानीसम्म पिउन पनि नहुने भनिएको यो ब्रत महिलाहरुको निम्ति अनिवार्य छ भने कठोर पनि छ । आठ नौ वर्षमा नै विवाह गरिदिने चलन भएको बेला विवाहिताको निम्ति अनिवार्य मानिने यो ब्रत, उपवास सम्पन्न गर्न छोरी माइतमा ल्याउने र ब्रतलाई टेवा दिन आधा रातमा उठाएर दर खुवाउने चलन चल्यो । अब यस प्रथाले ठूलो चाडको रुपमा विकास हुने मौका पायो । तीजमा छोरी लिन जाने, आउन नपाउने छोरीका निम्ति मीठा-मीठा कोसेली लिएर भेट्न जाने, सासूलाई पनि दर पठाउनुपर्ने, सक्नेले वरपरका नारीहरुलाई बोलाएर दर खुवाउने चलनले हाम्रा पहाड कन्दराका संस्कृतिलाई पनि प्रभाव पारेको छ । उपत्यकामा सौभाग्यको चिन्ह मानिने राता कपडामा सजिएका नारीहरु विहानै स्नान गरी शिवको पूजा गर्छन् । पशुपति मन्दिरमा र अन्यत्रका शिव मन्दिरमा पनि पूजा दर्शन गरी नाचगान गरेर रात कटाउने चलन भएकोले ठूलो मेला लाग्छ ।

गणेश चौथी (चथा)

तीजको भोलिपल्टको चौथीलाई गणेश चौथी भन्दछन् । यो दिन भगवान् गणेशको जन्मजयन्तीको रुपमा उपत्यकाका वासिन्दाहरुले मनाउँछन् । पुराणमा भगवान् सिद्धिविनायक (गणेश) को यस दिन पूजा गर्ने शास्त्रीय वचन पनि छ । उपत्यकामा यो दिन विशेष रुपमा गणेशको पूजा गरिन्छ । यस दिनको चन्द्रमाको दर्शन गर्नेलाई चोरीको अपवाद लाग्छ भन्ने कुरा पनि पुराणमा उल्लेख छ । आफू राम्रो छु भनी घमण्ड गरेर गणेशको अपमान गरेकोले चन्द्रमाको दर्शन गर्नेलाई चोरीको बात लागोस् भनेर श्राप दिए । पछि चन्द्रमाले गणेशको आराधना गरी खुशी पारेकोले भाद्र शुक्ल चौथीको एक दिन छाडेर अरू दिन चन्द्र दर्शनको दोष नलाग्ने बर दिए । त्यही परम्परा अनुसार चौथीको चन्द्रमा नहेर्ने र देखिएमा दोष मेट्न सानोतिनो चोरी पनि गर्ने चलन चल्यो, जसलाई चौथी हान्ने भनेर यस्तो काम गरिन्छ तापनि चोरीको माल घरमा ल्याउने वा चलन गर्ने गरिदैन ।

ऋषिपञ्चमी

भाद्र शुक्ल पञ्चमीलाई ऋषिपञ्चमी भन्छन् । यस दिन रजस्वला हुन थालेपछिका हिन्दू स्त्री जातिले सबेरै पञ्चमृत्तिका पञ्चगव्यले स्नान गरी शुद्ध पवित्र भएर घरमा आई सप्तऋषिहरुको स्थापना गरी पूजा गर्छन् । रजस्वला भएका बेलामा छुवाछुत गरी पाक्य वनाई खान दिएको छ भने कुकुर्नी भएर जन्मनुपर्छ भन्ने शास्त्रवचन छ । अत: वर्ष दिनभित्र यस्तो जानी नजानी गरेको पापबाट मुक्ति पाऊँ भनी वर्ष दिनको हिसाबमा ३६५ पल्ट स्नान गर्ने, ३६५ दिनको हिसाव गरेर अपामार्गको दतिवन गर्ने, ऋषिपूजा गरी ३६५ पल्ट प्रदक्षिणा गर्ने आदि चलन छ । ब्रम्हाण्ड पुराण, भविष्योत्तर पुराणमा रजस्वलाको स्पर्शदोषले हुने पाप र त्यसवाट छुट्कारा पाउन सप्तऋषिको व्रत, पूजा, उद्यापन गर्ने विधि छ ।

हाम्रा शास्त्र पुराणमा गर्न नहुने भनेर लेखिएका कुराहरुमा प्रशस्त वैज्ञानिक आधार पनि छन् । स्वास्थ्यको दृष्टि र सफाईको दृष्टिले रजस्वला भएको वेला अलग रहनु, पाक्य नवनाउनु, बिरुवा पात नछुनु आदि नियम पालना गर्नाले राम्रो नै हुन्छ । एकथरी जातवर्गले यस कुराको उपेक्षा पनि गर्दै आएका छन् र अधिकांशले यसलाई मान्यता पनि दिएका छन् । शुद्ध र पवित्रताको दृष्टिले यो सांस्कृतिक परम्परालाई मान्यता दिएमा सामाजिक जीवनको निम्ति उपयुक्त नै हुन्छ । हिन्दू जातिका सबैजसो नियसहरु धर्ममा आधारित छन् र त्यसभित्र प्रशस्त वैज्ञानिक कारणहरु छन्, जसको विस्तृत अनुसन्धान भने भएको छैन ।

x

देशोद्धार पूजा

धर्मशास्त्र ग्रन्थअनुसार चैत्र महीनामा त्यति पर्वहरूको उल्लेख भएको पाइँदैन । तर तान्त्रिक परम्पराको मान्यता भएको नेपालमा भने चैत्र महिनाभित्र दुइटा ठूला जात्रा र पर्व पर्दछन् । चैत्र कृष्ण औंसीमा पर्ने भद्रकाली जात्रा र घोडेजात्राको विशेष महत्त्व छ भने भगवान् पशुपतिनाथमा देशोद्धार पूजाको पर्व पर्दछ ।

श्री भगवान् पशुपतिनाथका वरिपरि ९ देवीहरू स्थापना गरिएका छन् । तीमध्ये बज्रेश्वरी (लक्ष्मी) को मन्दिर हाल चक्रपथको पूलमुनि पर्दछ । ती देवीको उत्पतिवारेमा निस्कन लागेको एउटा कथा वंशावलीमा पाइन्छ । श्री पशुपतिको दक्षिण ढोकाबाट बाहिर निस्कन लगेकी एउटी सुन्दरी स्त्रीलाई पिङ्गल नाम गरेको पोडेले देखेर पछि लाग्यो र जाँदा दक्षिणपट्टिको पोडेटोल नजीक श्मशान-नृत्य गर्ने क्षेत्रपाल भैरवलाई पनि देख्यो । ती सुन्दरी स्त्री त्यही मशानमा अलप भइन् । त्यसपछि यी देवी नै हुन् भन्ने कुरा पोडेले थाहा पाएर त्यही ठाउँमा बसेर देवीको आराधना गर्न थाल्यो । धेरै दिन बितेपछि फागुन कृष्ण एकादशीका दिन मंगलवार परेको थियो र त्यहाँ धेरै देवी, देवता, भैरवहरू जम्मा भई नृत्य उत्सव गरि भोजन खान बसे । भाग लगाउँदा एक भाग बढी भएकोले आश्चर्य माने । श्री बज्रेश्वरीबाट त्यसबेला आज्ञा भयो, एउटा मेरो भक्त तपस्या गरी बसेको छ, त्यसैलाई त्यो भाग देओ ।

भोज खाइसकेपछि पोडेलाई ब्रजेश्वरीको आज्ञा भयो– 'किन मेरो आराधना गर्‍यौ ?' पोडेले विन्ती गर्‍यो– 'चैत्र कृष्ण औंशीका दिन हजुरलाई रथारोहण गराई यस देशका चार वर्णका व्यक्ति जम्मा गरी यात्रा गर्ने इच्छा छ, त्यही वरदान पाऊँ ।' त्यसपछि देवीबाट 'म यो देश (देवपत्तन) मा देश उद्धार गर्न भनी बसेकी छु । यहाँका चार वर्णबाट मलाई आमन्त्रण गरी पूजा गरेपछि मात्र अरू देवी-देवताको पूजा गर्नु, तिम्रो इच्छा पुग्नेछ' भनी वरदान दिएकीले त्यसपछि बज्रेश्वरीको जात्रा

गर्ने चलन चल्यो । यस जात्रामा चैत्र कृष्ण द्वादशीका दिन देउपाटनको सिफले ढोकादेखि भुवनेश्वरीको पीठतर्फ जाने कुनाछें टोलभित्रका ब्राह्मण, क्षेत्रिय, वैश्य, शुद्र चार वर्णमध्ये एक-एक जना जम्मा भएर श्री बज्रेश्वरीको पीठमा पुगी निम्तो गर्छन् । त्यसपछि चारै वर्णलाई क्रमशः फेटा बाँधिन्छ । ब्राह्मण द्यौभाजु (राजोपाध्याय) क्षत्रियमा वैद्य र बाँडा, वैश्यमा डंगोल, शुद्रमा संगर (धोवी) ले भाग लिन्छन् । त्रयोदशीका दिन चारै वर्णका वरण भएका पुजारी (फेटा बाँध्ने) जम्मा भएर कुमारी पूजा गर्छन् । चतुर्दशीका दिन बज्रेश्वरीको देशोद्धार पूजा हुन्छ र औंशीका दिन श्री बज्रेश्वरीलाई खटमा राखी जात्रा गरिन्छ । जात्रा गर्दा पुरानो समयदेखि नै पोडेको बस्ती बसेको इँटा टोलबाट आगम घरमा राखिएकी बज्रेश्वरीलाई खटमा राखी देवपत्तनभरि नै घुमाइन्छ । टोल-टोलका मानिसहरू जम्मा भएर पूजा, वन्दना गर्दछन् ।

हिन्दूहरूको परम्पराअनुसार शक सम्वत्को र विक्रम सम्वत्को पनि चैत्र कृष्ण औंशीमा वर्ष समाप्त भएको मानिन्छ र शुक्ल परेवादेखि नयाँ वर्ष शुरू हुन्छ । यो चन्द्रमान वर्षको परम्परा हो । सौरमानले भने वैशाख संक्रान्तिदेखि मात्र नयाँ वर्ष शुरू हुन्छ, जो सर्वसाधारणका लागि गन्न सजिलो पर्छ र यसैबाट हाम्रा महिना र वर्षको गणना गर्ने चलन छ । वर्षको गणना दक्षिण भारततिर कार्तिक शुक्ल परेवादेखि पनि गन्ने चलन छ । विक्रम सम्वत् र अरू सम्वत् पनि त्यही बेलादेखि गनिन्छन् । बनियाँहरूले पनि लक्ष्मीपूजाका दिन लक्ष्मीको पूजा गरी वर्ष समाप्ति भएको मानेर हलीतिहारदेखि नयाँ वर्ष मनाउने भारतमा चलन छ । त्यस्तै नेपालमा चलेको नेपाल सम्वत् पनि औंसीमा सकिएर परेवा (कार्तिक शुक्ल) देखि नयाँ वर्ष शुरू हुन्छ । यसरी विचार गर्दा वर्षको अन्त्यमा लक्ष्मीको आराधना गरेर नयाँ वर्ष मान्ने परम्परालाई नेपाली संस्कृतिले वज्रेश्वरी लक्ष्मीको पूजा गरी वर्ष समाप्ति गर्ने र नयाँ वर्षको शुरू गर्ने आफ्नै परम्परा कायम गरेको देखिन्छ ।

दुदु च्याँच्याँ

नेपाल उपत्यकाभित्र वार्षिक जात्राको समाप्ति गर्न र नयाँ वर्षको शुभ आगमन जनाउन देशोद्धार पूजा गर्ने परम्परा रहेको छ । त्यसपछि

नै पशुपति क्षेत्रमा अन्य जात्राहरु शुरु हुन्छन् । तथापि श्री भगवती वत्सला (पार्वती) को जात्राको थालनी गर्न चैत्र कृष्ण अष्टमीका दिनको साँझमा श्री पशुपतिनाथका दक्षिण मुखमा पुजारी भट्ट १, मूल भण्डारी चार जना र कोतवाल २ जना समेत भई वेलुकाको आरती सकेपछि श्री पशुपतिनाथका आशागुर्जा बोकी दुदु च्याँच्याँ, पापा छ्याङ छ्याङ भन्ने बाजा वजाई श्री पशुपतिनाथको चलमूर्ति (मन्दिरभित्रै राखिएको र जात्रामा खटमा राख्ने मूर्ति) खटमा राखी विभिन्न देवीदेवतालाई जात्रेनिम्तो दिन पशुपतिबाट प्रस्थान गर्दछन् ।

त्यो खट पहिले श्री भुवनेश्वरीको मन्दिरमा लगी त्यहाँ पूजा निम्ता गरेपछि त्यहाँका पुजारी समेत मिली पशुपतिको खट भण्डारेश्वरमा पुर्‍याइन्छ । त्यहाँ बत्ती बाली निम्तोको विधि गरेपछि सानो गौचरको बाटो हुँदै ज्ञानेश्वर महादेवकहाँ पुगेर निम्ताको विधि गर्छन् । त्यहाँबाट उठाएको खट नक्साल भगवती मन्दिरमा पुर्‍याई त्यहाँ निम्ताको विधि गरिन्छ । त्यहाँबाट उठेको खट हात्तीसार (नक्साल) कमलपोखरीको बाटो हुँदै जमल पुग्दछ र त्यहाँको पाटीमा विश्राम गरिन्छ । त्यहाँबाट उठाएको खट हनुमानढोका जैसीदेवलको बाटो हुँदै लगन डवलीमा पुग्दछ र त्यहाँ खट विश्राम गराइन्छ । पुजारीहरु त्यहाँबाट मतली मन्दिरमा पुगी निम्ताको पूजा वन्दना गरेर फर्कन्छन् । लगनवाट उठेको खट त्यसपछि नरदेवी (श्वेतकाली) को मन्दिरमा पुग्छ र त्यहाँ पनि निम्ता दिने विधि सम्पादन गरिन्छ । त्यहाँबाट खट उठाई असन निस्कने बाटो हुँदै, कमलाक्षी जमल हुँदै, गएकै बाटो पक्री नक्साल ज्ञानेश्वर हुँदै पुन: पशुपति क्षेत्रमा रहेको श्री वत्सलेश्वरी तथा श्री पशुपतिनाथको मन्दिरको परिक्रमा गरी त्यस वेला श्री पशुपतिनाथको पालोवाला मूल भण्डारीको घरमा पुर्‍याई विश्राम गराइन्छ । त्यहाँ श्री पशुपतिनाथको भव्यरुपमा पूजाआजा गरी रातभरि त्यो खट त्यहीं राखिन्छ । भोलिपल्ट देवता लगी पशुपतिनाथको मन्दिरमा भित्र्याइन्छ ।

नेपाल उपत्यकाका आराध्यदेव भगवान् पशुपतिनाथ स्वयं गएर देशका प्रसिद्ध पीठ देवतामा निम्ता दिने यो चलनभित्र नेपालीहरुको आफ्नै परम्परा र संस्कृति छ र यो परम्परा कहिलदेखि चल्यो त्यसको निश्चिति गर्ने साधन प्राप्त छैन, किन्तु निम्ता गरिने पीठ देवताको प्राचीनतालाई

यो परम्पराले इङ्गित गर्दछ भन्न सकिन्छ र लिच्छवि कालदेखिकै परम्परा हो कि भन्नुपर्छ ।

खटको यात्रा पुरानो बाटोलाई पक्रेर गरिन्छ र लगन (पुरानो दक्षिण कोलिग्राम), नरदेवी (उत्तर कोलिग्राम) पुगेर खट फर्कने हुँदा काठमाडौं शहरको प्राचीन सीमालाई संकेत गर्दछ भने त्यस्तै पुरातन वस्ती बसेकै बेला स्थापित देवीदेवताको अस्तित्वलाई पनि अम्ल्याउँछ । श्री वत्सलेश्वरीको सिन्दूर जात्रा (विवाह) लाई सम्झाउनको निम्ति प्रचलन गरेको यो नेपालको सांस्कृतिक पर्व हाम्रो आफ्नै परम्परामा चलेको छ र यसलाई नेपालवाहिर बनेका शास्त्रले व्याख्या गर्दैनन् । चोखो नेपाली सस्कृतिको रुप यो पर्वको विधिविधानवाट जान्न पाइन्छ भने यो मुख्यत: देवपाटन, जो पुरातनकालको एउटा पहिलो शहरी वस्ती पनि भनिन्छ, को विशेष महत्व राख्ने पर्व हो ।

चैत्र कृष्ण चतुर्दशीलाई प्रेत चतुर्दशीको नामले पुकारिन्छ र यस दिन देवीहरुको विशेष आराधना, पूजा, वलिदान गर्ने चलन तांत्रिक शास्त्रसंमत छ । यसैले नेपालमा यो दिन विशेष जात्राहरु हुन्छन् ।

✖

सनातनी परम्परामा पितृसंस्कार

हिन्दू जातिका वेदविहीन कर्महरुमा देवयज्ञ र पितृयज्ञ भनिने दुई किसिमका कर्म अनिवार्य छन् । देवयज्ञमा अग्निमा अनेक पदार्थहरु जम्मा गरेर हवन गरिन्छ । पितृयज्ञमा चाहिँ अन्न, जल, फलफूल पितृदेवलाई अर्पण गरिन्छ ।

देवयज्ञ र पितृयज्ञ आर्यजातिका निम्ति अन्योन्याश्रयी छन् । ठूला-ठूला यज्ञ सम्पादन गर्नुपर्‍यो भने पहिले पितृ पूजा गर्नुपर्छ । अर्थात् नान्दी श्राद्ध । श्राद्धलाई आभ्युदयिक पनि भन्छन् । नान्दी श्राद्ध भनिने कर्ममा पहिले मातृका पूजा गरिन्छ । त्यसपछि आफ्ना कुलका बाबुबाजे आदि ३ पुस्ता, आमा-बज्यै आदि ३ पुस्ता, मावलीपट्टिका बाजेहरु ३ पुस्ता, बज्यैहरु ३ पुस्तालाई संझेर सिधा दान (सिद्धान्न दान) गरिन्छ । 'नान्दी श्राद्ध' मङ्गल कामना गरी सम्पादन गरिने श्राद्ध भएकोले क्षौर कर्म, ब्रतबन्ध, विवाह, समावर्तन, पुराण श्रवण, महारुद्री, अतिरुद्री आदि विशिष्ट कर्म र यज्ञ एवं देवपूजामा निर्विघ्न कार्य समाप्त होस् भनी नान्दी श्राद्ध गरिन्छ । त्यस्तै ब्राम्हणहरुले गर्नुपर्ने दैनिक कर्ममा पितृ तर्पण र नित्य श्राद्ध पनि हो । कर्मिष्ट ब्राम्हणहरु नित्य कर्म गर्दा यस्तो श्राद्ध पनि गर्छन् ।

श्राद्ध शब्दको अर्थ श्रद्धाद्वारा गरिने कर्म हो । देवताको पूजा र यज्ञयागादि सबै श्रद्धा नराखी गरिदैन । अत: श्राद्ध शब्दले देवपूजालाई पनि लिन सकिन्छ । किन्तु यो शब्द पितृकर्मका लागि रुढ भइसकेको छ, श्रीमती शब्दजस्तै ।

संसारभरकै सभ्य तथा असभ्य जातिहरुमा पितृपूजाको परम्परा रहेको पाइन्छ । प्राचीन सभ्यता भनिने मिश्री सभ्यता, असुर सभ्यता, सामी सभ्यता, सिन्धु सभ्यता, बेबिलोन र माया सभ्यतामा पनि पितृपूजाको महत्व थियो । यसको पूजा गर्ने अथवा सम्झना गर्ने, श्रद्धा गर्ने तरिका भने विभिन्न सभ्यतामा विभिन्न जातिहरुका आ-आफ्नै किसिमका हुनु स्वाभाविक नै हो । हिन्दू जातिले मान्ने पितृगण दुई किसिमका हुन्छन्- दिव्य पितृगण र स्वपितृगण । पितृलोकमा तेजोमय

रुपले निवास गर्ने, अग्निख्वाता र सोमपागण, बर्हिषद्गण आदि छन् भने तिनै दिब्यलोकवासी तजोमय पितृगणकै साहचर्यमा हाम्रा पनि पितृगण (बाबुबाजे, जिज्युबाजेहरु) बस्तछन् भन्ने हाम्रा शास्त्रको कथन छ ।

मरेका पितृहरुलाई तृप्त गराउनका लागि अन्नदान, जलदान गर्ने कर्मलाई हामी श्राद्ध भन्दछौं । श्राद्ध धेरै किसिमका बताइएको भए पनि मुख्यत: दुई छन्- एकोदिष्ट र पार्वण । एउटै व्यक्तिलाई उद्देश्य गरेर गरिने श्राद्ध एकोदिष्ट हो भने पर्वमा धेरै पितृका लागि उद्देश्य राखी गरिने श्राद्ध पार्वण हो । प्रत्येक औंसी, कुनै पूर्णिमा, चतुर्दशी आदि पर्व दिनमा श्राद्ध गर्नु भन्ने शास्त्रको कथन छ भने ठूला तीर्थ, गया, ब्रम्हकपाली आदि ठाउँमा अनिवार्य रुपले गर्नुपर्ने श्राद्धलाई तीर्थश्राद्ध या पार्वण श्राद्ध भन्दछन् ।

आश्विन कृष्णपक्षमा सूर्य पनि कन्या राशिमा बसेको बेला पनि पितृहरुका निम्ति महान् पर्व हुन्छ भन्ने कुरा हाम्रा पुराणहरुमा लेखिएको छ । त्यस पक्षका सबै दिन पर्व दिन हुँदा प्रत्येक दिन अन्नदान, जलदान र पिण्डदान गर्ने कुरा लेखिएको छ । सबै दिन गर्न सकिंदैन भने पितृपक्षका १५ दिनलाई ३ भाग लगाएर १ भाग अथवा २ भागमा श्राद्ध गर्नु भन्ने पनि वचन छ । त्यस्ता १० दिन र ५ दिन लगातार पनि श्राद्ध गर्न नसक्नेहरुले महालय पक्ष (आश्विन कृष्णपक्ष) मा एक दिन भने पनि पर्व श्राद्ध गर्नुपर्छ । यस्तो श्राद्ध बाबुबाजे मरेको तिथि समातेर गर्नुपर्छ ।

पर्व श्राद्ध गर्नेहरुले प्रायश: नन्दातिथि (परेवा, षष्ठी, एकादशी, शुक्रवार परेको दिन) मा नगर्नु भन्ने वचन पनि शास्त्रमा पाइन्छ । त्यस्तै चतुर्दशीमा मर्नेहरुको पार्वण श्राद्ध मरेको दिन भनेर गर्नु हुँदैन । जोगी सन्यासीको पार्वण श्राद्ध द्वादशीमा मात्रै गर्नुपर्छ र हतियारका चोटले मर्नेहरुको श्राद्धमात्र चतुर्दशीमा हुन्छ । त्रयोदशीमा पर्वश्राद्ध गर्न निषेध गरिएको छ । चतुर्दशी, मघायुक्त त्रयोदशी, नन्दातिथि पर्नेहरुको लागि अरु तिथिमा श्राद्ध गर्नुपर्ने वचन छ ।

अष्टमी, चतुर्दशी, औंसी र पूर्णिमा तिथिहरु सबै पर्व नै मानिन्छन् । अत: पितृपक्षको पनि अरू तिथिभन्दा विशेष अष्टमी तिथिमा श्राद्ध गर्नु उपयुक्त हुन्छ ।

आमा-बज्यैहरुको छुट्टै श्राद्ध गर्नुपर्दा सोऱ्ह सरादमा केवल नवमी तिथिमा मात्रै गर्नुपर्छ । यस तिथिलाई मातृनवमी भन्छन् र यस दिन गरिने श्राद्धलाई अन्वष्टका श्राद्ध भन्दछन् । अन्वष्टका श्राद्ध गर्नेहरुले नवमीभन्दा अगाडिकै तिथिमा वावुवाजेको श्राद्ध गरिसक्नुपर्ने नियम भएकाले एकादशी, द्वादशी, त्रयोदशी तिथि पर्नेहरुले अष्टमी श्राद्ध गर्नु उचित हुन्छ । धर्मशास्त्रमा अष्टमीलाई पितृअष्टमी र नवमीलाई मातृनवमी भनेको पाइन्छ ।

हिन्दू परम्परामा श्राद्ध कर्म अनिवार्य गर्नुपर्ने कर्म हो । श्राद्धमा पितृको सम्झना सूर्यको प्रतिबिम्वको रुपमा गरिन्छ । सूर्यविम्व तेजपुञ्ज हो र हाम्रा पितृहरुको स्थिति पनि तेजपुञ्जमय हुन्छ भन्ने विश्वास गरिन्छ । यसैले हाम्रा परम्परामा अमृतमय ठानिएको गाईको दूधमा उत्तम चामल राखेर घिउ, मह हाली बनाएको खीरवाट पितृको रुप सूर्यविम्वजस्तै पिण्ड (शरीर) बनाइन्छ र त्यसकै पूजा गरिन्छ । ध्यान गर्दा सूर्यरुप पितृको सम्झना गर भन्ने वचन छ । सूर्य व्यापक प्राणशक्ति हुन् र उनले विश्वब्रम्हाण्डको रसको शोपण पनि गर्छन् । त्यही पुनः पृथ्वीमा जीवनदायिनी शक्तिको रुपमा फर्काउँछन् । यस्ता सूर्यरुप तेजमा पितृको कल्पना गरिनु वैज्ञानिक नभएर बाबुको फोटो, चित्र, मूर्ति बनाई सम्झना गर्नु उचित होला त ? बाबुआमाको अनुहार देख्न नपाएका छोराले पनि पितृको रुप सम्झन कति सजिलो छ ! हाम्रो स्थूल शरीर पञ्चतत्वमा मिल्दछ । सूक्ष्म शरीरको तत्व ब्रम्हाण्डको मूल तत्वमा । अतः मूल तत्वका प्रतीक सूर्यको रुपमा पितृलाई सम्झेर हामी श्राद्ध गर्छौं, श्रद्धाले केही अर्पण गर्छौं । विश्लेपण गरेर हेर्ने हो भने हाम्रो श्राद्धको विधिविधान फोटो, मूर्ति राखेर पितृपूजा गर्ने सभ्यताको भन्दा उत्तम र वैज्ञानिक छ । आखिर पितृको सम्झना गर्ने चलन त धेरै जातिमा अझै छँदैछ । एउटालाई सम्झेर गरिने श्राद्ध वर्पमा एक पटक गरिन्छ । सबै पितृको छुट्टाछुट्टै श्राद्ध गर्नु सम्भव छैन । अतः आश्विन कृष्णको पितृपक्षको तिथिमा श्राद्ध गर्दा आफ्ना वंशका समस्त व्यक्ति, मातृपक्षका ३-४ पुस्ता, दिदीवहिनी, फुपू, सानिमा, सासूससुरा, गुरु, राजा सबैलाई श्रद्धासाथ अन्न, जल अर्पण गर्न पाइने हुँदा सोऱ्ह सरादको महत्व छ ।

गोकर्ण औंसी वा कुशे औंसी

भाद्र कृष्ण औंसीलाई पहाड र तराईतिर कुशे औंसी भन्ने चलन छ । शास्त्रीय आधारमा यस दिन कुश उखेलेर घरमा ल्याउने परम्परा छ । कुश आर्य जातिको निम्ति यज्ञयागादि र श्राद्धकर्ममा नभई नहुने वस्तु हो । प्रतिज्ञा संकल्पदेखि लिएर दानपुण्य गर्दा जौ, तिल र कुश तथा जल समातेर गरिएको कर्म अक्षय (नाश नहुने) मानिन्छ । पितृलाई तर्पण गर्दा, पिण्डदान, अन्नदान गर्दा कुशको मोटक बनाउने चलन छ र विना मोटकको पैतृक कर्म निष्फल हुन्छ भनिएको छ ।

कुश जुनसुकै अवस्थामा पनि उखेलेर त्यस दिनभरिको कर्म गर्न सकिन्छ । किन्तु कुशे औंसीका दिन मन्त्रपूर्वक ग्रहण गरेको (उखेलेर घर ल्याएको) कुश भने वर्ष दिनभरि नै चलन गर्न सकिन्छ । पितृ कर्मको लागि हरियो कुश उत्तम हुन्छ । भदौमा उखेलेको कुशको रङ्ग प्रायश: हरियो नै रहन्छ । यसवेला कुश छिप्पिइसकेको हुँदैन । यो परिपक्व हुँदा पहेंलो रङ्गको बन्दछ । आर्यजातिको परंपरामा तिल, कुश, गाई, तुलसीपत्र र शालिग्राम शिला पवित्र मानिन्छ । पुराणहरुमा यी पाँच पदार्थको माहात्म्य गाइएको छ ।

प्रत्येक महीनामा शुक्ल र कृष्ण दुई पक्ष हुन्छन् । शुक्ल पक्षको अन्तिम तिथि पूर्णिमा देवकार्यको लागि उत्तम मानिन्छ । कृष्ण पक्षको अन्त्यमा आउने अमावस्या पितृको दिन मानिन्छ । अर्थात् सकिन्छ भने प्रत्येक औंसीमा पितृको निम्ति श्राद्ध, पिण्डदान, अन्नदान आदि गर्नुपर्छ भन्ने शास्त्रको मत छ ।

विश्व सभ्यताको अध्ययन गर्दा समस्त जातिमा पितृ पूजाको परम्परा रहेको पाइन्छ । पूजा गर्ने र मानमनितो गर्ने परम्परा भने आ-आफ्ना किसिमका हुन सक्छन् । हाम्रो हिन्दू संस्कृतिमा देव कर्मभन्दा पनि पैत्रिक कर्म श्राद्ध आदिको बढ्ता प्रचलन छ । तीर्थमा पुगेको बेला, सत्पात्र व्यक्ति पाएको बेला, कुनै योग मिलेर पर्व परेको बेलामा श्राद्ध गरिहाल्ने शास्त्रीय वचन पाइन्छ । जस्तै वारुणी योग, महावारुणी, ग्रहण, ठूलो तीर्थमा पुगेको बेला आदि ।

नेपालको खास उपत्यकाभित्र दुइटा आफ्नै निजी परम्पराले व्यापकता लिंदै आएको छ- त्यो हो मातृ औंसी, (चैत्र कृष्ण) र पितृ

औंसी (भाद्र कृष्ण) जसलाई गोंकर्णे औंसी भन्ने चलन छ । औंसी तिथि सबै पितृ तिथि भएकोले त्यस पर्वमा पितृमातृप्रति श्रद्धा राखेर गरिने कर्मको निम्ति कतैवाट कुनै आपत्ति पर्दैन । मरेपछि बाबुआमाका लागि श्रद्धा गरी गरिने श्राद्धभन्दा जिउँदैमा बाबुआमालाई श्रद्धा गरेर गरिने विशेष सत्कारलाई अयोग्य भन्न मिल्दैन । गोकर्णमा चन्द्रभागा र वागमती संगममा श्राद्ध गर्नाले पितृ मोक्ष हुन्छन् भन्ने पौराणिक वचन पाइन्छ तापनि त्यो दिन भाद्र औंसी भनेर नेपाल माहात्म्य बाहेक अन्त किटिएको छैन । जसरी पौषे औंसीमा गयाश्राद्ध गर्ने कुरा किटिएको छैन तापनि अनाजपात थन्क्याइसकिने र फुर्सदको महिनामा पर्ने पुसको औंसीमा तीर्थयात्रा गर्न सजिलो हुँदा नेपालीहरुले त्यसैं औंसीलाई छाने । अब त्यो गया तीर्थ जाने विशेष पर्व नै वनिसकेको छ । गर्मी मुलुकको तीर्थ जाने सुयोग हिउँदै त हो नि ! खेतवारीको काम सकेपछि पर्ने भाद्र कृष्ण औंसी पनि अन्य औंसीभन्दा उपयुक्त समय हो भन्नुपर्छ । उपत्यका वाहिरवाट आउनेहरुको लागि जाडो गर्मी मिलेको यो समयमा बाबुको श्राद्ध सकी घर फर्कदा दशैंको किनमेल गरी फर्कन पाउने सुयोग पनि राम्रै हो ।

शव्द बनेपछि व्याकरण बन्छ । समाजले मानेपछि जात्रापर्व चल्छ, माहात्म्य लेखिन्छन् । गोकर्णे औंसीमा गोकर्णमा पिण्डदान गर्ने र बाबु जिउँदै भए घरैमा मीठा मीठा कुरा ल्याएर पेटभरि खुवाउने यो पर्व नेपाली संस्कृतिको पर्व हो । अर्थात् यस विषयमा हाम्रा आफ्नै धर्मशास्त्र छन्, रीतिरिवाज छन् । राम्रा र असल कुरा कसलाई मनपर्दैन र ! यो संस्कृति उपत्यकाभित्रका केही जातिभित्रको सोचाइमा जन्मेको भए पनि सबैको मन पर्ने भएकोले प्रतिवर्ष विना भेदभाव मौलाउँदैछ, लोकप्रिय हुँदैछ । अझ भनौं भने चेलीवेटीको निम्ति यो अत्यन्त उत्साहप्रद भएर हुर्कदैंछ र केही वर्षभित्र नै चारभञ्याङ नाघेर डाँडाकाँडा, पहाडा-कन्दरामा त यो पुग्ने नै भयो । उपत्यकाभित्र राखीको चलन पसेझैं भारतभित्र यो पर्वको महत्व पस्यो भने पनि कुनै आश्चर्य मान्नुपर्ने छैन ।

औंसी पूर्णिमाको कुनै महत्व थाहा नपाउने जातिहरुको देशमा पनि यो पुग्न सक्छ, किनकि वर्ष दिनमा एक-एक दिन त हो नि बाबुआमा खुवाउनुपर्ने ? अप्ठ्यारो एउटै पर्न सक्छ, निम्तो नपाई बाबुआमाको

घरमा कसरी जाने भन्ने । तर बाबुआमालाई त्यस दिन निम्ता गरेर घरैमा खुवाउन पनि त सकिन्छ नि !

यी कुरा गफ होइनन् । इतिहास काल, अझ भनौं प्रागैतिहासिक कालदेखि यसरी नै विभिन्न संस्कृतिको संगमले नयाँ संस्कृतिको जन्म भएको छ र त्यसका समर्थनमा हाम्रा प्रचुर शास्त्रहरुको निर्माण पनि भएको छ । सांस्कृतिक धरातलको किनारा पक्रेर खोज्दै जाँदा हामी गुफा युगको संस्कृतिलाई पनि रेखाङ्कित गर्न सक्छौं । हिन्दूहरुका सवै धर्मशास्त्र शाश्वत छैनन् । देशकाल, परिस्थितिलाई हेरेर कय्यन् पटक संशोधन र परिवर्तन एवं अभिवर्धन पनि भएका छन् । अब हामीले गोकर्णे औंसीमा वाबुप्रति गरिने श्रद्धाको वारेमा पनि विशेष धर्मशास्त्र बनाई भारततर्फ पठाइदिनुछ ।

❀

माघ महिनामा पर्ने पर्वहरू :

प्रायशः वैदिक धर्मावलम्वीहरुले दान, धर्म, तीर्थ, व्रत आदि धार्मिक कार्य गर्न माघ महिना उत्तम ठान्दछन् । माघे संक्रान्तिदेखि सूर्य उत्तरायण हुन्छन् र सूर्यले उत्तरको मार्ग पक्रेपछि शुभ कार्य गर्ने समय आएको ठानिन्छ । माघ महिनामा ठूलो तीर्थमा पुगी स्नान, दान गर्दा निकै पुण्य मिल्ने कुरा हाम्रा पुराणहरुमा लेखिएको छ । यसकारण माघे संक्रान्तिमा गङ्गा र सागरको सङ्गमको बीच टापुमा तपस्या गर्न बसेका भगवान् कपिल मुनिको दर्शन गर्न भक्तजनहरु नेपालबाट पनि प्रतिवर्ष जाने गर्छन् । मकर संक्रान्तिको दिनमा मात्र समुद्रले कपिलदेवको आश्रमलाई पानी बाहिर पारिदिन्छ र अघिपछि भने कपिलजी समुद्रकै जलभित्र डुवेका हुन्छन् भन्ने लोकोक्ति छ ।

यस्तै लाखौं लाख मान्छेहरुले गङ्गा र यमुनाको सङ्गमस्थल प्रयाग तीर्थमा मकर संक्रान्तिमा स्नान गर्छन् र माघभरि नै प्रयागको स्नान गरी पुण्य कमाउन जोगी, सन्यासी, साधुसन्त र श्रद्धालु भक्तजनहरु कल्पवास वस्तछन् । नेपालीहरुको जमात भने पश्चिम पाल्पा र गुल्मी जिल्लाको दोसाँधमा पर्ने रूरू क्षेत्र (रिडी) मा कल्पवास (माघ महीनाभरि त्यही तीर्थमा बसेर स्नान, दान गर्ने) वस्ने गर्दछन् । भारतीय समाजका लागि प्रयाग तीर्थको जति महत्व छ, त्यसभन्दा रूरू क्षेत्रामा कल्पवास वस्नेको महत्व कम छैन ।

मध्य पश्चिम नेपालको पार्वत्य प्रदेशलाई परिक्रमा गरेर नीलो जलराशी लिएर वग्ने कालीगण्डकीले नेपालको कृषि क्षेत्रलाई त्यति सहयोग नपुर्‍याए पनि धार्मिक आस्था र विश्वासमा समस्त हिन्दू तथा वौद्धहरुलाई ठूलो महत्व प्रदान गर्दछिन् ।

मुक्तिनाथ हिमालबाट वग्ने कालीगण्डकीमा भगवान् विष्णुका अनेक रुप कुँदिएको शालग्राम शिला पाइन्छ । मूर्तिको रुप नकुँदिएको तर विभिन्न चक्रका आकारयुक्त शालग्रामको महत्व समस्त भारतवर्षमा पनि उत्तिकै छ । धर्मशास्त्र, पुराणहरुमा केवल शिवजीको मात्र जलप्रसाद खान

मनाही छ, तर त्यसमा विष्णुरुप शालग्रामको जलप्रसाद मिसिएको छ भने शिवजीको प्रसाद लिएखाएको दोष लाग्दैन । यसकारण भारतका समस्त शिव मन्दिरहरुमा शालग्राम शिलाहरु स्थापना गरिएका हुन्छन् र शिवनिर्माल्यलाई शालग्रामले पवित्र बनाइदिन्छन् अनि जलप्रसाद ग्रहण गरेमा शिवस्व लाग्ने डर हुँदैन ।

दक्षिण भारतका शिव मन्दिरमा पनि शालग्राम राखिएका छन् भने हाम्रा पशुपतिनाथमा पनि शालग्राम स्थापना गरिएका छन् ।

शालग्राम शिला कुँद्ने नदी कृष्णागण्डकी हुन्, जसको माहात्म्य महाभारत र अन्य पुराणहरुमा पनि पाइन्छ ।

कृष्णागण्डकीको शिरमा दामोदर कुण्ड छ, त्यसको तल भगवान् मुक्तिनाथ छन् । मुक्तिनाथ सम्पूर्ण वैदिक धर्म मान्ने र महायानी बौद्धहरुका पनि महामान्य देवता भएकोले दुवै धर्मका अनुयायीहरुले पूजा गर्छन् । गङ्गाजीको ढुङ्गो नकुँदी देवता हुँदैन । तर कृष्णाको ढुङ्गा सबै देवता छन् ।

रूरू तीर्थ (रिडी खोला र कालीगण्डकीको सङ्गम) मा पनि शालग्राम शिला प्रशस्त पाइन्छन् । रूरू क्षेत्रका आराध्यदेव भगवान् ऋपिकेशको मूर्ति शालग्राम शिलामा रुपाङ्कन गरिएको छ । यो मूर्ति पाल्पाका प्रतापी राजा मुकुन्द सेनले कालीगण्डकीको जलभित्र फेला पारेर स्थापना गरेका थिए । उनलाई मणि मुकुन्द सेन भन्ने गरेको सुनिन्छ । तर उनी मणि होइन, मुनि मुकुन्द सेन नामले प्रसिद्ध थिए । उनी धर्मात्मा, उद्यमी, सम्राट, दानी र महात्मा थिए र जीवनको अन्तिम अवस्थामा मुनि जीवन बिताई देवघाटमा बसेका थिए । त्यहाँ पनि उनले स्थापना गरेका मुकुन्देश्वरको साथै उनको पनि पूजा गरिन्छ । देवघाटमा नै उनी समाधिस्थ भए ।

रूरू क्षेत्रको जस्तै देवघाटको माहात्म्य पनि पुराणमा वर्णन गरिएको छ र त्यहाँ पनि माघ महिनाभरि स्नान, दान गरेको पुण्य पुराणले बखान गर्दछन् । आजभोलि देवघाटमा पनि कल्पबास बस्ने श्रद्धालु भक्तजन प्रशस्त हुन्छन् । त्यहाँ सातै गण्डकी जम्मा हुन्छन् । 'नजीकको तीर्थ हेला' भन्ने उखान छ । हामी पशुपतिनाथ छाडेर केदार

जान्छौं । रूरू क्षेत्र छाडेर प्रयाग जान्छौ । तर भारतवासीहरु भने पशुपतिको दर्शन गर्न मरिमेट्छन् र मुक्तिक्षेत्र पनि पुग्छन् ।

हाम्रो पुरानो परम्परामा चल्ने बार्हस्पत्य सम्वत् माघ संक्रान्तिदेखि नै शुरु हुन्छ र माघ-फागुनदेखि आषाढसम्मका उत्तरायणमा विवाह, व्रतवन्ध, गृहनिर्माण, तीर्थयात्रा आदि उत्तम काम गर्ने साइत हुन्छ । हाम्रो देशका पुराना वासिन्दा माझी जातिको माघ महिनाको बुधबार नभई विहा हुँदैन र माघको वुधवार पारेपछि अरू साइत चाहिँदैन ।

माघको नवरात्र

तान्त्रिक परम्पराभित्रका केही ब्रत र उपासना एवं पर्व, जात्रा गर्ने पनि नेपालमा चलन छ । तन्त्रशास्त्र अनुसार भगवतीको उपासनाका लागि वर्षभरिमा चार नवरात्रको महिमा बखान गरिएको छ । हाम्रो धार्मिक परम्परा र चान्द्रमानको हिसावले चैत्र शुक्ल परेवाको दिनदेखि नयाँ वर्ष शुरु हुन्छ । शाके संवत् यसै बेला शुरु हुन्छ, जसको प्रचलन लिच्छविकालदेखि नै यहाँ चलेको हो । यही संवत्लाई आधार बनाएर ज्योतिषशास्त्रहरुको निर्माण भएको छ र नेपाल संवत्को आधारशिला पनि शक संवत् नै हो ।

चैत्र शुक्ल प्रतिपदादेखि शुरु हुने शक संवत्को उदयदेखि एउटा नवरात्र ब्रत पनि शुरु हुन्छ जसलाई हामी चैते दशैंको नाउँले चिन्दछौं । यसको प्रचलन नेपालमा अद्यावधि छँदैछ । यसबेला परेवादेखि नै घरघरमा देवीको पूजापाठ गर्ने, शक्तिपीठको दर्शन गर्ने र अष्टमीका दिन देवीका मन्दिरमा र कोतका मौलामा बलिदान गरी दुर्गालाई खुशी पार्ने नेपालको पुरातनकालदेखि नै चलेको चलन हो । अर्को नवरात्र, आषाढ शुक्ल परेवादेखि नौ दिनसम्म भगवतीको उपासना गर्ने पर्व भनेर उल्लेख भएको पाइन्छ । परन्तु यसको चलन चल्न सकेको छैन । आषाढ महिना खेतीपाती गर्ने मुख्य महिना भएकोले गृहस्थीहरुका लागि ब्रत उपासना गर्ने फुर्सद रहँदैन र यसको चलन चल्न सकेन । तेस्रो नवरात्र आश्विन शुक्ल परेवादेखि शुरु हुन्छ जसलाई हामी बडादशैं भनेर धूमधामसाथ मनाउँछौ । प्रायशः तीर्थ, ब्रत, पूजा, उत्सवको महत्व काम सकिएको

फुर्सदको बेलामा हुन्छ । वर्षा याममा गरिने खेतीको काम सकिएपछि हाम्रो चाडपर्व पनि शुरु हुन्छ । भदौमा इन्द्रजात्रा, असोजमा दशैंको पर्वको उत्सव यसै कारणले महत्वपूर्ण बनेका छन् ।

कार्तिक कृष्णमा पर्ने तिहार पनि जाडो गर्मी मिलेको धान पाक्ने बेलाको पर्व भएकोले महत्वपूर्ण नै हुन्छ । त्यसपछि बालीनाली काट्ने, उठाउने बेला हुन्छ र त्यसपछि शीत ऋतुको जाडो पर्व पूजाको निम्ति उपयोगी हुँदैन ।

माघे संक्रान्तिदेखि अनि पर्वहरु शुरु हुन्छन् । माघको शुक्लपक्षको परेवादेखि चौथो नवरात्र भगवतीको पूजा उपासना गर्ने दिन भनेर मानिएको छ ।

शास्त्रमा नवरात्रपर्व भनेर उल्लेख भए तापनि समाजमा भने यो चल्न सकेन । पूजा, ब्रत बस्ने पर्वहरुमा स्नान, जप, पाठ गर्नु अनिवार्य हुन्छ र बालक, बृद्ध पनि सकेसम्म ब्रत, उपासना गर्न तम्सन्छन् । हिउँ पर्ने महिना, निकै जाडो हुने ऋतु हुँदा माघमा पर्ने नवरात्र फुर्सदकै बेलामा पर्ने भए पनि लोकप्रिय हुन सकेन । अत: शाक्त साधकहरुको निम्ति मात्रै यसको उपयोगिता रह्यो, सार्वजनिक हुन सकेन ।

तान्त्रिक परम्पराको पालना गर्ने नेपालमा पनि माघमा पर्ने नवरात्र पर्व धेरैजसोलाई थाहा छैन । किन्तु माघे संक्रान्ति, श्रीपञ्चमी, औंसी र स्वस्थानी पूर्णिमा आदि दुई चार पर्वहरूको मान्यता भने जीवन्त छ । एक वर्षमा दुई पटक चैत्र र आश्विनमा दशैं पर्व मानेर भगवतीको उपासना गरिने हुनाले अरु दुई नवरात्र गौण हुन गएको थाहा हुन्छ ।

हिन्दूहरुका धर्मशास्त्र अनुसार सबै महीना, सातै वार, सबै तिथिहरु कुनै न कुनै देवताको पूजा गर्ने, ब्रत बस्ने पर्वकै रुपमा उल्लेख भएकोले व्यक्ति एवं समाजले त्यसमध्येका महत्वपूर्ण तिथि, वार र विशेष संयोगका दिनहरुलाई मात्र स्वीकार गरेको पाइन्छ ।

माघे औंसी

नेपालमा माघ कृष्ण औंसी पर्वको दिन माधव-नारायणको मेला लाग्ने परम्परा छ । औंसीको दिन सोमवार पर्‍यो भने ठूलो पर्व परेको मानिन्छ ।

नेपालमा माघ महीनाभरि व्रत बस्ने धार्मिक व्यक्तिहरु विहानै उठेर गौरीघाटको स्नान गरी भगवान् किरातेश्वर महादेवको दर्शन र पूजा गर्दछन् । महीनाभरि नै यो क्रम चल्दछ । स्कन्दपुराण अन्तर्गतको हिमवत्खण्डमा माघस्नान र किरातेश्वरको दर्शन र पूजाआजा गर्नाले शिवलोक प्राप्त हुने कुरा लेखिएको छ । आजभोलि पनि केही व्यक्तिहरुले यो व्रत गर्दैछन् ।

यस्तै माघ महीनाभरि स्नान गरी भगवान् विष्णुको व्रत बस्नेहरु भने साँखुका माधवनारायणको दर्शन र पूजा गर्दछन् र विष्णुका लागि नै कल्पवास बस्ने गर्दछन् । नेपाल उपत्यकाभित्रका देवीदेवताहरुको जात्रा उत्सव गर्दा धेरैजसो देवताहरु खटमा राखी भगवान् पशुपतिनाथमा ल्याउने परम्परा छ । यसै नियमअनुसार माघ कृष्ण चतुर्दशीका दिन साँखुका भगवन् माधवनारायणको रथयात्रा शुरु गरिन्छ र वाजागाजाका साथ कीर्तन गर्दै प्रशस्त श्रद्धालु भक्तजन मिलेर ठूलो जुलुससाथ माधवनारायणलाई खटमा राखेर भगवान् पशुपतिको सन्निकटमा ल्याई सत्तलमा राखिन्छ । रातभरि जाग्राम र कीर्तन गरी भक्तजनहरुले उत्सव मनाउँछन् ।

भोलिपल्ट औंसीका दिन प्रात:कालमा माधवनारायणलाई आर्यघाटमा लगेर स्नान गराइन्छ । श्रद्धालु भक्तहरुले पनि आर्यघाटमा स्नान गरी नारायणको पूंजा गर्छन् र रथमा नारायणलाई राखी पशुपतिको दर्शन गराई तीन पटक रथले मन्दिरको परिक्रमा गराई वाजागाजा साथ नारायणको रथ (खट) साँखुतर्फ लगिन्छ । यो विशेप यात्रा र पर्व नेपालीहरुको मात्र हो ।

औंसीको दिन सोमबार परेको छ भने हिन्दू धर्मशास्त्रअनुसार पुण्यकाल मानिन्छ । सोमवारी औंसीको ब्रत गर्नेहरुले विहानै उठी नबोलीकन स्नान गर्नुपर्छ भन्ने कुरा माहात्म्यमा लेखिएको छ । सोमवती औंसीको दिन विहानै उठेर स्नान गरी पीपलको रुख नजीकमा विष्णुको आवाहन र पूजा गर्नु र पीपलको पनि पूजा गरी हातमा रत्न, फलफूल, सखर लिएर १०८ प्रदक्षिणा गरी प्रणाम नमस्कार गर्नु, हविष्यान्न (चोखो अन्न, फलहरु) खाएर व्रत गरेमा मृत्युलाई पनि वश गर्न सकिन्छ । सोमवारे औंसीका व्रतको प्रभावले मरेकालाई जिलाउन सकिन्छ भनेर

भीष्मपितामहले युधिष्ठिरलाई बताएकोले अश्वत्थामाको ब्रम्हास्त्रले गर्भमा मरेका बालकलाई प्राण हाल्न उत्तराले यो ब्रत गरेकी थिइन् । भविष्य पुराणको कथनअनुसार सोमबारे औंसीलाई संजीवनी ब्रत भनिन्छ ।

यो ब्रत गर्नेहरुले ब्रत बसेका दिन रुओ र मूला छुनु हुँदैन । नेपालको पूर्वी पहाडका केही क्षेत्रमा सोमवारी औंसीको नियमपूर्वक ब्रत गर्ने परम्परा छ । औंसीको दिन सोमबार पर्‍यो भने त्यस दिन गरेको दानपुण्य सूर्यग्रहण पर्वमा गरेको भन्दा बढी फलदायी हुन्छ भनेर महर्षि शङ्खले भन्छन् भने स्कन्दपुराणको काशीखण्डमा चाहिं सोमवती औंसीमा श्राद्ध गर्दा पुष्करतीर्थ, गयातीर्थमा श्राद्ध गरेको फल पाइन्छ भनेको छ ।

सोमवारी औंसीका दिन स्वर्ग, मर्त्य, पातालका समस्त तीर्थहरु पृथ्वीका नदीहरुमा बस्न आउँछन् भनिएको छ । अर्थात् सोमवारी औंसीका स्नानको बेलामा समस्त तीर्थ स्मरण गरी स्नान गर्नाले सवै तीर्थ स्नानको फल पाइन्छ । यसै दिन बुटवल क्षेत्रमा त्रिवेणी स्नान गर्ने ठूलो मेला पनि लाग्दछ ।

उपत्यकाको सांस्कृतिक परिवेशमा बिस्केट र अन्य जात्रा

नेपालको सांस्कृतिक परम्परा एवं परिवेश आफ्नै किसिमको छ । यहाँ चाडपर्व, जात्रा-उत्सवहरू पनि छुट्टै किसिमका छन् । त्यसमा पनि उपत्यकाका तीन शहरमा मनाइने राष्ट्रिय पर्वहरूको आधार पनि अलग छन् ।

भक्तपुरमा चैत्र मसान्तमा विस्केटको लिङ्गो उभ्याइन्छ र वैशाख संक्रान्तिका दिन ढालिन्छ । लिङ्गो ढलेपछि पनि ३/४ दिन अरू जात्रा उत्सवहरू हुन्छन् र ६ गते मात्र जात्राको समाप्ति हुन्छ । यस जात्रालाई बिस्केट, विसक्यात वा विश्वजात्रा भन्ने चलन छ । किम्बदन्तीअनुसार प्रत्येक रात राजा मर्ने र भोलिपल्ट नयाँ राजा थाप्नुपर्ने स्थिति आइलाग्यो । नयाँ थपिएका राजा रानीसँग खोपीमा सुतेका बेला रानीको नाकबाट सर्प निस्केर राजालाई डस्तथ्यो र विहान राजा मरिराखेका हुन्थे । विहानै जनताले मुर्दा लैजाने खट लिएर राजदरवार पुग्दथे र मृत राजाको सतगति गरी नयाँ राजा खोजेर स्थापना गर्थे । एक पटक राजा हुने व्यक्ति बुद्धिमान् परेछन्, खोपीमा राती तरवार लिई जागै बसे । आधा रातमा रानीका नाकबाट निस्केको सर्पलाई दुई टुक्रा पारेपछि उनी बाँचिरहे । बिहान मुर्दाखट लिएर जाने व्यक्तिहरूले राजा जिउँदै देखी खट लुकाएर सलाम बजाए । त्यही राजा मार्ने सर्पको कथाको संझनामा लिङ्गो ठड्याउने चलन चल्यो । त्यो मुर्दा बोक्ने खट आज पनि प्रदर्शन गरिँदैछ । अर्को लोकोक्तिअनुसार, कुनै समयमा शेखर आचाजु भन्ने तान्त्रिक थिए । उनले शत्रुसेना धपाउन राजाज्ञा लिएर आफू समेत धेरै बाघ जन्माएर शत्रु धपाए । पछि उनले राजाको हातमा छाडेर गएका अक्षता बाघहरूलाई हानिदिएपछि सबै मान्छेको रूपमा आए । त्यो थाहा पाएपछि उनकी श्रीमतीले उनी अजिङ्गर भएको रूप हेर्न जिद्दी गरिन् । शेखर हार मानेर मन्त्रको अक्षता हान्नु भनी अराएर अजिङ्गर बने ।

अजिङ्गर देखेर उनी डराइन् । मान्छे हुने अक्षता हानिदेलिन् भन्ने आशाले अजिङ्गर बनेका शेखर आचाजू स्वास्नीको नजिक आउन थाले, तर उनी भागिन् । भाग्ने हडबडीमा मन्त्रेको अक्षता मुखमा हालिछन् र उनी पनि पोथी अजिङ्गर भइन् । यो कुरा कसैले थाहा पाएनन् । मान्छे हुने अक्षता कसैले हानिदिने आशा मरेपछि भद्रकालीका पीठ नगीच पुगेर दुवैले आत्महत्या गरे । त्यसपछि राज्यमा अकाल पर्‍यो । गुरू खोज्न जाँदा उदाङ्गो घर र त्यहाँबाट अजिङ्गर घस्रँदै गएको डोब देखे । गुरू अजिङ्गर भई मरेको थाहा पाएर राजाले शोक गरे । राजाले गुरूको गुन पछिकाले पनि थाहा पाऊन् भनी बिस्केट (बिसक्यात) जात्रा चलाए ।

उपर्युक्त लोककथामा कति सत्यता छ, त्यो भन्न सकिंदैन । तर यस जात्राका मुख्य देवता आकाशभैरव छन् । भैरव शिवको रूप हो र भैरवको रथ घुमाई लिङ्गो खडा गर्ने ठाउँमा पुर्‍याएपछि लिङ्गो ठडयाइन्छ। यस लिङ्गमा अष्टमङ्गल र अन्य वैदिक तथा तान्त्रिक मङ्गल चिन्ह अङ्कित भएका दुइटा लामा पताका झुण्डयाइन्छ । यी पताकाको नाउँ वीरध्वजा भनिएको पाइन्छ ।

भैरव पनि तान्त्रिक देवता हुन् र शिवको कल्याणकारी र भीषण रूप पनि । परम शिवतत्वमा पुग्न योगी सिद्धहरूले कुण्डली जगाएर षड्चक्र भेदन गरी सहस्रारचक्रमा प्राण पुर्‍याउँछन् । मेरूदण्डको दुईपट्टि रहेका इडा र पिङ्गला एवं सुषुम्णा नाडीहरूबाट प्राणवायुको ओहोर दोहोर गराउने क्रियालाई योग भन्दछन् । योग र तन्त्रको गाढा सम्बन्ध छ । यसैले योगको प्रतीकरूपमा यो ध्वजापताका रहेको अनुमान हुन्छ । पछिल्लो धर्मशास्त्र ग्रन्थमा विश्वजात्रा गर्ने प्रसङ्ग पाइन्छ । विक्रम सम्वत् शुरू हुने वैशाख संक्रान्तिको वर्ष गणना गर्ने चलन नेपालमा धेरै पछि शुरू भएको भए तापनि वर्षभरि सुभिक्ष होस्, शान्ति होस् र निरोगिता होस् भन्ने कामनाले विश्वध्वजा खडा गर्ने कुरा उल्लेख भएको पाइन्छ । किन्तु यो ध्वजाको नाउँ बिस्केट रहेको चाहिं वृषकेतु - विसकेत - बिस्केट भएको हुनुपर्छ । वृषकेतु शिवध्वजा हो । यसैले पछि विश्वध्वजाको नाउँ पाएको अनुमान हुन्छ ।

बिस्केट जात्रापछि मनाइने ठिमीका अन्य जात्राहरू

धार्मिक परम्परालाई अँगाल्दै संस्कृति विकसित भएको छ । नेपालको तीन शहर र त्यसको आसपास धार्मिक कुरालाई मान्यता दिएर चलेका परम्पराहरू थुप्रै छन् । भक्तपुरको बिस्केट जात्रा वैशाख ५ गते सकिन्छ । किन्तु लिङ्गो उभ्याउने चैत्र मसान्तको दिन र लिङ्गो ढाल्ने वैशाख १ गतेको दिन लाग्ने जात्रा हो ।

लिङ्गो ढालेको जात्रा हेरेर फर्केका व्यक्तिहरू जम्मा भई त्यही १ गते रातीदेखि ठिमी (मध्यपुर) का देवीदेवताको जात्रा गर्ने तयारीमा लाग्छन् । २ गते बिहान ठिमी बालकुमारी, सिद्धकाली, दक्षिण बाराही, हरिसिद्धि, महालक्ष्मी, श्रीनारायण आदि देवताहरू, टोल-टोलका गणेशहरू समेत बत्तीस देवता आ-आफ्नो खटमा राखेर देश परिक्रमा गर्छन् । लायकु (राजकुल) दरबारबाट १ गते नै श्री बालकुमारीलाई बाहिर निकाली धुमधामसँग पूजा गर्छन् । दक्षिण बाराही, हरिसिद्धि, पजिमा द्यौः पनि त्यहाँ चलाइन्छ ।

टोल-टोलका देवताको खट अनेक किसिमका बाजागाजाका साथ घुमाइन्छ र फूल, लावा, अबीर, सिन्दूर बर्षाएर पूजा गर्छन् ।

१ गते नै बाहिर निकालेका देवीदेवताको पहिले टोल-टोलमा नै पूजा हुन्छ । यसै रात नगदेशका गणेशलाई पनि बाहिर ल्याई पूजा गरिन्छ । रातभरि गीत, भजन, वाद्यवादनले जात्रा रमणीय हुन्छ भने भोजभातको उत्सवले सबैलाई मस्त बनाइदिन्छ । २ गते बिहान नगदेशका बालकुमारी देवीबाट सन्निकट जम्मा भएर बत्तीस देवीदेवताका खट चिराग बालेर पंक्तिबद्ध रूपमा घुमाइन्छ । झल्लरी छाता ओडाउनु, चम्मर घुमाउनु, पंखा हम्कनु यहाँका जात्राको विशेषता हो । फुस्रो सिन्दूरको होली खेलेर सबै यात्रु रङ्गिएका हुन्छन् । बालकुमारी स्थानबाट शुरू भएको जात्रा दुग्धपोखरी घुमाइसकेपछि ठिमी लायकु दरबारमा देवताहरू भित्र्याइन्छन् । अनि अरू देवताको खट पनि त्यहाँबाट उठाई आ-आफ्ना स्थानमा पुगेर जात्रा सकिन्छ ।

जिब्रो छेड्ने जात्रा

यो जात्रा सकेपछि ठिमीभन्दा उत्तरपट्टिको बोडे देशमा जिब्रो छेड्ने जात्रा शुरू हुन्छ । चार दिन अघिदेखि शुरू भई निष्ठामा बसेको व्यक्तिको

तान्त्रिक विधिद्वारा सुइराले जिब्रो छेडिन्छ, सुइरो मुखैमा हुन्छ । त्यस व्यक्तिलाई आठवटा झरिला चिराख बालिएको खट बोकाई घुमाउँछन् । यहाँ पनि दर्शक यात्रुहरूको ठूलो भीड लाग्छ ।

यसको कथा यस्तो छ– अघि यो देशमा राक्षसले जनतालाई दुःख दियो । भगवती बालकुमारीबाट जनतालाई सुबिस्ता होस् भनी एउटा तान्त्रिकलाई सपनामा आज्ञा भयो– "एउटा पवित्र र कुलीन मान्छेलाई बोलाई तान्त्रिक विधिले जिब्रो छेडेर जात्रा गरी घुमाऊ । यस देशका मान्छे पराक्रमी छन् भनी राक्षसहरूले दुःख दिन छाडिदिने छन् ।" बालकुमारीको आज्ञाबमोजिम वैशाख दुई गतेका दिन शुरूमा यो विधान गरियो । राक्षस भागे, देशमा शान्ति भयो । त्यसपछि यसको परम्परा चल्यो, यो आज पनि जिब्रो छेड्ने जात्राको नाउँले प्रसिद्ध छ ।

बडो धुमधामका साथ आठ चिरागले सज्जित खटले देश परिक्रमा गरी नगदेशकी प्रसिद्ध महालक्ष्मीका स्थानमा पुगेपछि यो जात्राको समाप्ति हुन्छ । जिब्रो छेडिराखेको सुइरो महालक्ष्मी स्थान पुगेपछि झिकिन्छ र त्यस ठाउँमा महालक्ष्मीको धूलो माटोले घाउमा दलिदिएपछि निको हुन्छ, अरू औषधि उपचारको आवश्यकता पर्दैन । जिब्रो छेडिमाग्ने व्यक्ति आफूलाई सौभाग्यशाली ठान्छ र यस खुशीयालीमा उसले आफन्तलाई बोलाएर भोज पनि खुवाउँछ ।

श्री महालक्ष्मीसँग सम्वन्धित यो जात्रा, जिब्रो छेड्ने जात्राको नाउँले नै प्रसिद्ध छ । यो हाम्रो संस्कृति हो, बाँचिरहोस्, यही कामना छ ।

A453

कुलचन्द्र कोइराला : संक्षिप्त परिचय

जन्म वि.सं. १९८५ जेठ ९ गते
निधन वि.सं. २०५० जेठ १४ गते

कुलचन्द्र कोइराला संस्कृति र साहित्यका विशिष्ट अध्येताका साथै उहाँ यी दुवै क्षेत्रमा समान प्रतिस्पर्धात्मक रूपले कलम चलाउन सक्षम हुनुहुन्थ्यो । संस्कृतिका फाँटमा गहकिला ग्रन्थ लेख्नुका साथै उहाँ जीवनको अन्तिम अवस्थासम्म यसैमा साधनारत रहनुभयो । उहाँ कविता, कथा, लेख-निबन्ध, संस्मरण, खण्डकाव्य, समालोचना आदि साहित्यका विविध विधामा आजीवन सिर्जनारत रहनुभयो । संस्कृति र साहित्य विषयमा लेखिएका उहाँका कृतिहरू अझ थुप्रै अप्रकाशित छन् ।

बहुमुखी प्रतिभासम्पन्न स्वर्गीय कोइरालाको व्यक्तित्त्व र कृतित्त्व नेपाली साहित्य र संस्कृतिका क्षेत्रमा सधैं स्मरणीय छ । प्रखर लेखनशक्ति, गहनभन्दा गहन विषयवस्तुमा पनि सरल, सहज र त्यत्तिकै आकर्षक प्रस्तुति उहाँको लेखन-सिर्जनको विशेषता हो । हरेक सांस्कृतिक लेखनमा पाइने मौलिक चिन्तन उहाँको महत्त्वपूर्ण पक्ष हो ।

स्व. कोइरालाका प्रकाशित कृतिहरू-

संस्कृति र इतिहासतर्फ

१. इन्द्रजात्रा
२. नेपालको सांस्कृतिक परम्परा र राजमुकुट
३. पूर्व २ नं. को क्रान्तिको इतिहास
४. कोइरालाहरू कहाँबाट आए ?
५. वैष्णव सम्प्रदाय र नारायण मन्दिर
६. नेपालका आराध्यदेव भगवान् श्रीपशुपतिनाथ
७. नेपाली सांस्कृतिक जात्रापर्व

साहित्यतर्फ

१. मेघदूत (तत्सम छायानुवाद)
२. भृकुटी (खण्डकाव्य)
३. एक पैसा (कथा-संग्रह)
४. बाजेपुराण (हास्यव्यंग्य निबन्ध)
५. कुलचन्द्र कोइरालाका कविताहरू
६. यात्रा लामावगरको (यात्रानिबन्ध-संग्रह)
७. नबिर्सिने क्षणहरू (संस्मरण-संग्रह)
८ मलाई तिमी सम्झनै छाडिदेऊ (गीत-संग्रह)

मूल्य- ५०।-